*पहिलो परिच्छेद*

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'नेवारपानी' खण्डकाव्यको कृतिपरक अध्ययन रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको हो ।

## १.३ विषय-परिचय

वि.सं २०११ साल श्रावण २४ शुक्लनवमीमा धादिङ नेवारपानी, सुनौलाबजार गा.वि.स.मा पिता लीलानाथ दाहाल र माता बालकुमारी दाहालका पुत्ररत्नका रूपमा कवि रामहरि दाहालको जन्म भएको हो । त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०३५ सालमा संस्कृत साहित्य विषयमा विशिष्ट श्रेणीमा आचार्य उत्तीर्ण गरेका दाहाल हाल नेपाल-संस्कृत-विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ (क्याम्पस) काठमाडौंमा साहित्य विषयको सह-प्राध्यापकका रूपमा प्राध्यापनरत छन् । सरदार सोमप्रसाद पुरस्कार (२०३६), महेन्द्रविद्याभूषण 'ख' (२०३८), शिक्षा पुरस्कार (२०४९) जस्ता विभिन्न पुरस्कारद्वारा सम्मानित दाहाल विभिन्न संघ-संस्थामा आबद्ध रहेका छन् । दाहालका नेवारपानी (२०५८), शान्तिको खोजी (२०५८) र सावित्री (स्मृतिकाव्य २०६०) जस्ता खण्डकाव्यात्मक कृतिहरू प्रकाशित भइसकेका छन् । यस्तै उनले शिवमहापुराणको संयुक्त अनुवाद गर्नुका साथै पारस्करगृह्यसूत्रम्को सम्पादन पनि गरेका छन् । यसका अतिरिक्त गोरखापत्र, कान्तिपुर, मधुपर्क, हिमालय टाइम्स, ऋतम्भरा,

मर्यादा, जयतु संस्कृतम् आदि पत्र-पत्रिकामा विभिन्न फुटकर रचनाहरूको पनि प्रकाशन गराइसकेका कविको यो नेवारपानी खण्डकाव्य प्रकृतिकाव्यका रूपमा देखिन्छ । यसमा कविले नेवारपानी स्थलको प्राकृतिक वर्णन गर्नुका साथै आफूले प्रकृतिसाग लगाएको मितेरीको उल्लेख गरेका छन् । त्यसकारण प्रस्तुत शोधपत्रमा यसै सेरोफेरोमा दाहालको नेवारपानी खण्डकाव्यको कृतिपरक विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

आधुनिक नेपाली कविताको समसामयिक धारामा स्वच्छन्दतावादी कविका रूपमा देखा परेका हुन् कवि रामहरि दाहाल । दाहालको कवित्वको पूर्वसन्ध्यामा प्रकाशित नेवारपानी खण्डकाव्यको महत्त्वपूर्ण स्थान रहेको छ ।

कवि दाहालको नेवारपानी खण्डकाव्यको सुष्ठु विश्लेषण आजसम्म हुन सकेको छैन । दाहालको कविता यात्राको विश्लेषण गर्ने क्रममा केही फुटकर कविता तथा खण्डकाव्यको सीमित कोणबाट भने अध्ययन नभएको होइन तर सामान्य अध्ययनबाट कृतिको उत्कृष्टता र निकृष्टताको निर्क्यौल हुन नसक्ने कुरा स्पष्टै छ । खण्डकाव्यजस्तो भावपरक र अत्यन्त गम्भीर साहित्यिक विधाका बारेमा विस्तृत अध्ययन विश्लेषण नगरी कुनै निष्कर्ष दिन नसकिने र नेपाली साहित्यमा नवोदित खण्डकाव्यकार दाहालको प्रभातकालीन खण्डकाव्य नेवारपानीको आजसम्म विस्तृत अध्ययन नहुनुले समस्यालाई झनै टड्कारो तुल्याइदिन्छ । त्यसैले खण्डकाव्यतत्त्वका आधारमा नेवारपानी खण्डकाव्यको विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको मुख्य समस्या रहेको छ । साथै निम्न समस्याहरू पनि मूल समस्यासाग सम्बन्धित भएर रहेका छन् -

(क) खण्डकाव्यतत्त्वका आधारमा नेवारपानी खण्डकाव्य कस्तो छ ?

(ख) नेवारपानीमा खण्डकाव्यकार दाहालका के -कस्ता काव्य प्रवृत्तिहरू पाइन्छन् ?

(ग) दाहालका अन्य खण्डकाव्यको सापेक्षतामा नेवारपानी खण्डकाव्यको स्थान कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

खण्डकाव्यकार रामहरि दाहालको नेवारपानी खण्डकाव्यको खण्डकाव्यतत्त्वका आधारमा विश्लेषण गरी नेपाली साहित्यको खण्डकाव्यपरम्परामा उनको मूल्याङ्कन एवं उनका

खण्डकाव्यमा पाइने विशेषताहरूको पहिचान गर्नु यस शोधपत्रको मूल उद्देश्य रहेको छ। बुँदागत रूपमा प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्न रहेका छन् -

(क) खण्डकाव्यतत्त्वका आधारमा नेवारपानी खण्डकाव्यको विश्लेषण गर्नु ।

(ख) नेवारपानी खण्डकाव्यका आधारमा दाहालका प्रवृत्तिहरू ठम्याउनु ।

(ग) दाहालका अन्य खण्डकाव्यका सापेक्षतामा नेवारपानी खण्डकाव्यको मूल्याङ्कन एवं स्थान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

रामहरि दाहालले नेपाली साहित्यका कविता, कथा, निबन्ध आदि विविध विधामा कलम चलाएका छन् । उनले नेपाली साहित्यमा फुटकर कवितादेखि खण्डकाव्यसम्मको यात्रा गरेका छन् । उनका केही कविता, केही कथा, केही निबन्ध तथा समसामयिक लेखरचनाहरू प्रकाशित भएका छन् । उनका पुस्तकाकार कृतिका रूपमा हालसम्म तीनवटा खण्डकाव्य प्रकाशित भएका छन् र ती हुन्- नेवारपानी (२०५८), शान्तिको खोजी (२०५८), र सावित्री (२०६०) ।

दाहाल संस्कृत साहित्यबाट प्रभावित कवि हुन् । पूर्वीय संस्कृत दर्शनको प्रभाव दाहालका कृतिहरूमा प्रशस्त रूपमा भेटाइन्छ । यति हुँदाहुँदै पनि दाहालका सिङ्गा कृतिका रूपमा रहेका शान्तिको खोजी, नेवारपानी र सावित्रीजस्ता खण्डकाव्यहरूभित्र मौलिकता भेट्टाइन्छ । यसैकारण उक्त काव्यहरूका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्ना तर्फबाट टीका-टिप्पणीहरू अभिव्यक्त गरेका छन् । यहाँ नेवारपानी खण्डकाव्यका सम्बन्धमा समीक्षकहरूले राखेका धारणाहरूलाई प्रस्तुत गरिएको छ ।

२०५८ मंसिरमा नेपाल प्रतिभा उन्नयन प्रतिष्ठान काठमाडौँद्वारा प्रकाशित नेवारपानी भित्रको लेख 'नेवारपानीमाथि एक समीक्षात्मक बयान'मा कृष्ण गौतमले भनेका छन् - "श्री रामहरि दाहालले आफ्नै जन्मस्थानलाई समातेर नेवारपानी नामक काव्यको रचना गर्नुभयो । काव्यको अध्ययन गर्नेले सजिलै के थाहा पाउँछ भने उहाँमा राम्रो कवि हृदय छ । उक्त काव्यमा कविले मनोगत प्रभावलाई आफ्नो कलात्मक कल्पनाद्वारा जीवन्तता प्रदान गरेका छन् र लिपिबद्ध गरेर काव्यको रूपमा हामीलाई दिएका छन् । नेवारपानी यथार्थतः कविको मनलाई शान्ति दिने मनोवैज्ञानिक पङ्खा हो । कवि प्रस्तुत काव्यमा रुमानी, आदर्शवादी, नैतिकताप्रेमी मानवताको हितैषी बनेको कुरा प्रष्ट देखिन्छ । महान् रुमानी कविहरू चाहे वडस्वर्थ हुन् चाहे ह्युगो, चाहे देवकोटा हुन्, चाहे सिद्धिचरण हुन्, सबैले प्रकृतितिर आफूलाई लगेका छन् र शान्तिको खोज गरेका छन् । त्यस्तै नेवारपानी काव्यमा नेवारपानीका प्रकृति, पशुपंक्षी र

मान्छेका विभिन्न रूप र अवस्थाको चित्रण गर्दै कविले गाउालाई विविध तथ्यमा सम्भाएका छन् । ती मित्रहरूलाई ती अपरिचित साथीहरूलाई जो घरबाट टाढिएका छन्, जो गाउाबाट उखेलिएका छन्, जो विदेशिएका छन्, म यो सल्लाह दिन चाहन्छु कि नेवारपानी एउटा त्यस्तो अनन्य मित्र हुनसक्छ जस्तो कि ज्ञानको चेतनाका निम्ति गीता हुनसक्छ ।"

नेपाल समाचारपत्र दैनिक २०५८ माघ १३, शनीबासरीय सौगातमा 'दाहालको दुई खण्डकाव्य' शीर्षकमा भनिएको छ - "महेन्द्रसंस्कृत-विश्वविद्यालयमा प्राध्यापन गर्ने रामहरि दाहालले पहिलो प्रयासमै २ वटा खण्डकाव्य प्रकाशित गराए-शान्तिको खोजी र नेवारपानी । दुवै काव्य छन्दोबद्ध छन् । आफू जन्मेको ठाउा सबैभन्दा प्यारो हुन्छ भन्ने उक्ति जस्तै वर्णन उनको यो नेवारपानी काव्यमा पाइन्छ । प्रकृति, पशुपंक्षी र मान्छेका विभिन्न रूप र अवस्थाको चित्रण गर्दै कविले उक्त काव्यमा गाउालाई विविध पक्षमा सम्भाएका छन् ।"

हेमराज ज्ञवालीले २०५८।१०।१७४ कान्तिपुर दैनिकमा 'नेवारपानी भित्र एकछिन रमाउादा' शीर्षक लेखमा भनेका छन् - "वर्णमात्रिक छन्दमा रचना गरिएको नेवारपानी काव्यको प्रथम विषय परिवेशअन्तर्गत नेवारपानी ठाउा र त्यस वरपरको गाउा, पहाड, नदीनाला, वनजङ्गल, घर, खेत, आदिका बारेमा मनै छुने १५२ पद्यहरू पढ्न पाइन्छन् । संस्कृत विद्या अध्ययन र अध्यापन गर्ने संस्कृत विद्याामा पारङ्गत, विख्यात कविले आफ्नो जन्मभूमि नेवारपानीको सम्भनामा मिठासपूर्ण काव्यको रचना गर्नु भएर सबै पाठकलाई नेवारपानी बारे उत्सुकता जगाइदिनुभएको छ । आकारमा सानो भएर पनि यस काव्यका हरेक श्लोक दोहोऱ्याई तेहऱ्याई पढौा-पढौा लाग्ने जस्ता मिठास छर्ने छन् । नेपाली साहित्याकाशमा एउटा स्मरणीय कोसेढुङ्गा बन्न सक्ने प्रस्तुत नेवारपानी काव्यका रचनाकार कवि रामहरि दाहालको यो सत्प्रयास सराहनीय देखिन्छ ।"

मधुपर्क साहित्यिक मासिक २०५८ फाल्गुनमा भनिएको छ - "वि.सं. २०५८ सालमा नेपाल प्रतिभा उन्नयन प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दद्वारा विमोचित भएको काव्य हो । यही कार्यक्रममा उक्त कृतिका सम्बन्धमा समालोचक प्राध्यापक घनश्याम काडेल, डा. विष्णुराज आत्रेय तथा डा. लक्ष्मीकान्त पन्थीले आलङ्कारिकताको समीक्षात्मक टिप्पणी गरेको पनि पाइन्छ ।"

गोकर्ण अर्यालले २०५८ चैत्र १७ गते शनिबार, गोरखापत्र राष्ट्रिय दैनिकमा भनेका छन् - "नेवारपानी कृतिमा जन्मभूमिप्रतिको स्नेहभाव प्रकट भएको छ । रामहरि दाहालको वार्णिक

छन्दमा लेखिएको नेवारपानी कृतिको अध्ययन गर्दा एउटा सचेत नागरिकले आफ्नो जन्मथलोप्रति देखाउने सद्भाव र सत्प्रेम प्रष्टसाग झल्किएको छ । कवि स्वयं संस्कृत भाषाका मर्मज्ञ भएका कारण भाषा र शैलीमा त्यतिविघ्न औला ठड्याउने ठाउा पनि छैन ।"

नेवारपानी काव्यको चर्चा गर्दै ध्रुव भट्टराईले २०५८ वि.सं. मा उन्नयन अंक ४२, पृ.(८५-९१) पत्रिकामा भनेका छन् - "नेवारपानी आफ्नो जन्मस्थलप्रति दर्साइएको प्रेम र सम्मानको अभिव्यक्ति हो भने अतीतको सुमधुर स्मृतिमा रमाउादै त्यसमा आएको क्रमिक मूल्यविचलनप्रति व्यक्त व्यग्रता पनि हो । भौतिक र प्राकृतिक स्वरूप समान भएर पनि कविले देखे भोगेको अतीत जीवित हुन नसकेकोमा कविलाई चिन्ता र छटपटी छ। त्यसको पुनर्जागरण गर्ने भित्री चाहना भएर पनि गर्न नसकेको बाध्यात्मक परिस्थितिलाई यस काव्यले समेटेको छ ।"

मधुपर्क साहित्यिक मासिक २०५९ जेठ, अङ्क १, पूर्णाङ्क ३९६ मा - "नेवारपानी एक गाउाको नाउा हो । कवि रामहरि दाहालले जन्मभूमिको वर्णन गरी काव्य तयार गरेका छन् । जुन काव्यभित्र विभिन्न आलङ्कारिक छटाद्वारा कविले आफूखुसीवादलाई तिरस्कार गरेका सामूहिक आदर्शमा आस्थावान भएको काव्यमा देखाएका छन्" भनी नेवारपानीका सम्बन्धमा टिप्पणी गरिएको पाइन्छ ।

गणेशप्रसाद भट्टराईले वि.सं. २०६३ सालमा एम.ए. दोस्रो वर्षको शोधपत्र पूरा गर्ने प्रयोजनका निम्ति त्रिचन्द्र बहुमुखी क्याम्पस घण्टाघर, काठमाडौमा "रामहरि दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकमा शोधपत्र पूरा गरेका छन् ।

मेघनाथ आचार्यले वि.सं. २०६४ सालमा नेपाल-संस्कृत-विश्वविद्यालयको शास्त्री तृतीय वर्षको लागि निर्धारित ऐच्छिक नेपाली छैटौ पत्र (५०३ पू. ५०) को प्रयोजनको लागि "कवि रामहरि दाहालद्वारा रचित 'नेवारपानी' खण्डकाव्यमा अलङ्कार विधान शीर्षकमा शोधकार्य पूरा गरेका छन् ।

नवराज लामिछानेले २०६४ सालमा नेपाल-संस्कृत-विश्वविद्यालयको शास्त्री तृतीय वर्षको निर्धारित ऐच्छिक नेपाली छैटौ पत्र (५०३ पू.५०) को प्रयोजनका निम्ति "कवि रामहरि दाहालद्वारा रचित सावित्री स्मृतिकाव्यमा करुण रसको अध्ययन" शीर्षक शोध वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्ग काठमाडौबाट पूरा गरेका छन् ।

उपर्युक्त पूर्वकार्यहरूको समीक्षा अध्ययन र विश्लेषण गर्दा नेवारपानी खण्डकाव्य एक उत्कृष्ट खण्डकाव्यका रूपमा नेपाली साहित्याकाशमा स्थापित भैसकेको कुरा स्पष्ट हुन्छ। नेवारपानी काव्यका सम्बन्धमा समीक्षा गरिएका पूर्वलेखहरूमा शैलीका दृष्टिले, भाषाका दृष्टिले र अलङ्कारका दृष्टिले एक आस्वादनीय काव्य भएको कुरा अभिव्यक्त भएका छन्। तर कुन-कुन तत्त्वका आधारमा नेवारपानी काव्य उत्कृष्ट र आस्वादनीय बनेको छ यसतर्फ उक्त पूर्वलेखहरूमा विस्तृत अध्ययन भएको पाइदैन। यसकारण यस काव्यभित्र पसी काव्यको विस्तृत अध्ययन गर्नुपर्ने भएकाले प्रस्तुत शोधपत्रमा नेवारपानीको विस्तृत अध्ययन र विश्लेषण गरिएको छ।

## १.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

समाजमा नौलो आयाम थप्न सफल रामहरि दाहाल खण्डकाव्यकारका रूपमा चिनिन्छन्। उनी नेपाली खण्डकाव्य विधामा मात्र नभएर कविता तथा निबन्ध विधामा पनि प्रखर देखिन्छन्। उनले आफ्ना साहित्यिक विधामार्फत जनतालाई चेतना दिएका छन्। साथै सुख-समृद्धि तथा प्रगतिको पनि कामना गर्न सक्षम देखिन्छन्। उनका काव्यका बारेमा पूर्वजहरूले के-कस्तो योगदान दिए भन्ने कुरा पाठकहरू सामु प्रस्तुत गर्नुका साथै नेवारपानी खण्डकाव्यका बारेमा अझसम्म पनि कसैले खोज-अनुसन्धान नगरेकाले यस्ता सिर्जनात्मक क्षमताले ओतप्रोत भएका सर्जकलाई चर्चामा ल्याई उनका सम्बन्धमा र साहित्यका अनेक विधामा खोज-अन्वेषण गर्नु नै औचित्यपूर्ण ठहर्छ। यस्तै उनको खण्डकाव्यमा प्रयोग गरिएको सैद्धान्तिक अध्ययनका साथै नेवारपानी खण्डकाव्यभित्र पसी वैचित्र्य केलाउने काम अहिलेसम्म पनि कसैले नगरेकोमा शोध शीर्षकको औचित्य पुष्टि हुन्छ। उपर्युक्त विषयमा विस्तृत अध्ययन भएको खण्डमा अपरिचित साहित्य प्रेमीले परिचित हुने अवसर पाउनुका साथै अन्य पाठकलाई पनि खोजमूलक समस्याबाट झन्झट नहुने कुरा यसको उपलब्धिका रूपमा लिन सकिन्छ। यस्ता साहित्यिक अनुसन्धानात्मक शोधकार्यलाई चिरकालसम्म अमर लेखोटको रूपमा स्थापित गर्नाले भावी अनुसन्धाताले पनि उपयोग गर्न सक्छन्।

## १.८ शोधकार्यको सीमाङ्कन

बहुआयामिक प्रतिभाका धनी कवि रामहरि दाहाल साहित्यिक व्यक्तित्व हुन्। यो शोधपत्रको प्रमुख केन्द्रबिन्दु नेवारपानी खण्डकाव्यको कृतिपरक विश्लेषण रहेको छ, यही नै यो शोधकार्यको सीमाङ्कन हो ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन विशेषतः पुस्तकालयीय विधिमा आधारित भएर गरिएको छ । यसैगरी सामग्री सङ्कलन गर्दा अंशतः शोधनिर्देशक तथा शोधनायकसाग सम्पर्क गरी मौखिक प्रश्नावलीका आधारमा उपलब्ध जानकारीलाई प्राप्त सामग्रीका रूपमा लिइएको छ । यसका अतिरिक्त काव्यकारका ग्रन्थ तथा अन्य विज्ञहरूसागको वार्तालापलाई पनि सामग्री सङ्कलनको आधार मानिएको छ ।

## १.१० सैद्धान्तिक ढााचा र शोधविधि

प्रस्तुत शोधपत्रमा खण्डकाव्यकारका कृतिको आधारमा काव्यप्रवृत्तिको निरूपण गरिएको छ। यसमा खण्डकाव्यको सैद्धान्तिक पक्षलाई बढी ध्यान दिइएको छ। विभिन्न मौखिक प्रश्नावलीबाट उपलब्ध जानकारीलाई पनि यथास्थानमा राखिएको छ। विषयको विश्लेषणका क्रममा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पााच परिच्छेदमा विभाजन गरिएको छ । सबै परिच्छेदका विभिन्न शीर्षक उप-शीर्षकहरूलाई दशमलव प्रणाली अनुसार व्यवस्थित गरिएको छ। सामान्यतः शोधपत्रको रूपरेखा निम्न प्रकारको रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : खण्डकाव्यको स्वरूप र नेपाली खण्डकाव्यको परम्परा

तेस्रो परिच्छेद : दाहालको सङ्क्षिप्त जीवनी, साहित्यिक यात्रा र प्रवृत्ति

चौथो परिच्छेद : नेवारपानी खण्डकाव्यको अध्ययन

पााचौ परिच्छेद : उपसंहार

*दोस्रो परिच्छेद*

# खण्डकाव्यको स्वरूप र नेपाली खण्डकाव्यको परम्परा

## २.१ खण्डकाव्यको सैद्धान्तिक स्वरूप

### २.१.१ विषयप्रवेश

ज्ञानविज्ञानको समष्टिरूप वाङ्मय हो। यसैको एउटा शाखा कला हो। यसै कलाका दुई शाखामध्ये ललितकलाको एउटा भेदमा साहित्य पर्दछ। साहित्यका पनि अनेक शाखा प्रशाखा छन् भने यिनै मध्ये कविता विधाको एक उपविधात्मक रूपमा खण्डकाव्य पर्दछ।

पूर्वीय साहित्यमा खण्डकाव्यको प्रयोग साहित्यका विभिन्न विधामध्ये कविता विधा भित्र एक विधाका रूपमा हुन्छ। हालसम्म अनुसन्धानात्मक तवरले हेर्दा कृतिका विविध रूपहरूमध्ये साहित्यशास्त्रीहरूको अध्ययन यसै खण्डकाव्य क्षेत्रभित्र कमै भएको भेटिन्छ।

### २.१.२ परिचय

मानवसभ्यताको उदयसागै वाङ्मयको पनि उदय भयो। त्यसै मानवसभ्यताको गतिसागै समस्त वाङ्मयले पनि आफ्ना शाखा-प्रशाखाहरूको विकास गऱ्यो। यसै अन्तर्गत कलाको जन्म भयो। कलाभित्र ललितकला र उपयोगीकला दुई शाखा देखिए। यिनै दुई मध्ये ललितकलाको एउटा भेद वा सम्बन्धित रूप-स्वरूपको हाम्रो साहित्य देखापऱ्यो।

मानिसले आफ्ना दुःख-सुख, आवेग-संवेग, जीवनका उकाली-ओराली पार गर्दै तिनलाई कलाका रूपमा परापूर्व कालदेखि नै व्यक्त गर्दै आयो, सुरुमा त्यो गद्यमा थियो, अनि पद्यको लयात्मकतामा आबद्ध भयो र पद्य रूप विकसित हुादै कविता महाकाव्यादि रूपमा परिणत भयो यसपछि विस्तार-विस्तार गद्य पनि विकसित हुादै गयो र त्यसबाट कथा, नाटक, उपन्यासका विधा प्रादुर्भूत हुन पुगे, जन्मन पुगे र यी विधाहरू यसै रूपमा चिनिन पुगे।

पूर्वीय काव्यशास्त्रीहरूले साहित्यको चिन्तन आरम्भ गर्दा स्फुट कविता र प्रबन्धकाव्यको मात्र अध्ययन गरेको पाइन्छ। उनीहरूले स्फुट काव्यभित्र मुक्तक श्लोक पद्य र फुटकर कविता राखेका छन् भने प्रबन्धकाव्यभित्र महाकाव्य र लघु खण्डकाव्यको अध्ययन गरेको भेटिन्छ।

पाश्चात्य काव्यशास्त्रीहरूले पद्य काव्यका मूलतः छोटो कविता ९क्जयचत एयझ० र लामो कविता ९ीयलन एयझ० गरी दुई भेद गरेको पाइन्छ भने छोटो कविताभित्र सूक्त ९ज्थल०

र प्रगीत ९ीष्चष्अक० एवं लामो कविता भित्र गाथा ९द्यबिाभिम०, शोक काव्य  ९र्भिनथ० र आख्यानात्मक कविता ९ल्बचचबतष्खभ एयझ्० गरी अध्ययन गरेको भेटिन्छ । (गैरै, २०६० : १५५) यिनै लामो कविताभित्र कविताका विविध रूपलाई खण्डकाव्यको संज्ञा दिन सकिन्छ ।

यिनै केही कवितात्मक रूप-स्वरूप पक्षको अध्ययन गर्दा खण्डकाव्य आफ्नो आयामभित्र बहुमुखी देखिन्छ र त्यो स्वयंमा एक सशक्त पूर्ण विधा हो भन्ने कुरा स्पष्ट हुन्छ तापनि पूर्वीय-पाश्चात्य दुवै साहित्य संसारतिर सैद्धान्तिक रूपमा यसखाले कवितालाई खण्डकाव्य भन्न सकिन्न भन्ने स्पष्ट सैद्धान्तिक उल्लेख भने कमै रूपमा भएको देखिन्छ ।

स्फुट कविता लयात्मक हुन्छ साथै स्वतन्त्र पनि हुन्छ । तर प्रबन्धकाव्य स्वतन्त्र पनि हुादैन अनि गद्यपद्य दुवैमा हुन सक्छ । प्रबन्धकाव्य अन्तर्गत महाकाव्य शोककाव्य एकार्थ काव्य, गीतिकाव्य र खण्डकाव्य आदि पर्दछन् भने यसैको गद्यभेद अन्तर्गत बृहत् कथा, आख्यायिका, आत्मकथा, जीवनी र लघुकथा आदि आउने गर्छन् ।

यिनै सन्दर्भमा हेर्दा कुनै कुराको विवरण दिएर लेखिएको काव्य नै प्रबन्ध काव्य हो । त्यसभित्र कसैको कथा वा विवरण एवं कथात्मक विवरण दिइएको हुन्छ । यस प्रसङ्गमा कथा एवं कुनै पनि कुराको विवरण नदिई लेखिएको काव्य मुक्त काव्य हो । प्रबन्धकाव्यभित्र कुनै कुराको कथा वा त्यसको विवरण दिइने हुनाले खण्डकाव्य यसै प्रबन्धकाव्यको एउटा हाागो वा भेदात्मक रूप-स्वरूप हुन आउाछ किनभने यसमा पनि कुनै कुराको विस्तृत अभिव्यक्ति वा कथाको विवरण दिइएको हुन्छ र विवरणमा कुनै कथालाई स्थान दिइएको हुन्छ ।

## २.२ पूर्वीय खण्डकाव्यसम्बन्धी मान्यता

पूर्वमा पूर्वीय साहित्य चिन्तनको परम्परा भरतमुनिबाट थालिएको पाइन्छ (उपाध्याय, २०५५ : ६) । यस सन्दर्भलाई हेर्दा खण्डकाव्यसम्बन्धी चर्चा कमै मात्र र महाकाव्यको चर्चा प्रचुर मात्रामा भेटिन्छ । भरतमुनिको समयमा खण्डकाव्य नामले कुनै पनि काव्यको चर्चा गरेको पाइन्न ।

ईशाको सातौा शताब्दीमा रुद्रटले सर्वप्रथम प्रबन्धकाव्य सम्बन्धी चर्चा गर्ने क्रममा काव्यका प्रबन्धात्मक रूपलाई लघुकाव्य र महान्काव्य गरी दुई रूपमा विभाजन गरे (रुद्रट, १९६६ : प्र.प.)। अनि लघुकाव्यअन्तर्गत मध्यम रूपका अन्य काव्यहरूलाई पनि राखे । यिनका अनुसार महाकाव्यमा श्रृङ्गार, वीरमध्ये कुनै एक रस र धर्मार्थकाममोक्ष चतुर्विध पुरुषार्थको

समग्र अभिव्यक्ति हुन्छ भने खण्डकाव्यमा चतुर्वर्गमध्ये कुनै एक वर्गको अभिव्यक्ति हुन्छ ( रुद्रट, १९६६ : प्र.प.) ।

नवौ शताब्दीका आनन्दवर्धनले पद्यकाव्यलाई मुक्तक र प्रबन्धकाव्य गरी विभाजन गर्दै प्रबन्धकाव्यभित्र पााच श्रेणी पर्यायबन्ध, खण्डकाव्य, सकलकथा र सर्गबन्ध राख्दै सर्गबन्धलाई महाकाव्य र खण्डकथाले खण्डकाव्यतिर सङ्केत गरेको तथ्य प्रष्ट पारेको अनुभव हुन्छ। तिनमा वर्णित विषय र आख्यानका आधारमा यी एक अर्कामा भिन्न वा पृथक् देखिने गर्दछन् (आनन्दवर्द्धन, ई. १९५३ : तृ.प.)।

यी केही खण्डकाव्य सम्बन्धी प्रयासहरू भए पनि खण्डकाव्यलाई स्पष्ट शब्दमा परिभाषा दिएर अर्थ्याउने पहिला पूर्वीय विद्वान् विश्वनाथ हुन्। उनले आफ्नो साहित्यदर्पण नामक ग्रन्थमा यसरी परिभाषित गरेका छन् - "खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च" (विश्वनाथ, ई. १९१० : श्लोक ३२९) अर्थात् काव्यको एकदेशको अनुसरण गर्ने रचना नै खण्डकाव्य हो ।

यस क्रममा पूर्वीय आचार्यहरूमा कविताबारे विभिन्न किसिमले स्वरूप निर्धारण गर्ने गरेको भेटिन्छ । यसमध्ये सर्वप्रथम भामहले साहित्यको वर्गीकरण गरे । उनले छन्दमा वृत्तलाई आधार मानेर वृत्तबन्ध र अवृत्तबन्ध भनेर साहित्यको वर्गीकरण गरे (भामह, ई. १९६२ : श्लोक २६ र ३०) । यस आधारमा खण्डकाव्य वृत्तबन्धभित्र पर्दछ । यसैगरी भामहले अर्को तरिकाबाट पनि वर्गीकरण गरेको पाइन्छ । यो वर्गीकरण आयामको आधारमा छ । यस अनुसार मुक्त र सर्गबन्ध गरी दुई फ्याकमा वर्गीकृत गरिएको छ (भामह, ई. १९६२) । यिनमा मुक्तक शब्दले एकल पद्यको परिचय प्रस्तुत गर्छ भने सर्गबन्धले बृहत् आयामिक महाकाव्य, खण्डकाव्य आदि प्रबन्ध काव्यलाई सङ्केत गर्दछ ।

भामहपछि रुद्रट अनि आनन्दवर्धनले कविताको वर्गीकरण गरेका छन् । यस समयसम्म संस्कृत कविताले भिन्नै मोड लिइसकेको थियो । यति बेला संस्कृत साहित्यमा भारवि, माघ, जस्ता कविहरू आइसकेका थिए । यसैले गर्दा भामह, रुद्रट भन्दा आनन्दवर्धनको वर्गीकरणमा भिन्नता देखा पऱ्यो । यति हादाहादै पनि आनन्दवर्धनका भेद र टिप्पणी त्यति सबल र सशक्त देखा पर्दैनन् तापनि साहित्यशास्त्रीय अध्ययनका दृष्टिले भने तिनको ऐतिहासिक महत्त्वपूर्ण भूमिका छ । यसर्थ यिनको वर्गीकरण र यो वर्गीकरणात्मक अध्ययनलाई यसरी हेर्ने जमर्को गरिन्छ -

यिनको वर्गीकरण अनुसार कविताका १. मुक्तक, २. युग्मक, ३. विशेषक (सन्दानितक), ४. कलापक र ५. कुलक गरी पाँच भेद छन्। जुन पाँच भेदको चर्चा वा व्याख्या आनन्दवर्धनको ध्वन्यालोकका टीकाकार अभिनवगुप्तले गरेका छन् (अभिनवगुप्त, १९६५ : तृ.प.))। यिनमा कवितालाई वर्गीकरण गर्ने आधार कवितामा प्रयुक्त प्रक्रिया भएको छ। यिनलाई यसरी हेर्न सकिन्छ -

मुक्तक :- मुक्तकका बारेमा अभिनवगुप्तको भनाइ छ - अन्य श्लोकसाग असम्बद्ध भएर पनि स्वतन्त्ररूपमा पाठकलाई रसास्वादन गराउन सक्ने एउटै कविता मुक्तक हो (अभिनवगुप्त : लोचनटीका)। यसैगरी अग्निपुराणमा भनिएको छ "सहृदयलाई चमत्कृत या प्रभावित पार्न सक्ने एक श्लोक नै मुक्तक हो (अग्निपुराण, अध्याय ३३६ - ३४६)।" दण्डीले चाहि यसलाई प्रबन्धकै एक अङ्ग मानेका छन्। किनकि अनेकौ मुक्तकहरू मिलेर महाकाव्य बन्दछ भन्ने धारणा दण्डीको रहेको छ (दण्डी, १९३४ : श्लोक १३)।

राजशेखरले पनि मुक्तकका पाँच भेद देखाएका छन्, जुनमध्ये (१) शुद्ध (इतिहासरहित अर्थ भएको मुक्तक), (२) चित्र (इतिहास रहित अर्थको केही विस्तार भएको मुक्तक), (३) कथोत्थ (इतिहासयुक्त अर्थ भएको मुक्तक), (४) सम्विधानकम् (घटनाको सम्यक्ता भएको मुक्तक) र (५) आख्यानकवान् (इतिहासको पनि कल्पना गरिएको मुक्तक) (राजशेखर : सन. १९५४ : प्र.प.)।

युग्मक :- यो युग्मक दुई श्लोकमा भाव पूरा गरेर लेखिएको पद्य हो। त्यसमा केवल एउटै मात्र क्रियाको प्रयोग हुन्छ।

विशेषक (सन्दानितक) :- एउटै क्रियाद्वारा तीन श्लोकमा भावको पूर्णतासाथ समाप्ति गरिएको कविता विशेषक वा सन्दानितक हो।

कलापक :- एकै मात्र क्रियाको प्रयोग भई चार श्लोकमा पूरा गरिएको कविता कलापक हो।

कुलक :- एउटै क्रियाद्वारा पाँच श्लोकमा समाप्ति भएको र एउटै भाव पूरा भएको कविता कुलक हो। पाँच पद्यभन्दा केही बढी पद्यहरूको एक मूख्य क्रियासाग अन्वय गरी भावपूर्ण गरिएको स्वरूपलाई पनि कुलक भनिएको पाइन्छ। जस्तै शिशुपालवधको प्रथम सर्गमा नारदको आगमन पद्य।

यी कविताका पाँच रूप फुटकर कवितासाग मिल्दाजुल्दा रूपहरू हुन्, जुन प्रबन्ध काव्यसाग मिल्दैनन्। हाल यी कुनै पनि कविताका नामहरू आफ्नो अर्थसहित जीवित छैनन् तापनि भारवि र माघले आफ्ना महाकाव्यमा यी कविताको प्रयोग गरेका थिए। यिनै

महाकाव्यहरूको अध्ययनद्वारा आनन्दवर्धनले कविताका यी रूपहरू देखाएका हुन् । पछि आएर अभिनवगुप्तले अर्को भेद महाकुलक पनि देखाए जसमा उनले एउटा मात्र क्रिया र भाव भएको पाँचभन्दा बढी श्लोक भएको कवितालाई महाकुलकको  संज्ञा दिए (अभिनवगुप्त, १९६५ : तृ.प.)।

रुद्रटले 'लघु र महान् भनेर काव्यका दुई भेद मात्र देखाएका छन् र चतुर्वर्गको आधारमा चतुर्वर्गको अभिव्यक्ति भएको महान् काव्य र कुनै एक वर्गको अभिव्यक्ति लघुकाव्य हो भनेका छन् ।

यस्तैगरी पञ्चसन्धिको पनि प्रयोगबारे टिप्पणी गर्दै रुद्रट भन्छन् - महान् काव्यमा पाँचै सन्धिको प्रयोग हुन्छ भने लघुकाव्य अनि काव्यमा भने प्रतिमुख गर्भ र निर्वहण (२, ३, ४) सन्धिमध्ये कुनै एकको प्रयोग हुन्छ । यस्तै यिनका विचारमा महान्-काव्यमा अनेक रसको परिपाक भएको हुन्छ भने लघुकाव्यमा कुनै एक रसको मात्र परिपाक भएको हुन्छ र काव्यमा एकभन्दा बढी रसको परिपाक भएको हुँदैन (रुद्रट, १९६६ : प्र.प.) ।

यसरी भावमूलक, सर्गविहीन २,३,४ मध्ये कुनै एक सन्धिको प्रयोग भएको र कुनै पनि रसको परिपाक नभएको पद्य काव्यलाई काव्य भनिन्छ। नेपाली साहित्यमा देखा परेका लघुकाव्यको रूप र काव्यको रूप दुवैलाई नेपाली कविताको  मझौलो रूपमा हेर्दा यी दुवै अन्तर्गत यिनलाई राख्न सकिने स्थिति देखिन्छ। अभिनवगुप्तले ध्वन्यालोकको लोचनटीकामा मुक्तकदेखि कुलक र महाकुलकका अतिरिक्त प्रबन्ध काव्यका क्रमशः (१) पर्यायबन्ध, (२) परिकथा, (३) खण्डकथा, (४) सकलकथा र (५) सर्गबन्ध गरी पाँच भेदहरू देखाएका छन् ( अभिनवगुप्त, १९६५ : तृ.प.)।

पर्यायबन्ध :- यस पर्यायबन्धमा असमासात्मक वा मध्यसमासात्मक भाषिक शब्दहरूका कुनै एक विषयको वर्णन भएको हुन्छ। लामालामा समास भएका वाक्य पर्यायबन्धमा वर्जित मानिन्छ। असमासात्मक भाषाको प्रयोग वैदर्भी रीति र मध्यसमासात्मक भाषाको प्रयोग पाञ्चाली रीतिको परिचायक हो । यसको विषयवस्तुलाई औंल्याउँदै अभिनवगुप्तले भनेका छन् - कुनै एउटा विषयको वर्णन गरिएको पद्यको भेद पर्यायबन्ध हो। नेपालीमा यस प्रकारको काव्य पिकदूत हो भन्न सकिन्छ।

परिकथा :- अभिनवगुप्तको भनाइमा 'अनेक वृत्तान्तहरूको वर्णन भएको पद्यबद्ध कवितात्मक रचना नै परिकथा हो।' यसमा अनेक वृत्तान्तको वर्णन हुने हुँदा यसले विभिन्न कथाहरूको सङ्केत गरिरहेको हुन्छ। यसो भएकाले परिकथामा छरिएको आख्यान हुन्छ। यसरी

छिरलिएको आख्यान हुने हुनाले यसलाई पद्यबद्ध आख्यानको रूपमा लिन सकिन्छ । पञ्चतन्त्र यसको उदाहरण हो भन्न सकिन्छ ।

खण्डकथा :- गुप्तको भनाइमा सिङ्गो कथाको एकखण्डीय वर्णन भएको रचना खण्डकथा हो । सिङ्गो कथाको एक खण्डलाई प्रस्तुत गर्ने काव्य भएकाले यसमा आख्यान त हुन्छ नै साथ-साथै यसमा कविता तत्त्व पनि आख्यान जत्तिकै प्रबल रहने गर्छ । खण्डकथालाई कवितात्मक बनाएर प्रस्तुत गरिने हुनाले यसमा कविता तत्त्व र कथा तत्त्वको समुचित सन्तुलन भएको हुन्छ । यस आधारमा खण्डकथालाई खण्डकाव्यका रूपमा लिन सकिन्छ । प्रस्तुत नेवारपानी काव्यलाई खण्डकथामा गन्न सकिन्छ ।

सकलकथा :- फलपर्यन्त वृत्तान्त वर्णनात्मक कथा सकलकथा हो । यस भनाइका आधारमा 'फलपर्यन्त वृत्तान्त वर्णनात्मक कथा'ले सिङ्गो र सफल शब्दले समग्रतालाई सङ्केत गरिरहेको छ । यी शब्दावलीहरूले पनि सकलकथामा सिङ्गो कथाको अभिव्यक्ति हुनुपर्दछ भन्ने आग्रह रहेको बताउाछन् ।

सर्गबन्ध :- सर्ग सर्गमा बााधिएको काव्य र्सगबन्ध काव्य हो । यस सर्गबन्ध शब्दले महाकाव्यलाई सङ्केत गरिरहेको स्पष्ट छ । सर्ग सर्गमा बााधिएको सर्गबन्ध काव्य महाकाव्य हो भन्ने बुझिन आउाछ । यस सर्गबन्धले महाकाव्यको स्वरूप बताए पनि अन्य चार क्रमशः पर्यायबन्ध, परिकथा, खण्डकथा र सकलकथाका स्वरूपले खण्डकाव्यको झझल्को दिन्छन् ।

## काव्यसम्बन्धी विश्वनाथीय चिन्तन

आचार्य विश्वनाथले साहित्यदर्पण लक्षण ग्रन्थमा मुक्तकदेखि सर्गबन्धसम्मका विविध साहित्यिक विधाहरूको चर्चा गरेका छन् । उनले मुक्तकदेखि सर्गबन्धसम्मका गद्य पद्य दुवै विधाको चर्चा गर्नुका साथै काव्यका चार भेदहरूको पनि चर्चा गरेको पाइन्छ । तिनलाई यसरी प्रस्तुत गरिन्छ - (१) काव्य, (२) कोषकाव्य (३) खण्डकाव्य र (४) महाकाव्य (विश्वनाथ : ई. १९१०, श्लोक ३१५, ३२९)।

## २.३ नेपाली समालोचकहरूले गरेका खण्डकाव्यको परिभाषा

यस सन्दर्भमा नेपाली साहित्यका समालोचकहरूले पनि खण्डकाव्यलाई परिभाषित गर्ने चेष्टा गरेका छन् । केही परिभाषा यस प्रकार छन् -

"काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर श्रृङ्खलित रूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको, सर्गबन्धन सन्धिबन्धनहरू नभएको, छोटो काव्यलाई खण्डकाव्य भन्दछन्" सोमनाथ सिग्द्याल (सिग्द्याल : २०२ : २०) ।

त्यसैगरी बालचन्द्र शर्माले खण्डकाव्यबारे भनेका छन् - "कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य नै खण्डकाव्य हो (शर्मा, २०५७)।"

यसै क्रममा डा. केशवप्रसाद उपाध्याय भन्छन् - "यो जीवन र जगत्को एक सानो अंश प्रस्तुत गर्ने स्वयंमा पूर्ण सानो काव्यकृति हो (उपाध्याय, २०५५ : ७६)।"

डा. वासुदेव त्रिपाठीका विचारमा - "कविता विधाको मझौला आयाम भएको खण्डकाव्य कुनै आख्यान आगालेर वा नआगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ (त्रिपाठी, २०४६ : ५२) ।"

धीरेन्द्र वर्माका विचारमा - "धर्म, अर्थ, काम, मोक्ष मध्ये कुनै एक भएको महाकाव्यकै ढङ्गको क्रमबद्ध र पूर्ण कथानक एवं संरचना भएको खण्डजीवन वा एउटा घटनामा आधारित रही एउटै रस र छन्दमा लेखिने आठभन्दा कम सर्गको लघुकाव्यलाई नै खण्डकाव्य भन्दछन्" (बर्मा, २०१५ : २४६) ।

त्यस्तै नेपाली बृहत् शब्दकोशले "कुनै एक विषयको अभिव्यक्ति दिने सर्ग भएको वा नभएको प्रबन्धात्मक लघुकाव्यका रूपमा खण्डकाव्यलाई अर्थ्याएको छ (पोखेल, २०५५ ....) ।"

निष्कर्षमा भन्नुपर्दा कविताको प्रबन्धात्मक रूप खण्डकाव्य हो । यसमा कुनै एक केन्द्रीय विषय हुन्छ त्यसले पद्य पद्य वा श्लोकहरूका बीच एकान्विति ल्याउाछ र त्यस एकान्वितिले प्रबन्धलाई बलियो तुल्याउाछ । खण्डकाव्यमा केन्द्रीय विषयका रूपमा आउने विषय जीवनको एउटा सन्धि वा पक्ष हुन्छ । जीवनको एउटा मात्र भाव वा सन्धि वा पक्षको अभिव्यक्ति हुने हुनाले खण्डकाव्य सर्गविहिन हुन्छ । यिनै विशेषताहरूको आधारमा पूर्वीय आचार्यहरूका सम्पूर्ण दृष्टिकोणहरूको अन्तर्मथन गरी एउटा परिभाषा ख्याल गर्दा त्यसलाई यसरी बनाएर प्रस्तुत गर्न सकिन्छ -

'खण्डकाव्य कविताको त्यो प्रबन्धन हो जसमा एकान्वितिपूर्ण कविता हुन्छ र समग्रसन्धिको प्रयोग नभएर कुनै एउटा सन्धिको प्रयोग हुन्छ जो सर्गविहिन हुन्छ र त्यसमा मुख्यतः जीवनको एक अंश वा भाग प्रस्तुत गरिएको हुन्छ ।'

## २.४ पाश्चात्य साहित्यमा खण्डकाव्यको स्वरूप

पाश्चात्य साहित्यपरम्परामा खण्डकाव्य संज्ञाले अभिहित कुनै छुट्टै विधाको चर्चा भेटिदैन । यसको मूल कारण त्यहाा खण्डकाव्य नामको कवितात्मक उपविधा नहुनु नै हुन सक्तछ । खण्डकाव्यको स्थिति महाकाव्य र फुटकर कविताका बीचको वा मध्यमरूपको रहेको भए पनि पश्चिममा महाकाव्य र फुटकर कविताका बारेमा जति चर्चा पाइन्छ, खण्डकाव्यको केही पनि पाइादैन । जेसुकै भए पनि यिनै दुई रूपका बीचको कविताको रूपलाई हेरेर खण्डकाव्यका बारेमा अध्ययन गर्नुपर्दा प्राचीन गाथासम्म पुग्नुपर्ने हुन्छ । कथातत्त्वको प्रबलता र कवितातत्त्वको दुर्बलता पाइए पनि आकार-प्रकारका दृष्टिले गाथाहरू खण्डकाव्यका समकक्ष वा नजिक देखिन जान्छन् ।

पश्चिमी साहित्यको मध्यकाल क्रिश्चियन धर्मशास्त्रीय पाण्डित्यले किचिएको अन्धकारपूर्ण रहेको थियो । क्रिश्चियन कला साहित्यको मात्र विकास गरिएको त्यस अवधिमा प्राचीन गाथाहरू एकातिर उपेक्षित रहे भने अर्कातिर साहित्यिक उन्नतिका दृष्टिले पनि अन्धकारमय अवस्था रह्यो । पछि डानक्वीन जङले रोमाञ्चपूर्ण काव्यको रचना गरेर क्याथोलिक विरुद्ध विद्रोह ल्याए । उनको त्यही रोमाञ्चक रचना गीतिमय गाथा (लिरिकल ब्यालेड) लाई पश्चिमको पहिलो खण्डकाव्य वा खण्डकाव्यको स्वरूप भन्न सकिन्छ । त्यहाा, 'आख्यानात्मक कविता' (नेरेटिभ पोइम) लेख्ने परम्परा १८ औा शदीको अन्त्य र १९ औा शदीको सुरुदेखि थालिएको देखिन्छ । 'गीतिमय गाथा' र 'आख्यानात्मक कविता' दुवैलाई प्राचीन लोकगाथाकै लिखित उपलब्धिका रूप मान्न सकिन्छ । त्यहााको 'आख्यानात्मक कविता'लाई नेपाली समालोचक ताना शर्माले 'विवरणात्मक लामो कविता' वा 'कवितात्मक लामो कथा' को संज्ञा दिएका छन् । यसरी १९ औा शताब्दीसम्म आइपुग्दा पाश्चात्य कविता परम्परामा खण्डकाव्य भन्न सुहाउाने काव्यका रूपमा 'गीतिमय गाथा' र 'आख्यानात्मक कविता' लाई नै लिनुपर्ने हुन्छ । यी बाहेक मध्यकालका रोमाञ्चकाव्य, गोपकाव्य, शोककाव्य आदि पनि खण्डकाव्यकै रूपमाविकसित भएका देखिन्छन् । २०औा शदीसम्ममा पाश्चात्य कविता परम्परामा 'लामो कविता' (लङ्ग पोइम) पनि जन्मिएको देखिन्छ, जसलाई खण्डकाव्यसाग मिल्दोजुल्दो कविताका

रूपमा लिन सकिन्छ। यी सबै कविताका मझौला रूप हुन् र केही न केही रूपमा सबै खण्डकाव्यका नजिक नै प्रतीत हुन्छन्। भिन्न -भिन्न रूपमा यिनका स्वरूप र विशेषता के हुन् त त्यस सम्बन्धमा छोटो चर्चा गर्नु उपयुक्त नै होला (त्रिपाठी : २०३० : ४५)।

## गाथा **(Ballad)**

गाथा लोकसंरचना भएकाले कथालाई गीतमा आबद्ध गरी प्रबन्धित तुल्याइएको हुन्छ र यसलाई लोककाव्य पनि भनिन्छ। 'लिखित गाथा' वा 'लोकगाथा' दुवैमा कवितातत्त्व र कथातत्त्वको सहअस्तित्व पाइन्छ। यहाा कथानकको आधार लिएर अनुभूतिलाई व्यवस्थित गरिएको हुन्छ। कहिलेकाहीा लयमा आबद्ध कवितात्मक अभिव्यक्ति पाइनु पनि गाथाको विशेषता हो। लोकजीवनमा आधारित भएर रचिएका गाथाहरू परस्पर सम्बन्धित हुन्छन् र यिनैबाट रामायण र महाभारत जस्तै महाकाव्य बन्ने संभावना पनि हुन्छ, जो पश्चिममा पनि देखिएका छन्। परस्पर सम्बद्ध यस्ता गाथाहरूलाई व्यष्टि रूपमा खण्डकाव्य र समष्टिरूपमा महाकाव्य मान्न सकिन्छ। नेपालीमा गाथापरम्परा र पूर्वीय खण्डकाव्यपरम्परालाई अपनाएर लेखिएका मुनामदन आदि काव्यहरू गीतिमय गाथाकै प्रभावस्वरूप जन्मिएका देखिन्छन्।

## आख्यानात्मक कविता **(Narrative Poem)**

यो कविताको मझौला रूप मानिएको छ। यसमा पनि कविता र कथानकको सहअस्तित्व भेटिए पनि कथातत्त्वभन्दा कवितातत्त्व नै प्रबल हुन्छ । पाश्चात्य साहित्यशास्त्रीहरूका दृष्टिमा यो छोटिएमा फुटकर कविता र लम्बिएमा महाकाव्य बन्न सक्तछ। त्यसैले यो लघुकविता र महाकाव्य बीचको कवितात्मक रचना हो। यसबाट यसको स्थिति पनि खण्डकाव्य नजिक देखिन्छ।

## रोमाञ्चकाव्य **(Romance)**

मध्यकालीन युरोपमा रोमन क्याथोलिक चर्चका गतिविधिविरुद्ध 'डा क्वीन जङ' ले यसको रचना गरेका हुन्। यसलाई मध्यकालको साहित्यिक विकासको उपज मानिएको पाइन्छ। अद्‌भुत घटनाको वर्णन गरिएको रोमाञ्चकाव्यमा कवितातत्त्वको दुर्बलता र आख्यानतत्त्वको प्रबलता रहेको हुन्छ। पाठकमा कौतूहल सृजना गर्नु नै उद्देश्य भएको यो काव्य अदभुत वर्णनले गर्दा लम्बिने सम्भावना हुन्छ र खण्डकाव्य र महाकाव्यसमक्ष पनि पुग्न सक्छ।

### गोपकाव्य (Mock)

क्षुद्र वा निकृष्ट विषय लिइए पनि अभिव्यक्ति उच्च किसिमको हुनु गोपकाव्यको विशेषता हो । विषयवस्तुको क्षुद्रता एवं प्रकृतिको प्रचुर वर्णन हुने हुनाले यसमा कथातत्त्वको दुर्बलता र कवितातत्त्वको प्रबलता रहन्छ । आख्यानको दुर्बलता र कवितातत्त्वको प्राबल्य खण्डकाव्यको पनि लक्षण भएकाले यसलाई पनि खण्डकाव्यकै सन्दर्भभित्र राखेर हेर्न सकिन्छ ।

### शोककाव्य (Ellegy)

यसमा शोकपूर्ण भावात्मक अभिव्यक्तिको प्रधानता र झिनो वा क्षीण कथानक रहन्छ । तथापि शोकाकुल अनुभूतिको विस्तृत अभिव्यक्ति हुने भएकाले यसलाई पनि खण्डकाव्यको कोटिभित्र राख्न सकिन्छ ।

### लामो कविता (Long Poem)

पश्चिमी साहित्यको आधुनिक युग अथवा बीसौ शताब्दीका कविद्वय टी.एस.इलियट र डब्लु.बी.एट्सबाट लेखनको आरम्भ गरिएका लामा कविताहरू काव्यकै समकक्षी मझौला रूपको अधुनातन उपलब्धिका रूपमा देखा परेका हुन् । यी कविताहरू अंग्रेजी कविताको आधुनिक युगको प्रयोगवादी धारामा देखिएका छन् । प्रयोगवादी कविताको स्वर र शैली दुवै प्रयोगवाद अनुरूपकै हुन्छ । अवचेतन मनका अमूर्त अनुभूतिको प्रस्तुतीकरण हुने हुनाले यसको शैली पनि अमूर्त लेखनमा आधारित हुन्छ । प्रयोगवादी फुटकर कविताहरू लेखिने बेलासम्म अवचेतन मनका सूक्ष्म अनुभूतिहरूलाई अवचेतन लेखनद्वारा सूक्ष्म रूपमै प्रस्तुत गरिन्छ, तर जब अवचेतन लेखनद्वारा फुटकर कविता विस्तृतिको आयामतिर जान्छ, अनि प्रयोगवादी कविताको मझौला रूपको सृजना हुन्छ । यसरी प्रयोगवादी कविताले फुटकर कविताको भन्दा विस्तृत आयाम प्राप्त गरेर हुने कविताको मझौला रूप नै लामो कविताको स्वरूप हो । यस्तो लामो कवितालाई खण्डकाव्यसाग तुलना गर्दा यसमा आख्यानको आधार लिइएको पाइादैन, केवल अवचेतन अनुभूतिको विस्तार वा प्रवाहकै प्रस्तुतिकरण भएको हुन्छ । यसरी अनुभूतिलाई आख्यानात्मकता नदिई प्रस्तुत गरिने हुनाले अनुभूति छिरलिादो, छल्बलिदो वा अव्यवस्थित रूपमै अभिव्यक्त भएको पाइन्छ । अवचेतन मन वा स्नायुतन्त्रकै विश्रृङ्खल अनुभूतिलाई प्रस्तुत गर्नु नै लामो कविताकारको चाहना रहने हुनाले ती अनुभूतिहरू स्वतः

साहचर्यशील भएर प्रस्तुत भएका हुन्छन् र ती बीच लामो कवितामा एक प्रकारको स्वतन्त्र सम्बन्ध रहेको हुन्छ ।


खण्डकाव्यमा आख्यान नआगालिए पनि एकान्विति प्रदान गर्न एउटा केन्द्रीय भावलाई लिइएको हुन्छ भने लामो कवितामा कुनै केन्द्रीय भावको अवस्थिति रहादैन र एकान्वितिको निर्वाह पनि गरिएको हुादैन। यद्यपि लामो कवितामा पनि कतिपय ठाउामा स-साना आख्यानका टुक्राहरू पाइन्छन्, तर पनि तिनको अगिल्लो र पछिल्लो कवितात्मक अंशसाग कुनै सम्बन्ध रहादैन। अनि यसमा खण्डकाव्यमाझैं आयोजित र सुगठित भाषाविधानलाई अस्वीकारमात्र होइन तोडमोड र भााचभुाचसमेत गरिएको हुन्छ। अनुभूतिको व्यवस्थित आयोजनालाई अस्वीकार गरिने हुनाले लामो कविता प्रबन्धविधानका दृष्टिले दुर्बल हुन्छ। यसरी यस्ता सम्पूर्ण भाषा, शैली र प्रबन्धविधान विश्रृङ्खल भएपनि एक प्रकारको संरचना भने रहिरहने हुादा समीक्षकहरूले 'लामो कविता' मा संरचनाविहीन संरचनालाई कोट्याएका छन् ।

संरचनाविहीन संरचनायुक्त लामो कवितामै तल्लीन र सन्तुष्ट रहने प्रयोगवादी कविहरू कविताका एक एक पंक्ति अर्थिनु र बुझिनुपर्छ भन्ने परम्परागत धारणासाग असहमति राख्दछन् तथा समग्रमा कविताबाट पाठकमा पर्ने समष्टि प्रभावलाई नै उनीहरू आफ्नो अभीष्ट वा सफलता ठान्दछन्। यी विभिन्न आधारमा लामो कविता र खण्डकाव्यबीच समानता र भिन्नता पाइन्छन्। अनुभूतिको विस्तारका दृष्टिले दुबैमा अन्वय पाइन्छ भने अनुभूतिको आख्यानीकरणका आधारमा व्यतिरेक पनि पाइन्छ। यस्तै प्रबन्धविधानका दृष्टिले पनि दुवै असमान लाग्दछन् । खण्डकाव्यमा सुव्यवस्थित संरचना देखिन्छ भने लामो कवितामा संरचनाविहीन संरचना देखिन्छ। यसरी केही समानता र बढी असमानता भएका आधारमा खण्डकाव्यभन्दा लामो कविता भिन्न छ र यसैभित्र लामो कविताको मौलिक पहिचान र अस्तित्व रहेको छ। तर वास्तवमा यी दुवै कविताका मझौला रूपभित्र पर्ने उपविधा हुन् र यी महाकाव्यभन्दा छोटा र फुटकर कविताभन्दा ठूला मानिन्छन् ।

यसरी प्राचीन रोमदेखि आधुनिक युरोपसम्मका पाश्चात्य परम्परामा गाथाकाव्य, शोककाव्य, गीतिकाव्य, रोमाञ्चकाव्य, आख्यानकाव्य, लगायत गोपकाव्य, नाट्यकाव्य, व्यङ्ग्यकाव्य, लामो कविता आदिका माध्यमबाट कविताका विभिन्न मझौला रूपहरूको सृजना भई तिनले पारिभाषिक स्वीकृति र चर्चा पनि पाएका छन्, तर खण्डकाव्यको समकक्ष राखेर एकमुष्ट परिभाषा गरिएको भने पाइादैन। जे होस् यी सबै भेद-उपभेदहरू कविताका मझौला रूप हुन् । खण्डकाव्यको अध्ययन पनि यसै अन्तर्गत गर्न सकिन्छ ।

## २.५ कविताको मझौला रूप : खण्डकाव्य

आधुनिक समालोचनाको क्षेत्रमा कृतिपरक समालोचनाको जन्मसागै विधा सिद्धान्तको जन्म भएको हो। कवितामा पनि कृतिपरक समालोचनाको विकाससागै कविता विधाका रूपहरूको निर्धारण गर्ने पद्धतिको विकास भएको पाइन्छ। यस आधारमा कविताका लघुतम, लघु, मध्यम, बृहत् र बृहत्तम विधिका रूपहरू देखा पर्छन्। यसरी लघुतमदेखि बृहत्तम्सम्मका कविताका सानाभन्दा साना र ठूलाभन्दा ठूला रूप पनि पाइन्छन्। अनि ती ठूला र सानाका बीचको मध्यम रूप पनि तिनमा प्रकट हुन्छ। सामान्यतया विद्वान्हरूले कविताका तीन रूप लघु, मध्यम र बृहत् दर्साएका छन्। यिनमा लघु र बृहत्का पनि दुई-दुई रूपहरू भएको पाइन्छ, जस्तै :




कविताका यी विविध रूपहरूमध्ये खण्डकाव्य कविताको मझौलो रूपभित्र पर्दछ। त्यही कविताको मध्यम (मझौलो) रूपका केही विशेषताहरू छन् , जसका आधारमा यो अन्य रूपहरूबाट अलगिन्छ। तिनै विभिन्न विशेषताका आधारमा खण्डकाव्यलाई हेर्नु आवश्यक हुन्छ। यी विशेषताहरू हन् -

### (१) आकारप्रकार

आकारप्रकारका दृष्टिले कविताका लघु र बृहत् रूपबाट कविताको मझौलो रूप खण्डकाव्य अलगिन्छ। महाकाव्य कविताको बृहत रूप र लघु रूप फुटकर कविता हो भने यसका मध्यम बिन्दुमा अवस्थित मझौलो रूप खण्डकाव्य हो। यही लघु रूपभन्दा विस्तृत र बृहत् रूपभन्दा सङ्क्षिप्त प्रकारको मझौलो आकारप्रकार नै खण्डकाव्यको विशेषता र पहिचान पनि हो।

(२) विषयवस्तुको आयाम

कविताका लघु रूप र बृहत् रूपसाग खण्डकाव्यलाई अलग्याउने आधार विषयवस्तुको आयाम पनि हो । विषयवस्तु भन्नाले सम्पूर्ण जीवनजगत् बुझिन्छ र कविले आफ्नो काव्यको विषयवस्तु त्यसैलाई बनाएको हुन्छ । त्यही जीवनजगत्‌को आयामलाई के कतिसम्म काव्यले समेटेको हुन्छ, त्यसैको आधारमा कविताको रूप निर्धारण हुन्छ । विश्वनाथका शब्दमा महाकाव्य वा सम्पूर्ण काव्यको एकदेशीय रूप नै खण्डकाव्य हो । यस आधारमा जीवनको एकदेश वा अंश वा एक खण्ड नै खण्डकाव्यको विषयवस्तु हो । खण्डकाव्यकारले खण्डकाव्यमा सिङ्गो जीवनजगत् वा जीवनकै समग्रताको एक पक्षलाई मात्र अभिव्यक्ति दिएको हुन्छ ।

(३) संरचना

संरचनाका आधारमा पनि खण्डकाव्यलाई कविताका अन्य रूपबाट अलग्याउन सकिन्छ । फुटकर कवितामा पनि अनुभूतिको सङ्क्षिप्ततालाई व्यक्त गर्दा यहाा संरचना सचेत हुनु अत्यावश्यक मानिन्छ । कवितामा संरचना र अनुभूतिको भिन्नताको अनुभव हुन थाल्नु संरचनाको प्रबलता टड्कारिनु हो । मूलतः अनुभूतिको विस्तृत अभिव्यक्तिको आरम्भ ठोस रूपमा खण्डकाव्यबाटै हुन्छ । त्यस खण्डकाव्यमा आउने अनुभूतिलाई ठोस रूप स्थूल रूप वा मूर्त रूप दिन कवितालाई संरचनाको आवश्यकता पर्न जान्छ ।

(४) आख्यान

खण्डकाव्यमा प्रयुक्त हुने आख्यान तत्त्वका आधारमा पनि यसलाई कविताको मझौला रूप अन्तर्गत राख्न सकिन्छ । कविताको लघु रूपमा अनुभूतिलाई तरल रूपमा पोख्न सकिन्छ, तर अनुभूतिको विस्तारको मात्रा जति जति बिस्तार हुादै जान्छ त्यति त्यति त्यस अनुभूतिलाई ठोस रूपमा अघि बढाउन स्वतः आख्यान तत्त्वको आधार लिनुपर्ने हुन्छ । आख्यान र कविताको समुचित सम्बन्धमै सम्पूर्ण काव्य व्यवस्थित भएर आएको हुन्छ । सशक्त खण्डकाव्य पनि आख्यान र अनुभूतिको अन्तरसम्बन्धमै रचित भएको हुन्छ ।

## २.६ खण्डकाव्यका आधारभूत तत्त्व

साहित्यका अन्य विधाझैं कविताकै एक उपविधा हो खण्डकाव्य, जसको संरचनामा पनि केही आधारभूत तत्त्वहरू रहेका हुन्छन् । खण्डकाव्यको रचना गर्दा आवश्यक पर्ने वा खण्डकाव्यभित्र सन्निहित हुने आधारभूत तत्त्वहरूलाई यहाा यसरी मूलभूत रूपमा बुादागत तबरले हेर्ने जमर्को गरिन्छ -

### १. अनुभूतिको आख्यानीकरण

खण्डकाव्यको प्रथम आधारभूत तत्त्व अनुभूतिको आख्यानीकरण हो । यसअन्तर्गत खण्डकाव्यमा दुईवटा तत्त्व अनुभूति र आख्यान आएका छन् । अनुभूति नै एकप्रकारको कविता हो, त्यसैले अनुभूति खण्डकाव्यको सजातीय तत्त्व हो भने आख्यानचाहि विजातीय तत्त्व हो । विजातीय तत्त्व आख्यानको प्रयोग खण्डकाव्यकारले आफ्नो काव्यमा अनुभूतिको व्यवस्थापनकै निमित्त गरेको हुन्छ । खण्डकाव्यमा विवरणका रूपमा अनुभूति आएको हुन्छ र त्यस विवरणलाई एकान्विति प्रदान गर्नका निमित्त नै विजातीय आख्यानलाई प्रयोग गरिएको हुन्छ । यसरी खण्डकाव्यमा विस्तृत अनुभूतिलाई प्रस्तुत गर्न आख्यानलाई अपनाइन्छ । त्यसैले अनुभूतिको आख्यानीकरण खण्डकाव्यको आवश्यक तत्त्व हो । आख्यानीकरणभित्र कथावस्तु, पात्रविधान, देशकाल, वातावरण र तिनको प्रविधि आउाछन् ।

### २. प्रबन्धविधान

प्रबन्धविधान खण्डकाव्यको दोस्रो महत्त्वपूर्ण तत्त्व हो । अनुभूतिको व्यवस्थापन नै प्रबन्धविधान हो । लघु कवितामा अनुभूतिको व्यवस्थापन आवश्यक पर्दैन । तर खण्डकाव्यमा आईपुग्दा कविको तरल अनुभूतिलाई व्यवस्थित बनाएर प्रस्तुत गर्न प्रबन्धविधानको आवश्यकता पर्दछ । आख्यानको पनि आफ्नो संरचना हुन्छ, जो खण्डकाव्यमा आएको हुन्छ । घटना, पात्र, देश, काल, परिस्थितिको समग्र रूप नै आख्यान हो । कुनै पनि घटना घटित हुन पात्रको आवश्यकता पर्दछ र त्यो घटना निश्चित देश, काल, वातावरणमा घटेको हुन्छ । घटना घटित हुन केही कारण हुनुपर्दछ र त्यो कार्यका रूपमा आधारित हुन्छ । यसप्रकार घटनावलीको कार्यकारण सम्बन्धको निश्चित शृङ्खलाबद्धता हुनु नै आख्यानको संरचना हो । कविले खण्डकाव्यमा पूर्वापर सम्बन्ध भएको अन्वितिमूलक आख्यानलाई व्यवस्थित वा प्रबन्धित तुल्याएर प्रस्तुत गर्दछ ।

## २.७ कवितातत्त्वका रूपमा खण्डकाव्यका तत्त्वहरू

खण्डकाव्य कविताको एक उपविधा हो भने यो कविताको एक विकासक्रमिक स्वरूपगत विधात्मक रूप पनि हो । यसर्थ यसमा कवितामा भएझैं यसका पनि कवितात्मक तत्त्वसाग मिल्दाजुल्दा सामान्य खण्डकाव्यात्मक धर्म तत्त्व रहेकै हुन्छन् जसलाई यसमा सामान्य धर्म हुन् भन्न सकिन्छ। साथै यहाा यस रूपमा कवितातात्विक खण्डकाव्यात्मक तत्त्वहरूलाई क्रमबद्ध रूपमा यसरी चर्चा प्रस्तुत गरिन्छ ।

### विशिष्ट लय

कविता लयबद्ध विधा हो र यसमा लयको विशिष्ट स्थिति रहन्छ। पद्यमा लेखिएका कविता वा खण्डकाव्यमा छन्दले लयको रूपमा काम गरेको हुन्छ भने गद्यमा लेखिएका खण्डकाव्य/ कवितामा अन्तर्लयले /अन्तसङ्गीतले लयको विशिष्ट स्थितिलाई देखाएको हुन्छ। छन्दमा पनि लोकछन्द र शास्त्रीय छन्द (वार्णिक, वर्णमात्रिक) को प्रयोग भएको हुन्छ।

### अनुभूतिको तरलता

यो पनि कविताको सामान्य धर्म हो। खण्डकाव्यमा अनुभूतिको स्थिति तरल भएर नआईकन ठोस रूपमा आउाछ किनभने त्यस तरल अनुभूतिलाई बिस्तारको यात्रामा आख्यानको आधार दिएर अघि बढाइएको हुन्छ। यस प्रकारले तरल अनुभूति आख्यानको आधार पाएर मूर्त र स्थूल बन्दै जान्छ अनि यही ठोस अनुभूति र तरल अनुभूतिले गर्दा क्रमशः खण्डकाव्य र फुटकर कविता अलग्गिन जान्छन् ।

### भावनाको आख्यानीकरण /नाटकीकरण

खण्डकाव्यलाई भावनाको आख्यानीकरणको सुसङ्गठित लयबद्ध अभिव्यक्ति हो भन्न सकिन्छ। यसमा जीवनका एक पाटाको प्रकाशन गर्ने क्रममा खण्डकाव्यकारले अनुभूतिको आख्यानीकरणका साथै आख्यानीकरणभित्र नाटकीकरण गर्न पनि सम्भव छ। यसरी अनुभूति आख्यानीकरण र नाटकीकरणको त्रैध सम्मेलनबाट खण्डकाव्य सुन्दर बन्न सक्दछ, तर नाटकीकरण खण्डकाव्यको मूलभूत विशेषता होइन। त्यो गौण तत्त्वकै रूपमा खण्डकाव्यमा आएर यसलाई सौन्दर्यमय तुल्याउन सक्छ भन्ने कुरामा भने सहमत हुन सकिने देखिन्छ।

एकरस एकभावको केन्द्रीयता

जीवनका एउटै खण्डको अभिव्यक्ति खण्डकाव्यले गर्ने हुनाले यस क्रममा यसमा अनेक रस र अनेक भावको सृजना गरी तिनलाई परिपाक अवस्थामा पुऱ्याउने काम वाञ्छनीय मानिनुभन्दा पनि कुनै एक रसको परिपाक अवस्था र एक भावको सबल - प्रबल सशक्तीकरण सृजनमा नै खण्डकाव्यकार केन्द्रित हुनु अपेक्षित ठानिन्छ त्यसैले खण्डकाव्यमा एक रस एक तत्त्वको केन्द्रीयता हुनु पर्दछ ।

उद्देश्य

खण्डकाव्यमा खण्डकाव्यकारले आफ्नो मूलकृति खण्डकाव्यमार्फत् कुनै सन्देश दिन सक्छ र त्यो दिन खोजेको खण्डमा त्यो सन्देश खण्डकाव्यमा आउन सक्छ । यदि आफ्नो खण्डकाव्यमार्फत् कुनै सन्देश दिने चाहना नभए जीवनको कुनै एक अंश, खण्ड वा पाटाको चित्रण गर्नु नै पनि खण्डकाव्यको प्रमुख मूल उद्देश्य हुन सक्तछ । यसमार्फत् प्रस्तुत हुने प्रतिबिम्बित उद्देश्यहरूलाई खण्डकाव्यको आफ्नो उद्देश्य हो भन्न सकिन्छ ।

## २.८ खण्डकाव्यका तत्त्व

खण्डकाव्य अनुभूतिको आख्यानीकरण भएको प्रबन्ध संरचनात्मक विधानको कविताविधाअन्तर्गतको एक उपविधात्मक साहित्यिक रूप हो । खण्डकाव्य कविताविधा भएकाले कवितात्मक तत्त्व पनि यसमा हुने गर्दछन् भने आख्यानको महत्त्वपूर्ण प्रयोग हुने भएकाले यसमा आख्यानतत्त्वसम्बन्धी घटकहरूले पनि प्रमुख भूमिका खेलिरहेका हुन्छन् । यिनै विविध सन्दर्भहरूलाई ख्याल राख्दा खण्डकाव्यमा मूलभूत रूपमा घटित हुने यसका प्रमुख तत्त्वहरू निम्न किसिमका रहेका भेटिन्छन् (गैरे, २०६० : १७६) (१) कथावस्तु (२) पात्रविधान (३) देशकाल, वातावरण⁄ परिवेश (४) विषयवस्तु (५) केन्द्रीय कथ्य (६) भावविधान (७) लयविधान (८) बिम्ब, अलङ्कार, प्रतीक, व्यञ्जनाविधान (९) सर्गयोजना (१) भाषाशैली (११) उद्देश्य आदि ।

१. कथावस्तु

खण्डकाव्यमा एउटै मात्र मुख्य विषयवस्तु हुन्छ । खण्डकाव्यमा मुख्य कथावस्तुलाई प्रभावकारी बनाउने स-साना प्रसङ्गहरू पनि जोडिएका हुन्छन् तर ती आफैमा पूर्ण स्वतन्त्र हुादैनन् । यसमा मानवजीवनको समग्रपक्षको नभई कुनै खास पक्षको वर्णन गरिएको हुन्छ । यसको कथानकको अन्तर्विकास द्रुतगतिमा अघि बढ्दछ । खण्डकाव्यको कथावस्तु ऐतिहासिक, पौराणिक, सामाजिक, लोकप्रसिद्ध वा बौद्धिकदर्शनसाग सम्बन्धित हुन्छ । नेपाली साहित्यमा पनि राष्ट्रनिर्माता, राजेश्वरी ऐतिहासिक, पापिनी आमा सामाजिक, उर्वशी पौराणिक, कुञ्जिनी र मुनामदन लोकप्रसिद्ध एवम् आगो र पानी बौद्धिक विषयवस्तु समेटिएका खण्डकाव्य हुन् ।

खण्डकाव्य कविताको मझौलो उपविधात्मक रूप भए पनि यसमा एउटा न एउटा निश्चित निर्णयात्मक विषयवस्तु हुने गर्दछ । यस क्रममा यो ख्यात/प्रसिद्ध, मिश्र उत्पाद्य रूपमा विभक्त हुन्छ र खण्डकाव्यकारले आफ्नो निर्णित निश्चित विषयको केन्द्रीय सूत्रसागै अनुभूतिप्रवाहको विस्तारमय कवितात्मक काव्यमय मझौलो यात्रा गर्नु नै खण्डकाव्यको आफ्नो विषयवस्तुगत यात्रा हुने गर्दछ । यही विषयवस्तु कथानक, पात्र, देशकाल, परिवेश, भाषाशैली हुादै काव्यकलाको कालीगढीमा कुादिन पुग्छ । खण्डकाव्य आफैमा एक अखण्ड सौन्दर्यमय काव्य विधा बन्न पुग्छ । यसप्रकार खण्डकाव्यमा वस्तुतत्त्व एक प्रमुख खण्डकाव्यीय घटक तत्त्वका रूपमा निर्विवाद किसिमले ठडिन पुगेको हुन्छ ।

२. पात्रविधान

खण्डकाव्यमा नायक वा नायिकाको चरित्र महत्त्वपूर्ण हुन्छ । खण्डकाव्यमा महाकाव्यमा झै धेरै चरित्रको प्रयोग गरिनु हुादैन । विषयको प्रकृतिअनुसार पात्रहरूको चित्रण गरिनुपर्दछ । खण्डकाव्यको नायक सुशील, सङ्घर्षशील, कर्तव्यनिष्ठ, आदर्शवान् वा यथार्थवादी र चेतनशील हुनुपर्दछ । खण्डकाव्यकी नायिका सङ्घर्षशील, कुशल गृहिणी, आदर्श महिला, पति-परायण भए राम्रो हुन्छ । (विश्वनाथ, १९१० : ष.प.) खण्डकाव्यमा प्रायःजसो समाज अनुकूल पात्रको प्रस्तुति गरिएको पाइन्छ । कथावस्तुलाई अघि बढाउने कार्यमा पात्र वा चरित्रले महत्त्वपूर्ण भूमिका खेल्दछ तापनि कुनै कुनै पात्रविहीन खण्डकाव्य पनि लेखिएको छ । नेपाली कविता साहित्यमा आधुनिकता भित्र्याउने लेखनाथ पौड्यालको ऋतुविचार र सिद्धिचरण श्रेष्ठको मेरो नेपाल खण्डकाव्य नै पात्रविहीन रहेका छन् ।

३. देशकाल, वातावरण / परिवेश

खण्डकाव्यमा कुनै न कुनै देश, काल र वातावरणको चित्रण गरिएको हुन्छ। परिवेशले खण्डकाव्यमा पात्रद्वारा भोगिएको जीवनजगत्लाई दर्शाउाछ। खण्डकाव्यमा चित्रण गरिएको देश र समय वा समाजका रीतिस्थिति, धर्मसंस्कृति, भाषा, लवाइखुवाइ र प्रकृतिको केवल बाह्य वर्णनमात्र नगरी त्यसभित्रका रहस्यहरू उद्घाटन गर्नुपर्दछ।

४. केन्द्रीय कथ्य

कविले कृतिका माध्यमबाट पाठकसम्म कुनै न कुनै मुख्य विचार प्रस्तुत गर्दछ र कृतिले त्यसै विचारलाई आद्यन्त कलात्मक बान्की पारेर संवहन गर्न पुगेको हुन्छ। यस्तो किसिमको मुख्य विचारलाई कवि वा खण्डकाव्यकारको मुख्य एवं केन्द्रीय कथ्य भन्न सकिन्छ।

यस किसिमको केन्द्रीय कथ्यलाई प्रस्तुत गर्न खण्डकाव्यमा कविले निश्चित कथनपद्धति आगालेको हुन्छ। त्यसमध्ये यो दुई किसिमको हुन्छ, प्रथमतः आफ्नो कथनलाई सोझै भन्न पनि सक्छ भने द्वितीयतः उसले कुनै पात्रका माध्यमबाट भनाउन पनि सक्छ। यी दुई विधि नै मुख्यतया उपलब्ध छन्। यो भन्दा भिन्न तृतीय विधि समष्टि काव्यखण्डकाव्यबाटै प्रस्तुत गर्दै कलात्मक ढङ्गले कथनलाई प्रस्तुत गर्ने कलात्मक परिपाक नै यथार्थतः केन्द्रीय कथ्यको मूल अभीष्ट लक्ष्यगत प्राप्ति हो भन्न सकिन्छ।

५. भावविधान

खण्डकाव्य कविताको एक उपविधा हो र यो साहित्यको अनुभूतिप्रधान विधा पनि हो भन्न सकिन्छ। अनुभूतिका लागि भाव एउटा माध्यम हो र भनौ अनुभूतिका लागि साध्य र साधन पनि हो। भावविना कुनै पनि कुराको अनुभव गर्न नसक्नुका साथै अनुभूतिविहीन हुन पुगिन्छ। यसर्थ खण्डकाव्य अनुभूतिप्रधान साहित्यिक विधा भएकाले खण्डकाव्यकारले वस्तुतत्त्वलाई साधन तुल्याई एउटा निश्चित साध्य भावविधान गर्न पुगेको हुन्छ।

जीवनजगत्मा विद्यमान अनेक भावहरूमध्ये कुनै एक केन्द्रीय भावलाई टिपेर अन्य भावहरूको विकासका बीचमा त्यसको परिपाक गर्नु नै त्यसलाई चरम-प्रतिचरम उत्कर्षको परिपाक सिद्धि दिनु नै यथार्थतः खण्डकाव्यको भावविधान हुने गर्दछ। स्थायीभावको मुख्य परिपाक सिद्धि नै पाठकको आनन्दानुभूति जागृत साधारणीकृत एवं आह्लादित मनोविनोदमय रूपमा काव्यकलाकृति मनोग्राह्य बन्दै हृदयसंवेद्य एवं प्रभावकारी बन्न पुग्दछ। स्थायीभावको

परिपाक-सिद्धिमै पाठकको तादात्मीकृत भाव जागृत एवं सौन्दर्यमय भई आनन्द प्राप्त गर्न पुग्दछ ।

यस क्रममा भाव जति संवेदनशील, सघन र तीव्र एवं आकर्षक प्रभावोत्पादक र समुचित आनन्ददायक कलात्मक हुन पुग्दछ उति भावविधानका दृष्टिले खण्डकाव्यात्मक कृति प्रभावकारी एवं उत्कृष्टताको चूडान्त परिणति हुन पुग्दछ ।

## ६. लयविधान

खण्डकाव्यको रचनामा चाहिने एक महत्त्वपूर्ण तत्त्व छन्द वा लय हो । छन्दको प्रयोग गरिएका खण्डकाव्यमा वर्णमात्रिक, मात्रिक, वार्णिक वा लोकछन्द रहन सक्छन् । शास्त्रीय छन्द, अनुष्टुप्, शार्दूलविक्रीडित, शिखरिणी आदि मात्रिक छन्द आर्या आदि लोकछन्द, झ्याउरे आदि प्रयोग हुन सक्छन् । खण्डकाव्यमा प्रयोग हुने यी सबै छन्दहरू बद्धलय हुन् भने गद्यकविताका ढाँचामा प्रस्तुत हुने लय मुक्त लय हुन् । उदाहरणका लागि राजेश्वरी, ऋतुविचार, नेवारपानी बद्धलयका छन्दोबद्ध खण्डकाव्य हुन् र आगो र पानी र नदी किनारका माझी मुक्तलयका गद्य खण्डकाव्य हुन् । यसमा लय सिर्जनाका क्रममा आउने साङ्गीतिक तत्त्वलाई पनि लिइन्छ ।

## ७. बिम्ब, अलङ्कार, प्रतीक, व्यञ्जनाविधान

हुन त फुटकर कवितामा पनि बिम्ब, अलङ्कार, प्रतीक र व्यञ्जनाविधानको आयोजन कविले नगर्ने होइन तर पनि यस खण्डकाव्यको मझौलो उत्कर्ष रूपमा आइपुग्दा यिनले विशिष्टीकृत, परिष्कृत, परिपक्व सिद्धिसहित आफ्नो काव्यकलामय कुशल कालीगढीको चमत्कृत मझौलो सिद्धिको उत्कृष्ट बान्की सौन्दर्य प्रसार गर्नमा कुनै कमी राख्दैनन् । यी तत्त्वले गर्दा खण्डकाव्य बिम्ब, अलङ्कार, प्रतीक र व्यञ्जनाविधानका दृष्टिले काव्यकला परिपाक सिद्धिमा एक अद्वितीय र अजेय काव्यकृति बन्न पुग्दछ । यसर्थ खण्डकाव्यको काव्यकलाको चमत्कृति, सिद्धि र चूडान्त परिणति उत्कर्ष परिणामी परिणाम निम्ति खण्डकाव्यकारले उत्कृष्ट बिम्ब, अलङ्कार, प्रतीक र व्यञ्जनाविधानको समुपयुक्त संयोजनविधान सिद्धि हासिल मात्र होइन, प्रयोग र त्यसको कलात्मक प्रकटीकरण गर्न सक्नुमा नै खण्डकाव्यको कवित्व सौन्दर्यमय कालीगढीको उच्च चेत स्फुरित एवं उर्जस्वित् हुन पुग्दछ ।

लालित्यमय, सौन्दर्यमय, गूढ, गम्भीर एवं औचित्य र बोधमय चामत्कारिक अभिव्यञ्जन सिद्धिमा बिम्ब, अलङ्कार, प्रतीक र व्यञ्जनाविधानको उत्कृष्ट आयोजनले खण्डकाव्यकारको खण्डकाव्यकारितालाई उपल्लो दर्जामा पुऱ्याउन अहं भूमिका प्रस्तुत गर्न सक्ने सामर्थ्य राख्ने हुनाले नै यिनलाई खण्डकाव्यको प्रमुख घटक तत्त्वका रूपमा निर्विवादमय निर्णय गर्न सकिन्छ ।

## ८. सर्गयोजना

कविताको बृहत् रूपमा महाकाव्य निम्ति सर्गयोजना अत्यावश्यक ठानिए पनि खण्डकाव्यमा भने सर्गयोजनालाई वैकल्पिक रूपमा लिइएको भेटिन्छ । यति हुादाहुादै पनि अनुभूति प्रवाहका मझौला यात्राकै विस्तृतिलाई एक प्रवाहपछि अर्को प्रवाह गर्दै अघि बढाउनुपर्ने यथास्थिति सृजन अवस्थामा सर्गयोजना अपरिहार्य हुन आउाछ र त्यो नै खण्डकाव्यको सृजनप्रक्रियामा प्रमुख घटक तत्त्व बन्न पुग्दछ । यसक्रममा चाहे ऋतुविचार होस्, चाहे मुनामदन नै किन नहोस् तिनका सर्गयोजनाको एक अनिवार्य प्रमुख घटक तत्त्वका रूपमा स्थापित एवं प्रतिष्ठित र प्रमाणित रूपमा सिद्ध तथ्य हुन पुगेकाले सर्गयोजना खण्डकाव्यका निम्ति प्रमुख घटक तत्त्व हो भन्नुपर्दछ ।

यति हुादाहुादै पनि कतिपय समीक्षकले भने खण्डकाव्यमा सर्गयोजना अनिवार्य नभए पनि अनुभूति र आख्यानलाई व्यवस्थित रूपमा संयोजित र संरचित गर्न सर्गयोजना आवश्यक भएको वैकल्पिकता स्वीकार्छन् । यसरी खण्डकाव्य सृजना सन्दर्भमा यो प्रमुख घटक तत्त्व हुन पुगेको भेटिन्छ भनी ईश्वरीप्रसाद गैरेले उल्लेख गरेका छन् । (गैरे, २०६० : १८०)

## ९. भाषाशैली

खण्डकाव्य काव्यकलात्मक अनुभूतिप्रधान साहित्यिक विधा भएकाले र यो कविताको मझौलो रूपको उपविधा भएकाले भाव संवाहमय कवित्वपूर्ण समुपयुक्त भाषाशैलीका लागि शब्दविन्यास, वाक्यविन्यास र वर्णविन्यासमा माधुर्य कलाकारिता र प्रभावात्मक सौन्दर्यसहित शैलीगत सङ्क्षिप्तता, तीव्रता एवं परिमितताको पालन अपेक्षित हुन्छ ।

भाषाप्रयोगमा तत्सम, तद्भव, झर्रा शब्द प्रयोगसहित भाषा वाच्यार्थ, लाक्षणिक, व्यङ्गयार्थ एवं वक्रोक्तिमूलक र व्यङ्गयपूर्ण पनि हुन सक्दछ । यसमा सरल, प्रौढ, नाटकीय, वर्णनात्मक, आत्मपरक विविध शैलीको संयोजन हुन सक्दछ । यति भएर पनि बोधगम्य,

शैलीगत, सरलता, सुस्पष्टता लयात्मक माधुर्यसहित सरस हुन पुग्नु खण्डकाव्यका भाषाशैलीगत सिद्धि एवं प्राप्ति हुन् भन्नुपर्दछ ।

### १०. उद्देश्य

खण्डकाव्यमा जीवनको कुनै एक खण्डको समग्र रूपको प्रस्तुति एकै रसको समग्र व्याख्या र परिपाकसिद्धिसहित भाव परिपाकको काव्यमा परिणामी परिणाममा प्राप्त हुन सक्नुपर्दछ ।

खण्डकाव्यका माध्यमबाट कविले दिन खोजेको सन्देश वा जीवनदृष्टि काव्य परिपाकमय रससिद्धिले युक्त भावविधानमा अभिव्यञ्जित भई सम्पूर्ण खण्डकाव्यका माध्यमबाट कलात्मक रूपमा प्रकटीकृत हुन सक्नु नै यथार्थतः खण्डकाव्यको उद्देश्य प्राप्त हुनु हो । यसैलाई नै खण्डकाव्यको उद्देश्य प्राप्त भएको भन्न सकिन्छ ।

## २.९ नेपाली खण्डकाव्यको वर्गीकरण

नेपाली साहित्यको विधागत विकासको सन्दर्भलाई हेर्दा खण्डकाव्यको वर्गीकरणबारे भर्खर भर्खर सामान्य अध्ययन गर्न थालिए पनि यसको व्यवस्थितताबारे अझै अन्यौल छ । यस प्रक्रियालाई छोएर अघि बढ्दा व्यवस्थित रूपमा खण्डकाव्यको वर्गीकरण गर्ने क्रममा विविध प्रकृतिका खण्डकाव्यको सिर्जना नवीन धारागत प्रवर्तन गर्ने खण्डकाव्यको प्रवर्तन तथा आख्यानको प्रयोग-अप्रयोग संरचना र रूपकृतिगत कथानक, शैली, सर्ग, शीर्षकजस्ता आधारहरूलाई मध्यनजर गर्दै नेपाली खण्डकाव्यको वर्गीकरणलाई मूलभूत रूपमा व्यवस्थित तबरले यसरी प्रस्तुत गर्न सकिन्छ (गैरे, २०६० : १८१)।

### (क) विषयवस्तुका आधारमा

नेपाली खण्डकाव्यलाई विषयवस्तुका आधारमा वर्गीकरण गर्दा यसमा प्रसिद्ध, उत्पाद्य र मिश्र जस्ता तीन स्रोतका आधारमा खण्डकाव्यको वर्गीकरण गरी हेर्न सकिन्छ ।

(१) प्रसिद्ध विषयवस्तुअन्तर्गत ऐतिहासिक, पौराणिक, सांस्कृतिक, धार्मिक विषयवस्तुलाई आधार बनाई लेखिएका खण्डकाव्यहरू पर्दछन् । यस्ता खण्डकाव्यहरूमध्ये ऐतिहासिक विषयवस्तुको लक्ष्मीप्रसाद देवकोटाको कटक,

हिमज्योति, माधव घिमिरेका राजेश्वरी, राष्ट्रनिर्माता पर्दछन् भने पौराणिकमा लक्ष्मीप्रसाद देवकोटाको सीताहरण तथा सांस्कृतिकमा गजेन्द्रमोक्षजस्ता खण्डकाव्य पर्दछन् ।

प्राचीन पुराण वा धर्मग्रन्थसाग सम्बन्धित विषयवस्तुमा आधारित भएर लेखिएका खण्डकाव्यलाई पौराणिक खण्डकाव्य मानिन्छ भने यस्ता खण्डकाव्यहरूमा सिद्धिचरणको उर्वशी, घनश्याम काडेलको देवयानीजस्ता खण्डकाव्यहरू पर्दछन् । यी पनि प्रसिद्ध विषयवस्तुअन्तर्गत पर्दछन् ।

(२) उत्पाद्यअन्तर्गत मौलिक तथा सामाजिक वा समाजमा रहेका विविध पक्ष र समस्यालाई आधार बनाएर लेखिएका खण्डकाव्यहरू पर्दछन् । यस्ता खण्डकाव्यमा देवकोटाका मुनामदन, कुञ्जिनी र घिमिरेका पापिनी आमाजस्ता उत्पाद्य सामाजिक मौलिक खण्डकाव्यहरू रहेका भेटिन्छन् ।

यी तीन विषयवस्तु खण्डकाव्यको वर्गीकरणका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् भने यिनका अतिरिक्त वैचारिक, दार्शनिक एवं प्रकृतिमूलक विषयवस्तुलाई आधार बनाएर लेखिएका खण्डकाव्यलाई समेत विषयवस्तुगत वर्गीकरणका आधारमा हेर्न उपयुक्त ठानिन्छ र यिनको वर्गीकरण यसरी प्रस्तुत गरिन्छ-

(अ) वैचारिक दार्शनिक

मुख्यतया विचारलाई जोड दिई उच्च वैचारिक एउटा निश्चित दार्शनिक स्वरूपअन्तर्गत आगाल्न पुगेको खण्डकाव्यलाई वैचारिक - दार्शनिक खण्डकाव्य भनिन्छ भने यस्तो खण्डकाव्य बालकृष्ण समको आगो र पानी खण्डकाव्य देखा पर्दछ जसलाई वैचारिक - दार्शनिक खण्डकाव्य भन्नुपर्दछ ।

(आ) प्रकृतिमूलक

मुख्यतया प्रकृतिलाई नै मूल विषयवस्तु बनाई त्यसमा आधारित भएर लेखिने खण्डकाव्यलाई प्रकृतिमूलक खण्डकाव्य भनिन्छ भने यस्तो नेपाली खण्डकाव्यमा लेखनाथ पौड्यालको ऋतुविचारलाई प्रकृतिपरक खण्डकाव्य भनिन्छ ।

(ख) कथानकका आधारमा

(अ) कथावस्तु प्रधान

कथानकको प्रबलता भएका खण्डकाव्यहरूमा मायाविनी सर्सी, हिमज्योति र मुनामदन पर्दछन् । यिनमा कथावस्तुको प्राबल्य भेट्न सकिन्छ ।

(आ) चरित्रप्रधान

घटनालाई भन्दा चरित्रलाई बढी महत्त्व दिएर लेखिएका खण्डकाव्यलाई चरित्रप्रधान खण्डकाव्य भनिन्छ । यस्ता खण्डकाव्यमा माधव घिमिरेको राजेश्वरी र सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्यलाई लिन सकिन्छ ।

(इ) नाटकीय

घटना र चरित्रलाई सुगठित पार्दै संवादलाई प्रमुखता दिई लेखिएको खण्डकाव्यलाई नाटकीय खण्डकाव्य भनिन्छ । यस्ता खण्डकाव्यमा माधव घिमिरेका राष्ट्रनिर्माता र राजेश्वरी पर्दछन् ।

(ग) लयप्रयोगका आधारमा

लयका दृष्टिले खण्डकाव्यहरूलाई हेर्दा मुख्यतया वर्णमात्रिक, मात्रिक र वार्णिक/ लोकलय हुने गर्दछन् भने यिनका आधारमा नेपाली खण्डकाव्यलाई हेर्दा वर्णमात्रिक झन्झा वर्णन, मात्रिक सीताहरण, वार्णिक लोकलयको मुनामदन तथा मुक्त लयात्मक मायाविनी सर्सी खण्डकाव्य देखा पर्दछन् ।

(घ) सर्गयोजनाका आधारमा

यस आधारमा खण्डकाव्यमा सर्गको प्रयोग गरिएको छ वा छैन दुई आधारमा खण्डकाव्यलाई हेर्ने गरिन्छ । यसरी हेर्दा सत्यकलि संवाद सर्गरहित खण्डकाव्य हो भने कुञ्जिनी र मुनामदन सर्गसहित खण्डकाव्यहरू हुन् ।

(ङ) शीर्षक प्रयोगका आधारमा

शीर्षक प्रयोग घटना, चरित्र, विषयवस्तु, सुखान्त-दुःखान्तका आधारमा खण्डकाव्यलाई हेर्ने गरिन्छ । यसरी हेर्दा घटनाप्रधान रावण जटायु युद्ध, सीताहरण, मुनामदन, कुञ्जिनी, लुनी छन् भने चरित्रप्रधान कटक, विषयवस्तुप्रधान वैराग्य लहरी र आनन्दशतक, सुखान्त लुनी र दुःखान्त कुञ्जिनी खण्डकाव्य हो ।

(च) शैलीका आधारमा

शैलीका आधारमा खण्डकाव्यको वर्गीकरण गर्दा कविप्रौढोक्ति, कविनिबद्ध प्रौढोक्ति र मिश्रित शैलीका आधारमा वर्गीकरण यसरी गर्न सकिन्छ -

(अ) कविप्रौढोक्ति

कविले आफ्ना अवधारणाहरूलाई पात्रविना कृतिमा सोझै प्रस्तुत गर्नु कवि प्रौढोक्ति शैली हो । नेपालीमा माधव घिमिरेको पापिनी आमा, लेखनाथ पौड्यालको ऋतुविचार यस्तो शैली प्रयोग गरिएका खण्डकाव्य हुन् ।

(आ) कविनिबद्ध प्रौढोक्ति

कविले आफ्ना धारणा, विचार पात्रका माध्यमबाट प्रस्तुत गर्ने शैली कविनिबद्ध प्रौढोक्ति हो । यस्ता खण्डकाव्यमा माधव घिमिरेका राष्ट्रनिर्माता, राजेश्वरीलाई लिन सकिन्छ ।

(इ) मिश्रित शैली

कविले आफ्ना धारणा कतै सोझै त कतै पात्रका माध्यमबाट व्यक्त गर्दै यी दुवै प्रक्रिया अपनाउनु मिश्रित शैली हो । यस्ता खण्डकाव्यमा लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, सिद्धिचरण श्रेष्ठको उर्वशी र समको आगो र पानी पर्दछन् ।

(छ) धारागत आधारमा

(अ) परिष्कारवादी

शास्त्रीय नियम पालन गरी बारम्बार संशोधन-परिमार्जनबाट परिष्कृत खण्डकाव्य भेटिनु कुनै परिष्कारवादी खण्डकाव्य प्राप्त हुनु हो । यस्तो परिष्कारवादी खण्डकाव्यमा लेखनाथको ऋतुविचार देखापर्दछ ।

(आ) स्वच्छन्दतावादी

शास्त्रीय नियममा नअल्मलिई प्रकृति, मानवजस्ता कुरालाई आत्मसात गर्दै स्वतःस्फूर्त रूपमा स्वच्छन्द तरिकाले लेखिने खण्डकाव्यलाई स्वच्छन्दतावादी खण्डकाव्य भनिन्छ । यस्तो खण्डकाव्यमा लक्ष्मीप्रसाद देवकोटाको मुनामदन र माधव घिमिरेको राजेश्वरी खण्डकाव्यलाई लिन सकिन्छ ।

(इ) प्रयोगवादी

पाश्चात्य साहित्यमा विकसित नवीनतम चिन्तन, विसङ्गति, अस्तित्व, अति-यथार्थवाद, दादावाद जस्ता प्रभावका आधारमा लेखिएका र प्रयोगमा आधारित भएको खण्डकाव्य प्रयोगवादी खण्डकाव्य हो । मदन रेग्मीको आजाजुजे पहाड र घाउका आाखा एवं मोहन कोइरालाको लेक खण्डकाव्यलाई प्रयोगवादी खण्डकाव्यका रूपमा लिन सकिन्छ ।

## २.१० आधुनिक नेपाली खण्डकाव्यको विकासक्रम

नेपाली खण्डकाव्यको विकासक्रमलाई नेपाली कविता-विधाकै विकासक्रमसाग जोडेर हेर्नुपर्ने हुन्छ । यसका लागि हालसम्म सर्वाधिक प्रचलित र प्रायः मान्य परम्पराअनुसार नेपाली कविताको विकासलाई तीन प्रमुखकालमा बाांडेर अध्ययन गरिन्छ- प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल । नेपाली कविताको सिङ्गो विकासयात्रालाई तीन कालमा विभाजन गरेझैं नेपाली खण्डकाव्यलाई यिनै तीन कालमा बाांडेर अध्ययन गर्न सकिन्छ । अतः नेपाली खण्डकाव्यको विकासक्रमलाई निम्नलिखित तीन कालमा बाांडिन्छ (शर्मा, २०५९ : ६९)।

(१) प्राथमिक काल (१८०१ - १९४०)

(२) माध्यमिक काल (१९४१ - १९७४)

(३) आधुनिक काल (१९७५ - हालसम्म)

(१) प्राथमिक काल (१८०१ - १९४०)

नेपाली खण्डकाव्यको प्राथमिक काल कविताको प्रारम्भकालदेखि नै सुरु नभए पनि दोस्रो चरणतिरको पं. दैवज्ञकेशरी अर्यालको अश्वशुभाशुभपरीक्षा पहिलो प्रयास थियो । यसपछि वीरशाली पन्तको विमलबोधानुभव र उदयानन्द अर्यालको वेताल पच्चीसीले आरम्भिक खण्डकाव्यात्मक कृतिको नमुना प्रस्तुत गरेका छन् । यिनमध्ये भक्तिरसको लघुकाव्य विमलबोधानुभव अनुभूतिका दृष्टिले गहकिलो छ ।

यही कालमा वसन्त शर्माका कृष्णचरित्र (वि.सं. १८९४) र समुद्रलहरी (वि.सं. १९०१) काव्यकृति देखापर्दछन् । वसन्त शर्माको कृष्णचरित्रलाई नेपाली भाषाको पहिलो खण्डकाव्य मानिएको छ र वसन्त शर्मा पहिला सफल खण्डकाव्यकार मानिएका छन् ।

यसपछि भानुभक्त आचार्यका बधूशिक्षा, भक्तमाला र प्रश्नोत्तरमाला गरी तीन लघुकाव्य देखापर्छन् । वधूशिक्षा मौलिक सामाजिक काव्य, भक्तमाला भक्तिरसयुक्त पद्यानुवाद हो । यसै क्रममा निर्गुण भक्तिधाराको लोकलयात्मक आध्यात्मिक काव्य उदयलहरी समाजसुधारको सन्देश र व्यङ्गयात्मक अभिव्यक्ति दिन अघि सर्छ । पतञ्जली गजुर्‍यालका लोकलयात्मक रामकथा प्रस्तुत गर्ने अध्यात्मरामायण बालूनका साथै मत्स्येन्द्रनाथको कथा अनि सामाजिक समस्यामा आधारित बोक्सी चरित्र तथा कृष्णभक्तिमा आधारित हरिभक्तमालाजस्ता खण्डकाव्यले प्राथमिककालीन खण्डकाव्यको विकासमा टेवा पुर्‍याएका छन् । यसकालमा हरिदासको ध्रुवचरित्र र प्रÅलाद अनि छविलाल नेपालको पुत्रशिक्षा नामक खण्डकाव्यात्मक रचनाहरू पाइएका छन् । यसै क्रममा लोकपरम्पराका काव्य रचना गर्ने लालबहादुर आउामासी र उनको भोटको लडाईंको सवाई तथा नरबहादुर राना र उनको जङ्गबहादुरको सवाइ उल्लेखनीय छन् ।

प्राथमिक कालका खण्डकाव्यहरूमा अनुवाद रूपान्तरण र मौलिकता, पौराणिक कथा, सामाजिक कथा र लोककथा, शास्त्रीय छन्द र लोकछन्द, आख्यानात्मकता र आख्यानहीनताजस्ता काव्यात्मक प्रवृत्ति छन् । यो काल मूलतः भक्ति र वैराग्यका धार्मिक कृतिकै बोलवाला भएको चरण देखिन्छ भने यस कालमा सामाजिक काव्यलेखनको प्रयास पनि भएको देखिन्छ । यसरी खण्डकाव्य रचना गर्ने दरिलो पूर्वाभ्यास यस कालमा भएको छ ।

प्राथमिककालीन खण्डकाव्यका प्रमुख प्रवृत्तिगत विशेषता

- अनूदित कृतिको बहुलता

- मौलिक रचनातर्फको उल्लेख्य प्रयास,
- शास्त्रीय र लोकप्रेरित दुवै छन्दलयको प्रयोग,
- आख्यानयुक्त र आख्यानरहित दुवै प्रकारका खण्डकाव्यको रचना,
- वीररस र भक्तिरसको केन्द्रीयता,
- आध्यात्मिक भावना, सामाजिक नीति-चेतना, धार्मिक दृष्टिकोण तथा स्तुतिपरकता,
- उपदेशात्मक उद्देश्यको भावना,
- विधागत सचेतताको अभाव,
- विषयवस्तुको सामान्य प्रस्तुति,
- वर्णनात्मकतालाई प्राथमिकता,
- शिल्पसौन्दर्यको दुर्बलता,
- निम्न र निम्नमध्यमवर्गीय परिवेश - चित्रण
- धार्मिक, पौराणिक, सामाजिक तथा आध्यात्मिक विषयवस्तु र
- लहरी काव्यको सुरुवात आदि ।

२. माध्यमिक काल (१९४१ - १९७४)

माध्यमिक कालको मूल धारा शृङ्गार र त्यसको प्रवर्तन गर्ने केन्द्रीय प्रतिभा मोतीराम भट्टका प्रयासबाट नेपाली खण्डकाव्यलेखनको परम्परा अघि बढ्न थाल्यो । मोतीरामले शृङ्गारधाराका उषाचरित्र, कमलभ्रमर संवाद, पिकदूत र भ्रमरगीत नामका खण्डकाव्यहरू र धार्मिक एवम् भक्तिपरक विषयका तीजको कथा, प्रÅलादभक्ति कथा र गजेन्द्रमोक्ष खण्डकाव्यहरू रचे । यीमध्ये पिकदूत, भ्रमरगीत र कमलभ्रमर संवाद मौलिक हुन् ।

यस कालमा गोपीनाथ लोहनीले पौराणिक विषयका धार्मिक- सामाजिक खण्डकाव्यका रूपमा नृगचरित्र (१९४९), नलोपाख्यान (१०९५२), ध्रुवचरित्र (१९६४) र सत्यवादी हरिश्चन्द्र कथा लेखेका छन् । आशुकवि शम्भुप्रसाद ढुङ्गेलले विभिन्न विषय र प्रवृत्ति भएका पञ्चक प्रपञ्च, चन्द्रप्रताप वर्णन, द्यूतशतक र शकुन्तलोपाख्यान नामका खण्डकाव्यहरू नेपाली साहित्यलाई दिएका छन् । शिखरनाथ सुवेदीले शृङ्गारिक काव्यहरू बाह्रमासे (१९५५) र विवाहदर्पण, पौराणिक काव्य पिनासको कथा तथा शासक स्तुतिकाव्य वीरषष्ठिका (१९५५) लेखेको पाइन्छ । कृष्णप्रसाद रेग्मीले पनि शृङ्गारिक खण्डकाव्यहरूको वृद्धिमा टेवा पुऱ्याउन

बाह्रमासे (१९६०), रम्भाशुकसंवाद (१९६०), विरलहरी (१९६०), पट्ठापट्ठीको प्रीतिबन्धन (१९७२) प्रस्तुत गरेको देखिन्छ। रामप्रसाद सत्यालले पौराणिक- धार्मिक काव्यकृति शैव्य - हरिश्चन्द्र, स्यमन्तकमणिकथा, महासती अनसूया, ध्रुवचरित्र दिएका छन् भने केदारनाथ खतिवडाले नलदमयन्तीको कथा, शुभविवाह आदि खण्डकाव्य रचना गरेका छन्।

यस कालमा पौराणिक आख्यानका धार्मिक खण्डकाव्यहरू अरू पनि लेख्ने प्रयास कविहरूबाट भयो। यिनीहरूमा लक्ष्मीदत्त पन्तको हरिश्चन्द्रवर्णनम्, वाणीविलास पाण्डेको चित्रकूटोपख्यान र चन्द्रदासोपाख्यान, प्रेमप्रसाद भट्टराईको सतीसावित्री, हरिहर लामिछानेको सुदामाचरितम्, बद्रीदासको रुक्मिणीहरण लीला, शिवनिधि जोशीको सीताभारतबालून आदि पर्दछन्।

विविध विषयका अन्य खण्डकाव्यहरू र खण्डकाव्यकारको सूचीमा यी पनि पर्छन - पहलमानसिंह स्वारका पिकदूत र बाह्रमासा, जगन्नाथ - बैजनाथ सेढाईंका चन्द्रमयूख, भूचन्द्र - चन्द्रिका, तारानाथ नेपालको नेपालशतक, वेदनिधि शर्माको वधूशिक्षा, डिल्लीदत्त पन्तका शोकमालिका र करुणा - तरᐧिणी', उदयनारायणको बद्रीवर्णन आदि।

यस कालमा सवाई, लहरी, बाह्रमासा रचना गरी खण्डकाव्यको परम्परालाई अघि बढाउनेहरू र तिनका रचनाहरू हुन् - डाकमान राईको दार्जिलिङ्को सवाई, रतन गिरीको चन्द्रशमशेरको सवाई, मणिराज जोशीको चराको सवाई, प्रतापसिंह राईका प्रीतिलहरी र मदनलहरी, आर.एन. प्रधानको प्रेमलहरी र दानराज लामिछानेको बाह्रमासा आदि।

निष्कर्षमा यस कालका अधिकांश खण्डकाव्यकारहरूको मूलधारा र प्रवृत्ति शृङ्गार रह्यो भने अर्को धारा परम्परागत भक्तिधाराकै काव्यगत प्रवृत्ति रह्यो। सामाजिक धाराको प्रभावतथा शासकस्तुति धाराको प्रवृत्ति पनि देखापर्‍यो। शास्त्रीय छन्द, उर्दू-फारसीको गजल र लोकछन्दका प्रभावमा काव्यहार रच्ने काम भयो। यसरी माध्यमिक कालले आधुनिक खण्डकाव्यको जन्मका निम्ति सबल पृष्ठभूमि तयार गरिदियो।

माध्यमिककालीन खण्डकाव्यका प्रमुख प्रवृत्तिगत विशेषता

- शृङ्गारिकताको केन्द्रीय धारामा गतिमान हुनु,
- शिष्ट र अशिष्ट दुवैखाले शृङ्गारिक स्वरूपको वर्णन गर्नु,
- संयोग शृङ्गारमा भन्दा विप्रलम्भ शृङ्गारमा ज्यादा रमाउनु,
- विषयवस्तुमा विविधता देखिनु,
- प्राथमिककालीन रामभक्ति, कृष्णभक्ति र निर्गुणभक्तिले निरन्तरता पाउनु,

- व्यक्तिस्तुति र औपदेशिकताको प्रबलता रहनु,
- शास्त्रीय र लोकलय दुवै छन्दमा काव्य रचिनु,
- लहरी साहित्यिक धाराले निरन्तरता पाउनु,
- आख्यानको प्रबलता रहनु,
- अन्तिम चरणमा आएर युगस्पर्शको रन्को वरण गर्नु,
- काव्यशिल्पमा भन्दा श्लोकबद्धतामा बढ्ता केन्द्रित हुनु,
- सैद्धान्तिक प्रस्तुतीकरणतर्फ विशेष झुकाव देखिनु,
- समसामयिक र साहित्यिक वातावरणको निर्माण गर्नु,
- अनुदित र गीतिचेतनासम्बन्धी विषयमा झुकाव राख्नु,
- यौनजनित रतिरागको छाडा प्रस्तुतिले गर्दा काव्यिक गरिमा कमजोर हुनु (केही काव्यहरूमा)
- प्राथमिक कालमा भन्दा बढ्ता गौरवशाली कवित्वकला झल्किनु र
- सामाजिक, नैतिक, धार्मिक, आध्यात्मिक, सांस्कृतिक र जातीय जागरणतर्फ केही मात्रामा प्रयास गर्नु आदि ।

३. आधुनिक काल (१९७५ - हालसम्म)

नेपाली खण्डकाव्यको आधुनिक काल निम्त्याउन प्रमुख भूमिका निर्वाह गर्ने पहिला सफल कवि लेखनाथ पौड्याल हुन् । लेखनाथले शोकप्रवाह (१९७०) हुादै ऋतुविचार (१९७३), बुद्धिविनोद (१९७३) र सत्यकलिसंवाद (१९७६) सम्म आइपुग्दा आधुनिक नेपाली खण्डकाव्यको प्रवर्तन गरिसकेका थिए । त्यसैले लेखनाथ पहिला आधुनिक नेपाली खण्डकाव्यकार हुन् ।

लेखनाथपछि लक्ष्मीप्रसाद, आनन्ददेव भट्ट, युद्धप्रसाद मिश्र, मोहन कोइराला, दिनेश अधिकारी आदिसम्मका असङ्ख्य कविहरूले नेपाली आधुनिक खण्डकाव्यको समग्र विकासयात्रालाई समृद्ध तुल्याएका छन् । जसलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ -

(क) पहिलो चरण : परिष्कारवादी धारा

(ख) दोस्रो चरण : स्वच्छन्दतावादी धारा

(ग) तेस्रो चरण : प्रगतिवादी धारा

(घ) चौथो चरण : प्रयोगवादी धारा

(ङ)    पााचौा चरण : समसामयिक धारा

(क)    पहिलो चरण

पहिलो चरणको मुख्य समयावधि १९७० देखि १९९१ सम्म रह्यो । यस चरणमा परिष्कारवादी धाराका खण्डकाव्यहरूको रचना र विस्तार भयो । कवि शिरोमणि लेखनाथ पौड्यालले पहिलो चरणको प्रतिनिधित्व गरेको देखिन्छ । उनका शोक प्रवाह, ऋतुविचार, बुद्धिविनोद, सत्यकलि संवाद, गीताञ्जली (१९८६) त्याग र उदयको युगल प्रकाश (२००२), अमरज्योतिको सत्यस्मृति (२००८), मेरो राम (२०११) जस्ता खण्डकाव्यहरू प्रकाशित छन् । परिष्कारवादी धारालाई उत्कर्षमा पु¥याउने लेखनाथका खण्डकाव्यहरूमा भाषिक, सांस्कृतिक, आध्यात्मिक, धार्मिक, नैतिक, सामाजिक जागरणको भावना, मानव मनको सुन्दरता र प्राकृतिक सुन्दरता जस्ता विशेषताहरू भेटिन्छन् । उनको ऋतुविचार परिष्कारवादी धाराको सर्वश्रेष्ठ खण्डकाव्य ठहरिन्छ भने लेखनाथ सर्वश्रेष्ठ खण्डकाव्यकार मानिन्छन् ।

यस चरणको धारागत प्रवृत्तिलाई आगालेर खण्डकाव्य रचना गर्ने अन्य परिष्कारवादी धाराका खण्डकाव्यकार र खण्डकाव्यहरू छन् । महानन्द सापकोटाको मनलहरी (१९८०), अपुङ्गो (२००७), हाम्रो नेपाल (२००८) र अन्नु, आशा, आासु (२००८) प्रकाशित छ्न । सामाजिक सांस्कृतिक क्रान्ति, जातीय एवं राष्ट्रिय भावना, प्रगतिशीलता, झ्याउरे लयको सम्मान गर्ने प्रवृत्ति यिनमा छ । यसैगरी भीमनिधि तिवारीको तर्पण (१९९४) र यशस्वी शव (२०१३) करुणाको धारा बगाउने शोककाव्य हुन् । माधवप्रसाद देवकोटाका हूस्सू पथिक (२०१०), रुरु गौरव (२०३०) र हरिहर शास्त्रीका अनभिज्ञता, शोभाशशी, देवी, सिक्री र समय, बदरीनाथ भट्टराईको सिन्धुलीको झलक (२०१५), बालकृष्ण समको आगो र पानी (२०११) पनि यसै धाराको उत्कृष्ट खण्डकाव्य हो । यस धाराका खण्डकाव्य रच्ने अन्य प्रतिभाहरूमा डमरुबल्लभ पौडेल, साम्वभक्त सुवेदी, कृष्णप्रसाद घिमिरे, घटराज भट्टराई, गुणराज उपाध्याय, मुकुन्दशरण उपाध्याय आदिको नाम आउाछ । डमरुबल्लभको यात्री, साम्बभक्तका मुरारी, पुकार र सत्यव्रत, कृष्णप्रसादका रुक्मिणी विवाह, अजामिल, अवधूत, घटराज भट्टराईको उषा, बलबाहु, सााचो प्रेम, अश्रुपात, गोविन्द गीत, शान्तिशतक आदि र मुकुन्दशरणको प्राकृत पोखरा छन् ।

(ख) दोस्रो चरण

दोस्रो चरणको मुख्य समयावधि वि.सं. १९९२ देखि २००७ सम्म रहन्छ । यो चरण स्वच्छन्दतावादी धाराको खण्डकाव्य - सृजनाको अवस्था हो । यस चरणको आरम्भ महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेका हुन् । लक्ष्मीप्रसादले खण्डकाव्यको बाढी नै ल्याइदिए । उनका झन्डै दुई दर्जन खण्डकाव्यहरू प्रकाशित छन् । मुनामदन (१९९२), राजकुमार प्रभाकर (१९९७), कुञ्जिनी (२००२), पहाडी पुकार (२००५), आसु (२००६), वसन्ती (२००९), म्हेन्दु (२०१५), रावण - जटायु युद्ध (२०१५), लुनी (२०२३), दुष्यन्त - शकुन्तला भेट (२००५), सीताहरण (२०२४), मायाविनी सर्सी (२०२४), नवरस (२०२५), कटक (२०२६), मैना ( २०३९), सृजामाता (२०३९), नेपाली मेघदूत (२०३९), वैराग्यलहरी (२०३९) आदि । विविध विषय, छन्द, रस आदिले भरिएका देवकोटाका खण्डकाव्यहरूमध्ये मुनामदन सर्वोत्कृष्ट खण्डकाव्य हो भने लक्ष्मीप्रसाद देवकोटा नेपाली कविता परम्पराका सर्वश्रेष्ठ खण्डकाव्यकार हुन् ।

महाकवि देवकोटाद्वारा सुरुआत गरिएको स्वच्छन्दतावादी धाराको खण्डकाव्य लेखनलाई अघि बढाउने अन्य खण्डकाव्यकारहरू हुन् - सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, धर्मराज थापा, अगमसिंह गिरी, भरतराज पन्त, नीरविक्रम प्यासी, कञ्चन पुडासैनी, कुमारबहादुर जोशी, वासुदेव त्रिपाठी, घनश्याम काडेल, भानुभक्त पोखरेल, कृष्णप्रसाद पराजुली आदि ।

सिद्धिचरणका उर्वशी (२०१७), ज्यानमारा शैल (२०२३), म॰लमान (२०४९), भीमसेन थापा र आासु (२०५०) प्रकाशित छन् । माधव घिमिरेका गौरी (२०१५), पापिनी आमा ( २०१३), राजेश्वरी (२०१७), राष्ट्रनिर्माता (२०२३), धर्तीमाता (२०३०) शकुन्तला (२०३८), मालती - म॰ले (२०३९), विषकन्या (२०५०), अश्वत्थामा (२०५३), हिमालपारि हिमालवारी ( २०५४), देउकी (२०५५) आदि प्रकाशित छन् ।

धर्मराज थापाको बन्चरो (२००३), रत्न जुनेली (२००३), मङ्गली - कुसुम (२०२५), गोलसिमल (२०३६) आदि प्रकाशित छन् भने अगमसिंह गिरीका याद (२०१२), आासु (२०२५) र युद्ध र योद्धा (२०२७) प्रकाशित छन् । भरतराज पन्तका दिनेश, शैलपुत्री, चन्द्रहास नेपाली पाठकसामु आएका छन् भने नीरविक्रम प्यासीको चन्द्रा र हिमज्योति प्रकाशनमा आएका छन् । कञ्जन पुडासैनीका प्रेम, प्रेमिका, कवि, आखिर, प्रत्यागमन आदि, कुमारबहादुर जोशीको सिंहसार्थ बाह, वासुदेव त्रिपाठीका वासवदत्ता, अर्द्धनारीश्वर, अधबैसको गीत, शिशिर वसन्त आदि, घनश्याम काडेलको देवयानी, उज्यालोतिर आदि, भानुभक्त पोखरेलका राष्ट्रमाता,

मान्छेको म, मेरी देवयानी आदि र कृष्णप्रसाद पराजुलीको कथा आासुको आदि खण्डकाव्यहरू यस चरणका उल्लेखनीय कृति हुन् । यी खण्डकाव्यका खण्डकाव्यकारहरूले स्वच्छन्दतावादलाई मूल प्रवृत्तिका रूपमा आत्मसात गरी अनेकौ भावगत, विषयगत, लयगत, शिल्प-शैलीगत विविधतामा नेपाली खण्डकाव्यलाई प्रवाहित र विस्तारित गर्ने महत्त्वपूर्ण कार्य सम्पन्न गरेका छन् ।

(ग) तेस्रो चरण

तेस्रो चरण आधुनिक नेपाली खण्डकाव्यको प्रगतिवादी धाराको प्रारम्भ र विकास भएको कालावधि हो । २००७ सालको प्रजातन्त्र - उदयको समयले कविहरूलाई स्वतन्त्रतापूर्वक प्रगतिवादी विचारधारा अभिव्यक्ति गर्ने वातावरण प्रदान गऱ्यो । फलस्वरूप यस कालमा आनन्ददेव भट्ट, युद्धप्रसाद मिश्र, रामचन्द्र भट्टराई, जनकप्रसाद हुमागाई, मोदनाथ प्रश्रित, गोविन्द भट्ट आदिले प्रगतिवादी धारालाई वरण गर्दै खण्डकाव्यको रचना गर्न समर्थ भए । यो चरणको समयावधि २००७ देखि २०१६ सम्म रह्यो ।

यस क्रममा सर्वप्रथम विविध विषयवस्तुमा आबद्ध हुादै प्रगतिवादी स्वरका खण्डकाव्य रचनामा अग्रसर भएका हुन् - आनन्ददेव भट्ट । उनका ९७ साल (२०१५), जीवनकै थुम्काबाट (२०१६), उमर खैय्यामलाई जवाफ (२०१६), साहिली मैयाा (२०१८), युरी एलेक्स एमिच गागरिन (२०१९) जस्ता खण्डकाव्यहरू प्रकाशित छन् । यसपछि प्रगतिवादी धाराका उत्कृष्ट खण्डकाव्यकारका रूपमा मोदनाथ प्रश्रितले आमाको आासु (२०१९), बुबा खै ?(२०२०) नामका सशक्त खण्डकाव्य प्रदान गरे । अझ प्रगतिवादी धाराका उत्कृष्ट गीतिकाव्यका रूपमा अनुभूति र आख्यानको सन्तुलनसाथ कवि रामचन्द्र भट्टराईले बोनी (२०२३) काव्य प्रकाशित गर्न पुगे । उनीपछि सामाजिक क्रान्ति र परिवर्तनको स्वर घन्काउने छन्दोबद्ध खण्डकाव्य सत्यसन्देश

(२०२४) र गुण्डादर्पदलन लिएर गोविन्द भट्ट देखापरे । यसै क्रममा अर्को सशक्त प्रगतिवादी कवि युद्धप्रसाद मिश्रले मुक्त रामयण अरण्यकाण्ड (२०२७) र मुक्त सुदामा (२०२९) खण्डकाव्यहरूका माध्यमबाट प्रगतिवादी खण्डकाव्यलेखनको परम्परालाई बलियो बनाउन सशक्त भूमिका खेले । हाल यस परम्परालाई निरन्तरता दिने कैयौा कविहरू जुटिरहेका छ्न ।

(घ) चौथो चरण

आधुनिक नेपाली खण्डकाव्यको चौथोचरण प्रयोगवादी धाराको कालावधि हो। देवकोटाको अवसानपछि २०१७ सालदेखि प्रयोगवादी धाराको प्रवर्तन र नेतृत्व गर्दै मोहन कोइरालाको आगमन भयो। प्रयोगवादी धारामा खण्डकाव्य वा महाकाव्य भन्ने नामका काव्यकृति छैनन् तर लामा कविता ९ीयलन उयझ० नाममा खण्डकाव्य वा महाकाव्य समकक्षी काव्यकृति भने विकसित हुन पुग्छन्। यस धाराका खण्डकाव्यको मुख्य समयावधि २०१७ देखि २०३५ सम्म रह्यो।

प्रयोगवादी लामा कविता वा खण्डकाव्यको प्रारम्भ गर्ने पहिलो व्यक्ति मदन रेग्मी हुन् र त्यस्तो खण्डकाव्य आजाजुजे पहाड र घाउको आाखा (२०२१) हो। यसपछि द्वारिका श्रेष्ठको एउटा चुरोटको ठुटो दिनको प्रकाशमा (२०२१) र मोहन कोइरालाका सूर्यदान (२०२२), लेक (२०२३), पलङ् नं २१ (२०२०), नुनशिखरहरू (२०३१), नदी किनाराका माझी (२०३८), सडकको धूलोमा नाटक, यो परिवेश हिजोको, गङ्गाप्रसाद, ऋतुनिमन्त्रण, गरलपान, एउटा पपलरको पात आदि लामा कविता प्रकाशित छन्। यस्तै गरी ईश्वरवल्लभका मेरी आमाले आत्महत्या गरेको देश (२०२८), एउटा सहरको किनारामा (२०३०), अग्निद्वीप (२०३०), अग्नि म महिमा गर्छु (२०३५) प्रकाशित भएका छन्। यही शृङ्खलामा असीत राईको अक्टोपस ( २०३८), कणाद महर्षिको पग्लेका लाभाहरू (२०३४) र रत्नशमशेर राणाको क्षितिजको भुत्ला आज बोकाको सपनामा लामा कविताहरू प्रकाशित छन्।

प्रयोगवादी खण्डकाव्यकारले विसङ्गतिवादी- अस्तित्ववादी दर्शनलाई नवीन शैली, शिल्प र संरचनामा प्रस्तुत गरेका छन्। यस धाराका खण्डकाव्यकारहरूमध्ये मोहन कोइरालाका गङ्गा प्रवास र नदी किनाराका माझी उत्कृष्ट देखापर्छन् भने मोहन कोइराला यस धाराका सर्वश्रेष्ठ लामा कविताकार वा खण्डकाव्यकार देखिन्छन्।

(ङ) पााचौा चरण

पााचौा चरण समसामयिक धाराका खण्डकाव्यकारहरूको रचनाको समयावधि हो। २०३६ पछिका समसामयिक धाराका कविहरूले रचेका खण्डकाव्यहरूले यस चरणका काव्य-कृतिको प्रतिनिधित्व गर्छन्। समसामयिक परिवेशमा आधारित रहेर यस चरणका कविहरूले समकालीन जनजीवनको प्रस्तुति गर्ने काम गरेका छन्।

यस चरणका कविहरू र तिनका खण्डकाव्यहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ - चन्द्रेश्वर दुवेको लाहुरे (२०३६), लाटो साथीको कपिलवस्तु र ढाक्रे, निर्मोही व्यासको सरिता

(२०३६), प्रतीक ढकालको सानुलाई, श्रीहरि फुयाालको आमाको सम्भना (२०४७), दिनेश अधिकारीको इन्द्रजात्रा (२०५१), सुशीला भण्डारीको चेतना (२०५३), रमेश खकुरेलको बहिनीलाई सन्देश (२०५३), सरुभक्तको ज्यानमारा (२०५६) आदि ।

यिनै खण्डकाव्य विकास यात्राको सेरोफेरोमा कवि रामहरि दाहालका नेवारपानी (२०५८), शान्तिको खोजी (२०५८) र सावित्री (२०६०) जस्ता पद्यबद्ध समसामयिक खण्डकाव्यले नेपाली खण्डकाव्यको इतिहासमा नयाा खुड्किला थप्न सफल भएका छन् । उनको खण्डकाव्यकारिता र खण्डकाव्यहरूले नेपाली खण्डकाव्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

*तेस्रो परिच्छेद*

# दाहालको सङ्क्षिप्त जीवनी, साहित्यिकयात्रा र प्रवृत्ति

## ३.१ कवि रामहरि दाहालको सङ्क्षिप्त जीवनी

### ३.१.१ जन्म र जन्मस्थान

वि.सं. २०११ साल साउन चौबिस गते श्रावण शुक्लनवमीका (भट्टराई, २०६३ : १०) दिन जन्मिएका रामहरि दाहाल एक सरल स्वभाव भएका व्यक्ति हुन् । धादिङ् जिल्ला अन्तर्गत पर्ने सुनौला बजार गा.वि.स. वडा नं. १ नेवारपानी गाउा उनको मूल जन्मथलो हो (ऐजन) उनका पिता लीलानाथ दाहाल र माता बालकुमारी दाहाल हुन् भने हजुरबुबाको नाम भने यदुकुमार दाहाल हो । उनी आफ्ना मातापिताका जेष्ठ सन्तानका रूपमा पैदा भएका हुन् ( ऐजन) ।

### ३.१.२ विवाह र पारिवारिक पृष्ठभूमि

वि.सं. २०२५ साल माघ १५ गते सावित्री दाहाल (जन्म २०१३ र मृत्यु वि.सं. २०५६) साग रामहरि दाहालको विवाह भएको हो (लामिछाने, २०६४ : ४) । विवाह पश्चात् क्रमशः कविका सृजना, प्रभा, प्रतिभा, सुधा, सुजाता गरी पााच पुत्रीहरू जन्मिए र अन्त्यमा एक मात्र सुपुत्रका रूपमा प्रसन्न दाहालको जन्म भयो (ऐजन) । अल्पायुमा नै कविकी धर्मपत्नीको निधन पश्चात् कविमा एक प्रकारको नराम्रो आघात पर्न गएको कुरा 'सावित्री' काव्य मार्फत सर्वविदित छादैछ । कविले सावित्री स्मृतिकाव्यभित्र अर्को विवाह नगरी सावित्रीकै पूर्वस्मृति प्रेम सद्भाव आदि पक्षलाई हृदयङ्गम गरी आफ्ना सन्ततिलाई पालनपोषण गर्ने बाचा गरिएअनुसार उनले आजसम्म चारवटी छोरीहरूको सुयोग्य वरहरू खोजी वैवाहिक जीवनमा प्रवेश गराइदिइ सकेका छन् । उनीहरूको जीवन सुखमय रहेको कुरा उनको पारिवारिक सूत्रबाट थाहा हुन आउाछ (परिशिष्ट) । कविले समाजमा चलेको 'छोरालाई काख छोरीलाई पाखा' जस्तो विभेदपूर्ण मान्यतालाई ठाडो बहिस्कार गर्दै छोरालाई समान छोरीहरूलाई उनीहरूले चाहे अनुसारको शिक्षा प्रदान गरेका छन् (परिशिष्ट) । उनका छोरीहरूको अध्ययन स्नातक तहभन्दा कमी छैन भने छोरा बी.ई.मा अध्ययनरत छन् (परिशिष्ट) ।

हाल बागमती अञ्चल, काठमाण्डौ जिल्ला काठमाण्डौा महानगरपालिका, वडा नं.१४ कलङ्कीस्थित वि.पी. मार्गको १५९ ब्लक नं. भएको घरमा कवि सपरिवार आनन्द बसोबास गर्दै आएका छन् भने कविका माता-पिता माधवराज दाहालसाग नेवारपानी गाउामा नबसेर स्वयं उहाासागै बसोबास गर्नुहुन्छ (परिशिष्ट) ।

### ३.१.३ शिक्षा

#### ३.१.३.१ प्रारम्भिक शिक्षा

दाहालको आफ्नो जन्मथलो, नेवारपानी गाउामा रहेको श्री संस्कृत माध्यमिक पाठशाला धादिङ् नेवारपानी विद्यालयबाट कक्षा ८ सम्मको अध्ययन पूरा गरेपश्चात् काठमाडौास्थित तत्कालीन रानीपोखरी संस्कृत प्रधान पाठशाला (हाल संस्कृत माध्यमिक विद्यालय रानीपोखरी) बाट प्रवेशिका परीक्षा अर्थात् पूर्वमध्यमा (एस.एल.सी) मा उनी द्वितीय श्रेणीमा उत्तीर्ण भए पनि सर्वाधिक अङ्क रामहरि दाहालले नै ल्याएका थिए (ऐजन) । यसरी रामहरि दाहालको प्रारम्भिक शिक्षा त्यसमा पनि अक्षरारम्भ आफ्नै घरबाट सुरु भई गाउाकै विद्यालयबाट कक्षा ८ सम्मको शिक्षा पूर्ण भई हालको रानीपोखरी संस्कृत माध्यमिक विद्यालयबाट वि.सं. २०२६ सालमा पूर्वमध्यमा उत्तीर्ण गरेपश्चात् पूर्ण भएको हो (भट्टराई, २०६३ : पूर्ववत्) ।

#### ३.१.३.२ उच्च शिक्षा

कवि रामहरि दाहालले उच्च शिक्षा प्राप्त गर्ने क्रममा वि.सं. २०२७ सालमा काठमाडौाको पुतलीसडकस्थित त्रि.वि. अन्तर्गतको राजकीय संस्कृत महाविद्यालय (हालको ने.सं.वि.वि.) मा उत्तरमध्यमा तहमा भर्ना भई वि.सं २०३५ सालमा संस्कृत साहित्य विषयबाट विशिष्ट श्रेणीमा आचार्य चह उत्तीर्ण गरेका छन् (लामिछाने : शेष पूर्ववत्) । यसरी रामहरि दाहालले प्राप्त गरेको शैक्षिक उपाधि संस्कृत साहित्यमा आचार्य रहन गएको छ ।

### ३.१.४ पेसा

रामहरि दाहालको जन्म मध्यमवर्गीय ग्रामीण परिवेशमा भएकाले उनले उच्च शिक्षा हासिल गर्ने क्रममा विभिन्न संघ-संस्थामा पेसारत थिए नै । यसैबाट उनले आफ्नो अध्ययन खर्च जुटाएका थिए ।

रामहरि दाहाल 'नेपाल संस्कृत विश्वविद्यालय'मा प्राध्यापकका रूपमा रेडियो नेपालमा संस्कृत समाचार बाचकका रूपमा कार्यरत छन् (परिशिष्ट) । यसका अतिरिक्त दाहालले

श्रीमद्भागवत महापुराण वाचनद्वारा पनि अर्थोपार्जन गर्ने गरेका छन् (लामिछाने : शेष पूर्ववत्) ।

३.१.५ पुरस्कार तथा मान सम्मान

रामहरि दाहाल सानैदेखि मिहिनेती, सहनशील, सुशील र अनुशासित बालकका रूपमा चिनिन्थे । यो प्रभाव उनको विद्यालयीय जीवनमा पनि यथावत् रहन गयो । यसको फलस्वरूप उनले आचार्य तह विशिष्ट श्रेणीमा उत्तीर्ण गरेपश्चात् वि.सं. २०३८ सालमा महेन्द्र विद्याभूषण 'ख' पुरस्कार प्राप्त गरे । यसैगरी सरदार सोमप्रसाद पुरस्कार वि.सं. २०३६ प्राप्त गरे । यो नै उनले प्राप्त गरेको पहिलो मान्यता प्राप्त पुरस्कार हो । यसैगरी उनले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई शिक्षा पुरस्कार वि.सं. २०४९ प्रदान गरियो । यसपछि वि.सं. २०६३ सालमा उनले गरेका विभिन्न शैक्षिक, सामाजिक, सांगठनिक योगदानहरूको मूल्याङ्कन गरी उनलाई 'दीर्घ सेवा पदक' पुरस्कार प्रदान गरिएको छ (ऐजन) ।

३.१.६ संलग्नता

मान्छे चेतनशील प्राणी हो नै । झन आजको पूर्ण वैज्ञानिक २१ औं शताब्दीको युगमा ऊ विशिष्ट सामाजिक चेतनशील प्राणीका रूपमा चिनिन्छ । यसैले होला मानिस हिजोका मान्छे मात्र होइन आजका मान्छे भएर मान्छेसाग घुल्न चाहन्छ । यसैकारणले २१औं शताब्दीको संघारमा विभिन्न मान्छेहरू विभिन्न सङ्घसंस्थामा आबद्ध भएका देखिन्छन् । त्यस्तै रामहरि दाहाल पनि विभिन्न क्षेत्रमा संलग्न भएका देखिन्छन् । उनी भैरवी पत्रिकाका अतिथि सम्पादकका रूपमा (वि.सं २०३६ प्रथम अङ्क) संलग्न, जयतु संस्कृतम् पत्रिकाका सम्पादकका रूपमा (वि.सं. २०५४) संलग्न संस्कृत कविता सङ्ग्रहमा सम्पादकका रूपमा (वि.सं. २०५४) संलग्न, सामाजिक तथा आर्थिक विकास परिदृश्यहरू ९क्यअष्य-भ्अयलकष्अ म्भखभयिऊभलत उचयनचक० खयगिभ ल्याज्ञ, व्वलगबचथ- ब्ालभ द्दण्ण्ठ० पत्रिकाका सम्पादक मण्डलको सदस्यका रूपमा संलग्न (परिशिष्ट) । 'नेपाल प्रतिभा उन्नयन प्रतिष्ठान' काठमाडौाका मानार्थ सदस्य ( वि.सं. २०५७) का रूपमा संलग्न, कलङ्की मन्दिर संरक्षण समितिका मानार्थ सदस्य (वि.सं. २०५८) का रूपमा संलग्न विश्वहिन्दु महासंघ नेपालको आजीवन सदस्य (वि.सं २०५९) (लामिछाने, पूर्ववत् : ५) का रूपमा संलग्न छन्, थिए र रहादै जाने छन् ।

### ३.२ कवि रामहरि दाहालको व्यक्तित्व

रामहरि दाहालको व्यक्तित्वलाई मूलतः दुई भागमा (साहित्येतर व्यक्तित्व र साहित्यिक व्यक्तित्व) (भट्टराई, पूर्ववत् : २४) विभाजन गरी अध्ययन गरेको पाइन्छ। यहाा विषयानुकूलतालाई ध्यानमा राखी रामहरि दाहालका विविध साहित्यिक व्यक्तित्वका पक्षहरूमाथि प्रकाश पार्ने काम गरिन्छ। निम्नलिखित शीर्षकहरूमा उनीद्वारा आर्जित उनका व्यक्तित्वहरूलाई अध्ययन गरिएको छ।

#### ३.२.१ कवि व्यक्तित्व

रामहरि दाहाल संस्कृत साहित्यका प्रशिक्षक वा प्राध्यापक भएका कारण उनले संस्कृतमा थुप्रै कविताहरू लेखेका छन्। यसकारण उनको कवि व्यक्तित्वलाई नेपाली कवि व्यक्तित्व र संस्कृत कवि व्यक्तित्व गरी दुई भागमा अध्ययन गर्नुपर्ने हुन्छ।

##### ३.२.१.१नेपाली कवि व्यक्तित्व

कविता लेखनको पछिल्लो चरणमा सशक्त पद्य कविका रूपमा चिनाउन सफल भएका कवि रामहरि दाहालको कविता लेखनको प्रारम्भिक चरणमा नेपाली कविता क्षेत्रमा वि.सं. २०२७ सालमा 'सूर्य अस्ताए अन्धकार जाग्यो' नामक सर्वप्रथम प्रकाशित पहिलो कविता हो ( भट्टराई, पूर्ववत् : ४७)। रामहरि दाहालद्वारा रचित आजसम्मका प्रकाशित तथा अप्रकाशित फुटकर नेपाली कविताहरूलाई निम्नलिखित रूपमा चिनाउन सकिन्छ- सूर्य अस्ताए अन्धकार जाग्यो, सूर्योदय, विवेक विन्दु, वसन्त, स्मृतिकाव्य, सहिद दर्शन, यात्रापथ चिनौ, म के लेखा, जनताका कविलाई सम्भिदा, ज्ञानोदयको आवाज, दशै कस्तो होस्, हाासो हराएपछि, संभनाका क्षण, सद्भाव बााडौ, म सपना, मेरो संस्कृति मेरो सम्पदा, के हुने नै छ बााकी, जुलुस , पुसको घाम, मान्छे भयो के अहो, मेलमिलाप गरौ, पहाडको सम्भना, जनसेवी डा. जोशीप्रति, शुभेच्छा पुष्प, सहरिया बसाइ, आमा, चिरशान्तिको कामना, शैल सरिता, स्वास्थ्य ठूलो धनै हो, दिदी, हट्यो कि आज, शान्ति आऊ, प्रकृति आदि।

यसरी २०२७ सालबाट फुटकर कवितामा कलम चलाएका रामहरि दाहालका प्रकाशित र अप्रकाशित फुटकर कविता संग्रहको खोज तथा अनुसन्धान गर्दा  तीन दर्जनभन्दा बढी रचना भइसकेका देखिन्छन्। ती सम्पूर्ण कविताहरूलाई एउटै कृतिमा संग्रहित गरेर प्रकाशनमा ल्याउन सकेमा त्यसबाट पाठकवर्ग लाभान्वित भई देश निर्माणार्थ प्रेरणा मिल्न

सक्ने देखिन्छ । किनकि दाहालका सम्पूर्ण कविताहरूमा नेपाली मुटु, नेपाली भूमि, नेपाली स्वभाव, नेपाली गौरव आदि पक्षहरूको सचित्र वर्णन पाइन्छ ।

### ३.२.१.२ संस्कृत कवि व्यक्तित्व

वाङ्मय जगत्को आदिम ग्रन्थ ऋग्वेद मानिन्छ, जुन ग्रन्थ संस्कृत भाषामा लेखिएको छ । सुरुदेखि आजसम्म जे-जति भाषाहरू विकसित हुन पुगे त्यसको मूलश्रोत संस्कृत भाषा नै हो भन्ने भाषाविद्हरूको ठहर रहेको पाइन्छ । एउटै शब्दका हजारौं पर्यायवाची शब्दहरू पाइने यस संस्कृत भाषामा भौतिक दर्शन, आध्यात्मिक दर्शन, वैदिक साहित्य तथा लौकिक साहित्यहरूको विशालतम भण्डारण रहेको पाइन्छ । सुरुदेखि आजसम्म संस्कृत भाषामा विभिन्न स्रष्टाहरूले लेख, कविता, निबन्ध, कथा आदि साहित्यका क्षेत्रहरूमा कलम चलाउदै आएका छन् । विश्वकवि कालिदासका मर्मस्पर्शी काव्यहरू संस्कृत भाषामै प्रवाहित भएका छन् । यस्तै कालिदास, भारवी, श्रीहर्ष, भवभूति आदि संस्कृतका विशिष्ट कविहरूका साहित्यबाट प्रभावित बन्न पुगेका संस्कृत साहित्यका पारखी कवि रामहरि दाहालले पनि संस्कृत भाषामा कविता नलेखी रहन सकेनन् । किनकि उनी संस्कृत साहित्यमा आचार्य गरेका एक साहित्यमर्मज्ञ व्यक्ति हुन् । यस संसारमा सूर्यको महत्त्व जति छ वृक्षहरूको महत्त्व पनि त्यति नै छ । यही भाव, यही मर्मलाई खुलस्त पार्न वि.सं. २०५४ सालमा 'वृक्षमहिमा' नामक संस्कृत कविता लिएर उनले संस्कृत भाषामा कविता लेख्न सक्ने कविका नामले आफूलाई चिनाएका छन् । उनीद्वारा रचित सुरुदेखि अहिलेसम्मका प्रकाशित तथा अप्रकाशित संस्कृत कविताहरूलाई निम्नलिखित रूपमा देखाइएको छ । वृक्षमहिमा, कविता पञ्चविशतिः, कालिदासाचार्चनम्, कवितानुतिः, क्षेत्र पाशुपतं सदा विजयते, धर्मस्तावद् धरायां भवति नहि जनोद्धारकार्यं विद्याय, कुतो गता मानता कुतो गता, उत्तरापेक्षा, विभाति नेपालधरा विशाला, शैलाश्रिया कान्तिपुरी विभति, परगृहे भा न विराजते, कान्तेव खेदशमनी मम लेखनीयम्, हसतीव शरद् विमलाम्बुधरा, भज नर लक्ष्मीम्: विदुषां लक्षणमेतदीरितम्, जय जगदम्बे, शान्तिप्रियो भवतु, नूतनवत्सरो ऽयम् एतदीयधारणा, कुर्यामहं कि जगतो हिताय, वर्षासु मेघै रमते धरित्री, निशानाथो गुप्तो धनतमसि कामर्दित इव, शैले शैले शालतेऽसौ वसन्तः आदि ।

### ३.२.२ कथाकार व्यक्तित्व

कवि रामहरि दाहाल कथाकारका नामले भन्दा पनि विद्यमान साहित्य आकाशमा कविका नामले प्रसिद्ध छन् । सर्वप्रथम उनीद्वारा एउटा कथा लेखिएको थियो । त्यो विश्वदूत नामको पत्रिकामा प्रकाशित भएको थियो । पछि सो पत्रिका प्रकाशित हुन छाड्यो । स्वयं

कविलाई उक्त कथाको शीर्षक विस्मरण भएका कारण यहाा उल्लेख गर्न सकिएन (भट्टराई, पूर्ववत् : २८) भने उनीद्वारा रचित तथा प्रकाशित कथाचाहि 'बुद्ध नगरीको कथा' हो । तत्पश्चात् उनीद्वारा आजसम्म कथा रचना भएका छैनन् (परिशिष्ट)।

### ३.२.३ निबन्धकार व्यक्तित्व

रामहरि दाहाल निबन्धका क्षेत्रमा सशक्त कलम चलाउने व्यक्ति हुन् (भट्टराई : पूर्ववत् : २९)। उनको लेखन प्रमुख विधा निबन्ध नभए पनि उनका केही निबन्धहरू प्रकाशित भएका छन् (ऐजन)। उनीद्वारा लेखिएका प्रकाशित तथा अप्रकाशित निबन्धहरूलाई निम्नलिखित रूपमा देखाइएका छन् । राष्ट्रिय महापर्व दशौ, क्षेत्रीय सहयोग संबर्द्धनमा श्री ५को देन, कलहको फल, अंशवंडासम्बन्धी विचार, शान्ति प्राप्तिमा मानवको प्रयास, विद्यार्थी जीवनमा अनुशासनको महत्त्व, मेरो काठमाडौा, स्वतन्त्रताको देश, कथनी र करणी एउटै भए कसो होला ?, बदलिदो संस्कृति प्रकृति कि विकृति, नेपालमा प्रजातन्त्रको प्रयास कुन गतिमा, अशान्तिको मूलजरो भोगवृत्ति, मानवताको मूल आधार त्याग, नेपाल जापान सम्बन्ध, स्वच्छ वातावरण स्वच्छ जीवन, नेपाल भ्रमण वर्ष सन् १९९८, महाकवि देवकोटा, आदिकवि भानुभक्त आचार्य, विद्यार्थी र उसको दायित्व आजको परिवेशमा, समाज सेवा, मर्यादा पुरुषोत्तम श्रीरामचन्द्रको चारित्रिक विशेषता, घरेलु हिंसा र शोषणको विरुद्ध शिक्षित महिलाको भूमिका, वाग्मती र वातावरण, स्वतन्त्रता परिभाषित/अपरिभाषित, योगक्षमं वहाम्यहम्, मिलेमतो, समाजसेवामा निष्काम कर्मयोगको सार्थकता, विश्वासको संकट, नववर्ष स्वागतम् तिमीलाई, नेपाली संस्कृतिमा महिलाको स्थान, कोपिलामै फकिएको फूल, जिजीविषा नै जीवन रहेछ, हरे शिव आदि ।

### ३.२.४ गजलकार व्यक्तित्व

साहित्यिक लेखनमा रामहरि दाहालको रुचि सानैदेखि रहेको देखिन्छ र उनको साहित्य लेखनको प्रमुख विधा कविता भएकाले खासै उनी गजलकार होइनन् । कहिलेकाहीा लहडबाजी चल्दा उनले केही गजलका रचना भने गरेका छन् । उनीद्वारा लेखिएका प्रकाशित तथा अप्रकाशित गजलहरूलाई निम्नलिखित रूपमा देखाइका छन् । प्रेम, जिन्दगानी के हो, छैन छैन भनी आदि ।

### ३.२.५ खण्डकाव्यकार व्यक्तित्व

फुटकर कविता मार्फत वि.सं. २०२७ सालमा साहित्यक्षेत्रमा पदार्पण गरेका रामहरि दाहाल वि.सं. २०५८ सालसम्म आइपुग्दा नेपाली साहित्य जगत्मा विशिष्ट खण्डकाव्यकारका रूपमा स्थापित हुन पुगे । फुटकर कविताहरूबाट साहित्य सृजनामा निपुण बनिसकेको उनको कलम खण्डकाव्यहरूमा आइपुग्दा निकै सशक्त र प्रभावपूर्ण देखिन्छ । वि.स. २०५८ सालमा एकैचोटि दुईवटा खण्डकाव्य प्रकाशित गरेर सफल खण्डकाव्यकारका रूपमा देखा परेका रामहरि दाहालका खण्डकाव्यहरूलाई निम्नलिखित रूपमा देखाउन सकिन्छ - (१) नेवारपानी (२) शान्तिको खोजी (३) सावित्री ।

यसरी रामहरि दाहालका व्यक्तित्वहरू साहित्यसमाज तथा बौद्धिक समाजमा स्थापित भइसकेका छन् । यसका अतिरिक्त उनलाई द्रष्टा व्यक्तित्वका नामले पनि चिनिने गरिन्छ । यस अन्तर्गत समालोचकीय व्यक्तित्व र संम्पादकीय व्यक्तित्व प्रमुख रहेका छन् ।

## ३.३ रामहरि दाहालको साहित्ययात्रा

रामहरि दाहाल नेपाली साहित्यका बहु प्रतिभाशाली व्यक्तित्व हुन् । उनले नेपाली कथा, निबन्ध, गजल, कविता आदि विधामा सशक्त कलम चलाएका छन् । उनी नेपाली साहित्यका क्षेत्रमा वि.सं. २०२७ सालदेखि प्रवेश गरेका हुन् । उनले जति कविता विधामा कलम चलाएका छन् त्यति अन्य विधामा कलम चलाएका छैनन् । यस क्षेत्रमा लागेर उनले थुप्रै कविताहरू लेखे पनि थोरै मात्र प्रकाशन भएका छन् । हालसम्म उनका एउटा गजल, दुईवटा कथा, तेह्रवटा निबन्ध, नेपाली र संस्कृतमा गरी १६ वटा कविताका अतिरिक्त तीनवटा खण्डकाव्य प्रकाशित भएका छन् । यसरी हेर्दा लेखनका दृष्टिले निरन्तरता पाए पनि प्रकाशनका दृष्टिले भने निरन्तरता नपाएको देखिन्छ । उनका प्रकाशन नभएका थुप्रै कविताहरू उनीसाग पाण्डुलिपिमै सुरक्षित छन् । हालसम्म प्रकाशित उनका कथा, निबन्ध, कविता तथा खण्डकाव्यका आधारमा यहाा उनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

(क) प्रथम चरण: २०२७ देखि २०३७ सम्म
(फुटकर कविता रचनाको चरण)

(ख) दोस्रो चरण: २०३८ देखि २०५७ सम्म
(निबन्ध रचनाको चरण)

(ग) तेस्रो चरण: २०५८ देखि हालसम्म
(खण्डकाव्य रचनाको चरण)

(क) प्रथम चरण: २०२७ देखि २०३७ सम्म (फुटकर कविता रचनाको चरण)

रामहरि दाहालको साहित्यिक यात्राको प्रथम चरण वि.सं. २०२७ सालदेखि २०३७ सालसम्म विस्तार भएको छ । उनले आफ्नो साहित्यिकयात्रा वि.सं. २०२७ सालमा खोजी पत्रिकामा प्रकाशित ‘सूर्य अस्ताए अन्धकार जाग्यो’ गद्य कविताबाट प्रारम्भ गरे । त्यसपछि उनी यस क्षेत्रमा सक्रिय रूपमा नै लागे । उनको दोस्रो कविता पनि वि.सं. २०२७ सालमै प्रकाशित भयो । वाल्मीकि संस्कृत महाविद्यालय छात्र समितिद्वारा प्रकाशित उन्मेष पत्रिकामा उक्त कविता प्रकाशित भएको छ र त्यो कविता हो सूर्योदय । उनी यस चरणमा कविता लेखनमा बढी सक्रिय भएको पाइन्छ। उनको तेस्रो कविता पनि वि.सं. २०२७ सालमै प्रकाशित भयो । ‘विवेक बिन्दु’ उनको प्रकाशित तेस्रो कविता हो र यो कविता गण्डकी छात्रसमितिद्वारा प्रकाशित ‘विवेक बिन्दु’ पत्रिकामा प्रकाशित भएको छ । त्यसपछि पनि उनी कविता लेखनका क्षेत्रमा सक्रिय नै रहे । उनको चौथो कविता वि.सं २०३१ सालमा प्रकाशित भए पनि यसपूर्व उनले थुप्रै कविता लेखेका छन् तर प्रकाशन भने भएका छैनन् । यस बीचमा लेखेका उनका कविताहरू हुन् वि.सं. २०२७ सालमा उनको सम्भनामा, प्रश्नोत्तर, वि.सं. २०२८ सालमा अभिवादन, अन्तर्वेदना, वि.सं २०२९ सालमा वसन्त भित्रकी प्रकृति, लामखुट्टे । उनी संस्कृत भाषाका विद्वान् भएका कारण केही कविता संस्कृत भाषामा पनि लेखेका छन् तर यस अवधिमा लेखिएका उनका कविता प्रकाशित भएका छैनन् । वि.सं २०३० सालमा लेखिएका तर प्रकाशन नभएका उनका संस्कृत भाषाका कविताहरू लाभो महान्को मदिरा निपीय, कुशलपात्रम्, हा संस्कृतेदुर्दशा हुन् ।

त्यसपछि उनको अर्को कविता वि.सं. २०३१ सालमा प्रकाशित भयो । वसन्त शीर्षकमा प्रकाशित उक्त कविता गोरखापत्रमा प्रकाशित भएको हो । यसै समयमा मायालुको सम्भना कविता र केही गीत लेखे पनि प्रकाशित भने भएनन् । त्यसपछि वि.सं. २०३४ सालमा उनले नेपालीमा र संस्कृतमा थुप्रै कविता लेखे पनि एउटामात्र प्रकाशित भएको छ । वि.सं. २०३४ सालमा गोरखापत्रमा प्रकाशित ‘स्मृतिपुष्प’ उनको पााचौ कविता हो । यस समयमा लेखिएका तर प्रकाशित नभएका कविताहरू रुख, माया साचेर मर्नु छ, चखेवीको बोली, नामथर वतन, कसैप्रति सानो पीर्ति आदि हुन् । संस्कृत भाषामा लेखिएका तर प्रकाशित नभएका कविताहरू सरस्वती वन्दना, अग्रेसर नेपालपुत्र ! समृद्धये नेपालजन्याः, शीलं परं भूषणम्, साम्प्रतं सखे ! का दशा वद्, न जाने काऽवस्था भवति कलिजानां तनुभृताम्, विचित्रं जगतीतलम्, किं सज्जनाः सम्प्रति नैव सन्ति, प्राच्यनव्योस्तुलना, हा हन्त ! हन्त ! विधवा विधवैव जाता आदि

हुन् । यसरी हेर्दा यस अवधिमा उनी कविता लेखनका क्षेत्रमा  सक्रिय रूपमा लागे पनि प्रकाशनका क्षेत्रमा भने निष्क्रिय देखा पर्छन् ।

वि.सं. २०३५ सालमा लेखिएका तर प्रकाशित नभएका उनका कविताहरू नेपाली जात, छिरलिएका बादल आदि हुन् । त्यस्तै संस्कृतमा लेखिएका तर प्रकाशित नभएका कविताहरू अधुनातनयुवकस्य मानसिकी कुण्ठा,  वियोगिन्या वेदना, यस्तु क्रियावान् पुरुषः स विद्वान्, का कथा दुर्जनानाम्, आदि हुन् । माथि उल्लेखित सम्पूर्ण कविताहरू पाण्डुलिपिमै सीमित छन् ।

उनको यस चरणको अर्को प्रकाशित कविता वि.सं २०३७ सालमा भैरवी पत्रिकामा प्रकाशित 'शहीद दर्शन' हो । यही नै उनको प्रथम चरणको प्रकाशित अन्तिम कविता पनि हो । यसपछि उनका कविता धेरै समयसम्म प्रकाशित भएनन् । यसपछि उनको अर्को कविता प्रकाशित हुन वि.सं. २०५७ सालसम्म कुर्नु परेको देखिन्छ । उनी यस चरणमा कविता विधामा मात्र नै सक्रिय छन् । वि.सं. २०३८ सालमा आएर भने उनी निबन्ध विधातर्फ लागेको पाइन्छ । यस समयमा कविता विधाबाट निबन्ध विधातर्फ अग्रसर भएकाले वि.सं. २०३८ पछिको समयबाट उनको दोस्रो चरण प्रारम्भ भएको मान्न सकिन्छ । त्यसैले वि.सं. २०२७ देखि २०३७ सम्मको अवधिलाई उनको साहित्ययात्राको प्रथम चरण मानिएको छ ।

यसरी उनको यस प्रथम चरणलाई हेर्दा उनी कविताविधामा मात्र सक्रिय भएको पाइन्छ । उनले यस समयमा अन्य विधामा हात हालेका छैनन् । उनको यस चरणलाई हेर्दा कविता लेखनमा उनले सक्रियता देखाए पनि प्रकाशनमा भने निष्क्रियता देखा पर्दछ । वि.सं. २०३६ सालदेखि उनी जागीरमा बढी व्यस्त भएका कारण पनि साहित्य लेखनका अन्य विधामा ओझेल परेको देखिन्छ । त्यस्तै यस चरणमा उनले संस्कृतभाषामा अपेक्षाकृत धेरै नै कविता लेखेको भए पनि प्रकाशनमा भने शून्यता देखिन्छ । उनका यस चरणका कविताहरू समसामयिक विषयवस्तुमा नै आधारित छन् । कविताहरू सरल, सहज र भाववाही छन् । यस चरणका कविताहरू छोटा र सरल भए पनि सन्देशमूलक छन् । उनको यस प्रथम चरणलाई लेखनका दृष्टिले उर्वर तर प्रकाशनका दृष्टिले मध्यम खालको मान्न सकिन्छ । यस चरणमा उनी कविता रचनामा मात्र संलग्न रहेकाले उनको यस प्रथम चरणलाई कविता रचनाको चरण मान्न सकिन्छ ।

(ख) दोस्रो चरण

वि.सं. २०३८ सालमा गोरखापत्रमा प्रकाशित 'राष्ट्रिय महापर्व दशैा' नामक निबन्धपश्चात् उनको साहित्यिक यात्राको दोस्रो चरण प्रारम्भ हुन्छ। उनको यो चरण वि.सं. २०३८ देखि २०५७ सम्म विस्तार भएको छ। वि.सं. २०३८ पश्चात् उनको लेखन यात्रामा नयाा मोड आयो। उनी कविता लेखनबाट निबन्ध लेखनतर्फ उन्मुख भए। यस अवधिमा उनले कविता लेख्दै नलेखेका भने होइनन् तर प्रकाशन भने एउटा मात्र भयो। यस बीचमा उनले लेखेका कविताहरू उठ्न खोजे पनि उठ्न सक्तिन, अनुत्साह, म राष्ट्रवादी हुा, केही गरेरै जान्छ, आशङ्का, चाकडी, लक्ष्मीस्मृति आदि हुन् भने संस्कृत भाषामा लेखेका कविताहरू सरस्वती वर्णनम्, वसन्तवर्णनम्, स्वकीयजीवनोद्देश्यम्, नेपालवर्णनम् आदि हुन् तर यी कुनै पनि प्रकाशित भएनन्। उनको एउटा मात्र प्रकाशित कविता वि.सं. २०३८ सालमा मधुपर्क पत्रिकामा 'यात्रापथ चिनौा' शीर्षकको कविता हो। त्यसपछि भने उनी कविताका क्षेत्रमा निष्क्रिय रहेको पाइन्छ।

यस अवधिमा उनका कविताहरू त्यतिधेरै प्रकाशित नभए पनि निबन्धहरू भने प्रकाशित भएका छन्। उनको दोस्रो निबन्ध वि.सं. २०४२ सालमा 'क्षेत्रीय सहयोग सम्बर्द्धनमा श्री ५ देन' शीर्षकमा प्रकाशित भयो। यस चरणमा उनी निबन्ध लेखनमै बढी सक्रिय भएको पाइन्छ। यसै क्रममा वि.सं. २०४३ मा उनको अर्को निबन्ध प्रकाशित भयो र त्यो निबन्ध 'कलहको फल' हो। उनको अर्को निबन्ध प्रकाशित भएको पाइन्छ - 'विद्यार्थी जीवनमा अनुशासनको महत्त्व'। त्यसपछि वि.सं. २०४३ सालमै नेपाल ल क्याम्पसद्वारा प्रकाशित नेपाल कानून परिचर्चा पत्रिकामा उनको 'अंशवण्डासम्बन्धी विचार' शीर्षकको निबन्ध प्रकाशित भयो। त्यसपछि उनको अर्को निबन्ध पनि सोही पत्रिकामै वि.सं. २०४४ सालमा 'शान्ति प्राप्तिमा मानवको प्रयास' शीर्षकमा प्रकाशित भयो। यसरी यस चरणमा उनका निबन्धहरू नै बढी प्रकाशनमा आए। त्यसपछि भने वि.सं. २०५७ सालसम्म करिब १३ वर्षसम्म उनी साहित्य रचनामा निष्क्रिय नै रहे। यस अवधिमा उनी जागीरतिर बढी सक्रिय भएको पाइन्छ। जागीरे व्यक्तित्वको सक्रियाताका कारण साहित्यिक व्यक्तित्व ओझेलमा परेको देखिन्छ।

यस चरणमा उनले एक सफल संस्कृत समाचारवाचकका रूपमा आफूलाई उभ्याए। वि.सं. २०५१ सालदेखि रेडियो नेपालबाट संस्कृत समाचार प्रसारण प्रारम्भ भएदेखि नै उनी रेडियो नेपालमा संस्कृत समाचारवाचकका रूपमा कार्यरत छन्।

करिब १३ वर्षको निष्क्रियता पश्चात् वि.सं. २०५७ सालमा कान्तिपुर पत्रिमामा 'म के लेखूा' कविता प्रकाशन गरेर उनी साहित्य रचनामा फेरि क्रियाशील हुन थाले। यस्तै वि.सं.

२०५७ सालमै कान्तिपुर पत्रिकामै 'मेरो काठमाडौा' निबन्ध प्रकाशित गरी निबन्धका क्षेत्रमा पनि सक्रियता देखाए। वि.सं. २०५७ सालमै अर्को कविता 'जनताका कविलाई सम्झिदा' प्रकाशित गरेर कविता विधालाई निरन्तरता दिन खोजे पनि त्यसपछि भने खासै निरन्तरता पाउन सकेन। यस अवधिमा उनी निबन्ध विधामा नै बढी सक्रिय भए। यस वर्ष उनका एकपछि अर्को गर्दै पाँचवटा निबन्ध प्रकाशित भएको पाइन्छ। 'मेरो काठमाडौा' पश्चात् उनको अर्को निबन्ध हिमालय टाइम्स पत्रिकामा 'स्वतन्त्रताको देश' शीर्षकमा प्रकाशित भयो। त्यसपछि सोही पत्रिकामै 'कथनी र करनी एउटै भए कसो होला ?' निबन्ध प्रकाशित भयो। त्यसपछिको उनको अर्को निबन्ध पनि सोही पत्रिकामै 'बदलिदो संस्कृति प्रवृत्ति कि विकृति' शीर्षकमा प्रकाशित भयो। यसै वर्ष प्रकाशित भएको उनको अर्को निबन्ध 'नेपालमा प्रजातन्त्रको विकास कुन गतिमा ?' हो, जुन बिसौनी पत्रिकामा प्रकाशित भएको छ। यसरी उनी यस अवधिमा आफूलाई निबन्धकारका रूपमा चिनाउन सफल भए। यस चरणमा अन्य विधामा निष्क्रिय नै रहेका उनी निबन्ध विधामा भने सक्रिय रहे।

यसरी उनको दोस्रो चरणलाई हेर्दा उनी निबन्ध विधामा बढी सक्रिय भएको पाइन्छ। यस चरणमा पनि उनी जागीरमा नै बढी व्यस्त रहे भने बचेको समयमा निबन्ध विधामा बढी सक्रिय भई आफूलाई निबन्धकारका रूपमा चिनाउन सफल भए। वि.सं. २०५८ सालदेखि आफूलाई खण्डकाव्यकारका रूपमा चिनाउन सफल भएका उनको यसपूर्वको अवधिलाई दोस्रो चरण मानिएको हो। यस अवधिमा उनी नेपाली साहित्यका अन्य विधामा निष्क्रिय रही निबन्ध विधामा बढी क्रियाशील रहेकाले उनको यस चरणलाई निबन्धरचनाको चरण मान्न सकिन्छ।

(ग) तेस्रो चरण

रामहरि दाहालको साहित्यिक यात्राको तेस्रो चरण वि.सं. २०५८ सालदेखि प्रारम्भ भई हालसम्म विस्तार भएको छ। वि.सं. २०५८ सालदेखि दाहाल नेपाली साहित्यका क्षेत्रमा एक पाइलो अघि बढ्न सफल हुन्छन्। खासगरी कवि तथा निबन्धकारका रूपमा आफूलाई चिनाउन सफल भए। वि.सं.२०५८ सालमा एकैचोटी दुईवटा खण्डकाव्य प्रकाशित गरेर आफूलाई सफल खण्डकाव्यकारका रूपमा उभ्याएपछि उनको साहित्यिक यात्राको तेस्रो चरण प्रारम्भ हुन्छ। लामो समयसम्मको साधनापश्चात् आफ्नो लेखनलाई परिपक्व र सशक्त बनाएपछि उनी खण्डकाव्यका क्षेत्रमा लागेको पाइन्छ। फलस्वरूप वि.सं. २०५८ सालमा एकैपटक दुईवटा खण्डकाव्य प्रकाशित गर्न उनी सफल भए। उनका यस समयमा प्रकाशित दुईवटा खण्डकाव्य हुन्- नेवारपानी (२०५८) र शान्तिको खोजी (२०५८)।

नेवारपानी खण्डकाव्यमा कविले आफ्नो जन्मभूमिलाई खण्डकाव्यको विषयवस्तु बनाएका छन् । आफ्नो जन्मस्थलप्रतिको माया मोह र स्नेहले गर्दा नै उनले यस खण्डकाव्यको सिर्जना गरेको पाइन्छ । यसमा आफ्नो जन्मभूमि नेवारपानी गाउाको विस्तृत चर्चा गरेका छन् । यसै समयमा प्रकाशित उनको अर्को खण्डकाव्य शान्तिको खोजी हो । यस खण्डकाव्यको मुख्य विषयवस्तु देशको राष्ट्रिय समस्या हो । यसमा राजनैतिक अस्थिरताका कारण तत्कालीन समयमा देशमा उत्पन्न भएका विकृति र विसङ्गतिका कारण उत्पन्न परिस्थितिको चर्चा गर्दै तिनलाई निराकरण गरी देशमा शान्ति स्थापना गर्नुपर्नेमा जोड दिइएको छ । यस खण्डकाव्य लेखनको प्रमुख उद्देश्य नै देशमा विद्यमान अशान्तिलाई हटाई शान्तिको स्थापना गर्नु हो ।

यस अवधिमा उनी फुटकर कविता लेखनतर्फ पनि लागेको पाइन्छ । वि.सं. २०५८ सालमै नेपाली साहित्यिक पत्रिका मधुपर्कमा उनको 'दशौ कस्तो होस्' नामक कविता प्रकाशित भएको छ ।

त्यस्तै यसै चरणमा उनी निबन्ध लेखनमा पनि फेरि भुल्किए । वि.सं. २०५९ सालमा उद्बोधन पत्रिकामा उनको 'अशान्तिको मूल जरो भोगवृत्ति' शीर्षकको निबन्ध प्रकाशित भयो । वि.सं. २०६० सालमा उनी अनुवादकका रूपमा पनि प्रस्तुत भए । यस समयमा उनले पशुपतिक्षेत्र विकास कोषद्वारा प्रकाशित शिवमहापुराणम् ग्रन्थको केही अंशको अनुवाद गरी आफूलाई अनुवादकको रूपमा पनि चिनाए । त्यस्तै यस चरणमै उनी समालोचनाका क्षेत्रमा पनि क्रियाशील रहे । उनले यस अवधिमा केही कृतिहरूको भूमिका लेखेर त केही कृतिहरूको समीक्षा गरेर आफूलाई समालोचकका रूपमा पनि प्रस्तुत गरे । त्यस्तै यसै चरणमा उनले आफूलाई सम्पादकका रूपमा पनि प्रस्तुत गरे । रेडियो नेपालबाट प्रसारण हुने संस्कृत समाचार सम्पादन तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशोन्मुख कृति पारस्करगृहयसूत्रम्को सम्पादन र रेडियो नेपालबाट प्रकाशित रेडियो शैली पुस्तकको सम्पादन गरी सम्पादकको भूमिका पनि निर्वाह गरे ।

यस चरणमा उनको लेखनयात्रा जारी नै छ । उनले वि.सं. २०६० सालमा सावित्री स्मृतिकाव्य प्रकाशित गरेर खण्डकाव्यका क्षेत्रमा पुनः उदाए । हालसम्म प्रकाशित मध्ये यही नै उनको अन्तिम खण्डकाव्य पनि हो । प्रस्तुत सावित्री खण्डकाव्यको मुख्य विषयवस्तु खण्डकाव्यकारकी स्वर्गीय पत्नी सावित्री हो । आफ्नी पत्नी सावित्रीको असामयिक निधन भएपछि विक्षिप्त बनेका कवि  अन्ततः सावित्रीकै सम्भनामा सावित्री स्मृतिकाव्य लिएर देखा परे । यस खण्डकाव्यभरि नै उनले पत्नी सावित्रीको स्मरण गरेका छन् । त्यसैले पनि यस खण्डकाव्यलाई स्मृतिकाव्य भनी नामकरण गरिएको छ । सावित्री स्मृतिकाव्य पश्चात् उनका अन्य खण्डकाव्य हालसम्म प्रकाशित भएका छैनन् ।

सावित्री खण्डकाव्यको प्रकाशन पश्चात् उनका अन्य खण्डकाव्य प्रकाशित नभए पनि नेपाली साहित्यका अन्य विधामा भने उनले कलम चलाइराखेकै छन् । वि.सं. २०६१ सालमा उनी कथा, गजल तथा निबन्ध विधामा देखा परे । त्यस्तै वि.सं. २०६१ सालमै कविता विधामा पनि देखा परे । यस वर्ष उनले थुप्रै कविता लेखेको भए पनि एउटा मात्र प्रकाशित भएको छ र त्यो कविता हो 'हराएपछि' जुन मधुपर्क मासिक पत्रिकामा प्रकाशित भएको छ । वि.सं. २०६१ सालमै उनीद्वारा लेखिएका तर प्रकाशित नभएका कविताहरू के हुने नै छ बााकी, जुलुस, पुषको घाम, माघको जाडो, शरद रमाइलो, काल आएपछि आदि हुन् । त्यस्तै वि.सं. २०६२ सालमा पनि उनी कविता लेखनमा नै व्यस्त देखिन्छन् । यस समयमा उनले नेपाली र संस्कृतमा थुप्रै कविता लेखेको पाइन्छ तर प्रकाशन भने एउटा मात्र भएको छ । वि.सं. २०६२ सालमा प्रकाशित भएको उनको एकमात्र कविता 'सम्झनाका क्षण' हो जुन नौलो बिहानी पत्रिकामा प्रकाशित भएको छ । यस समयमा उनले लेखेका तर प्रकाशित नभएका कविताहरू मान्छे भयो के अहो, बुझ्दै गरे राजा, दीपमालिका, मेलमिलाप गरौ, पहाडको सम्झना आदि हुन् । साथै संस्कृतमा लेखेका उनका कविताहरू शान्ति प्रियो भवतु नूतनवत्सरोऽयम्, एतदीयाधारणा, कुर्यामहं किं जगतो हिताय, वर्षासु मेघै रमते धरित्री, भजनर लक्ष्मीम्, उत्तरापेक्षा विभाति नेपालधरा विशाला आदि हुन् । यी सम्पूर्ण कविताहरू पाण्डुलिपिमै सीमित छन् । वि.सं. २०६२ सालमा प्रकाशित भएको सम्झनाका क्षण कवितापश्चात् उनका अन्य कविता प्रकाशित भएका छैनन् ।

यसरी उनको यस तेस्रो चरणलाई हेर्दा उनी नेपाली साहित्यका प्रायः सम्पूर्ण विधामा नै क्रियाशील रहेको पाइन्छ । उनले यस चरणमा आफूलाई बहु-आयामिक व्यक्तित्वका रूपमा स्थापित गराएका छन् । उनले यस चरणमा नेपाली साहित्यका प्रायः सम्पूर्ण विधामा हात हालेका भए पनि खण्डकाव्यका क्षेत्रमा आफूलाई स्थापित गराएका छन् । त्यसैले यस चरणलाई खण्डकाव्य रचनाको चरण मान्न सकिन्छ ।

## ३.४ कवि दाहालका साहित्यिक प्रवृत्ति

नेपाली साहित्यका विविध विधामा कलम चलाई फुटकर कवितादेखि खण्डकाव्यसम्मको यात्रा गरेका काव्यकार रामहरि दाहालका काव्यात्मक कृतिहरूको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा उनका काव्यात्मक प्रवृत्तिहरू ठम्याउनु पर्ने हुन्छ र ती साहित्यिक माध्यमबाट प्राप्त निष्कर्षका आधारमा उनका काव्यात्मक प्रवृत्तिहरूलाई यहाा बुादागत रूपमा प्रस्तुत गरिएको छ -

- पूर्वीय काव्य, सिद्धान्तका आधारमा काव्यको रचना गर्नु,

- सामाजिक विकृति र विसङ्गतिप्रति तीव्र विरोध गर्दै समाजसुधारको अपेक्षा गर्नु,
- राष्ट्रप्रेमको भावना,
- नेपाली ग्रामीण परिवेशको चित्रण गर्नु,
- देशको समस्याप्रति चासो व्यक्त र सुधारको अपेक्षा गर्नु,
- सामाजिक, सांस्कृतिक, धार्मिक आदि विविध पक्षको चित्रण गर्नु,
- समाजमा व्याप्त अनावश्यक आडम्बरको विरोध गर्दै सामाजिक यथार्थताको चित्रण गर्नु,
- अपेक्षाकृत थोरै पात्रको प्रयोग,
- मानवीय संवेदनाको कलात्मक प्रस्तुति
- सङ्ख्यात्मकतामा भन्दा गुणात्मकतामा जोड दिनु,
- समसामयिक विषयवस्तुमा जोड दिनु,
- सरल र सरस भाषिक प्रस्तुतिका साथै सरल शब्दहरूको चयन,
- अन्त्यानुप्रासयुक्त शब्दहरूको चयन,
- आलङ्कारिक भाषाको प्रयोग र सहज भावबोध,
- श्रुतिमधुर शब्दहरूको चयन,
- माधुर्य र प्रसाद गुणका पक्षपाती,
- श्रृङ्गार करुण रसको सफल प्रयोग, अन्य रसको पनि उचित प्रयोग
- सरल शब्दद्वारा पनि गम्भीर भाव व्यक्त गर्न सफल,
- शास्त्रीय लयको सफल प्रयोग,
- सरल र सहज भाषाशैलीको प्रयोग,
- भाषा र भावको उचित संयोजन,
- आध्यात्मिक चेत,
- ईश्वरीय क्रियाकलापप्रति पनि आक्रोश व्यक्त,
- पत्नीबिनाको जीवन अपूर्ण हुने धारणा व्यक्त,
- विद्यमान रुढीवादी प्रवृत्तिको विरोध,
- समाजमा विद्यमान कुरीति, कुसंस्कृतिप्रति तीव्र विरोध गर्दै समयानुकूल सुधारको अपेक्षा,
- मानिसले त्याग गर्न सक्नुपर्ने विचार व्यक्त,

- व्यक्तिगत स्वार्थमा भन्दा राष्ट्रिय स्वार्थमा जोड दिन आग्रह,
- नारी उत्थानमा जोड,
- लैङ्गिक समानताको पक्षमा वकालत,
- मानवले गुणग्राही बन्नुपर्ने अभिव्यक्ति,
- नारी र पुरुष दुवैको सहयोगबाट मात्र समाज तथा घर चल्ने धारणा व्यक्त,
- प्राकृतिक सौन्दर्यको चित्रणमा जोड,
- समाजमा पारस्परिक सद्भाव खल्बलिन नहुनेमा जोड र
- बोली र व्यवहार एकै हुनुपर्ने अभिमत प्रकट ।

यिनै विविध प्रवृत्तिको सेरोफेरोमा कवि रामहरि दाहालका काव्यकृतिहरूको रचना भएको पाइन्छ । तिनले समाजमा नवीन धारणाको विकासगरी समाजलाई सभ्य बनाउदै लैजान महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

*चौथो परिच्छेद*

# 'नेवारपानी' खण्डकाव्यको अध्ययन

## ४.१ रचनाकाल र प्रकाशन

रामहरि दाहालले नेपाली साहित्यमा प्रवेश गरेदेखि नै खण्डकाव्य लेख्ने सोच राखेपनि उनले धेरै पछिमात्र खण्डकाव्य लेखे । सबैलाई उत्तिकै मनपर्ने र स्तरीय खण्डकाव्य लेख्ने चाहना भएका कारण र तत्कालीन परिवेशका कारण पनि उनले समयमै खण्डकाव्य लेख्न सकेनन् । त्यसकारण पनि खण्डकाव्य लेख्ने उनको धोको धेरै पछिसम्म धकेलियो । नेपाली साहित्य लेखनको प्रारम्भतिर केही सक्रिय रूपमा लागेका भए पनि पछि कार्यव्यस्तताका कारण उनी लेखनतर्फ त्यति सक्रिय देखिदैनन् । फाट्टफुट्ट रूपमा एक/दुईवटा कविता मात्र यस बीचको अवधिमा प्रकाशित भएका छन् । वि.सं. २०५७ सालपछि भने लेखनतर्फ केही सक्रिय रूपमा देखा परे । यसै समयमा उनका दुईवटा कविता पनि प्रकाशित भए । यी दुई कविता पनि दुई दशकपछि मात्र प्रकाशित भएका हुन् ।

यसै समयमै उनी खण्डकाव्य लेखनतर्फ पनि लागे । वि.सं. २०५७ सालमा उनले आफ्नो जन्मस्थल नेवारपानी गाउाको चर्चा परिचर्चा गर्दै नेवारपानी खण्डकाव्यको लेखन कार्य प्रारम्भ गरे । आफ्नै गाउाको विषयवस्तुलाई लिएर लेखिएको खण्डकाव्य भएकाले उनलाई तुरुन्तै यो खण्डकाव्य प्रकाशित गर्ने इच्छा हुादैन किनभने उनी आफूले लेखेको खण्डकाव्य सबै पाठकको निम्ति उत्तिकै चाखिलो होस् भन्ने चाहन्थे । फलस्वरूप, यस खण्डकाव्यको प्रकाशन नगरी उनी यस समयमै अर्को खण्डकाव्य लेखनतर्फ लागे । यसै क्रममा उनले देशको तत्कालीन परिवेशलाई समेटी, देशको स्थितिलाई पनि चित्रण गर्दै शान्तिको खोजी खण्डकाव्य लेख्न थाले । यी दुवै खण्डकाव्य लेखिसकेपछि मात्र उनले यी दुवै खण्डकाव्यलाई एकैचोटि प्रकाशमा ल्याए । यसरी हेर्दा उनको यस नेवारपानी खण्डकाव्यको रचनाकाल वि.सं. २०५७ र प्रकाशन काल वि.सं २०५८ मार्ग हो ।

## ४.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

रामहरि दाहालमा सानै उमेरदेखि नै कविता लेखनमा रुचि थियो । विद्यालयमा पढ्दा पनि आफ्नो पाठ तयार गर्दा कविता बनाएर तयार गर्थे । यस्तै क्रममा उनलाई नेपालीमा कविता लेख्न शिक्षक डिल्लीरमण अर्यालले प्रेरणा दिए । त्यस्तै तीनधारा पाठशालामा हुने कवि गोष्ठीले पनि उनलाई कविता लेख्नमा थप हौसला दिन्थ्यो । त्यस्तै अग्रज साहित्यका कृतिहरूबाट पनि कविता लेख्नमा रुचि भएको साथै नेपाली साहित्यमा केही योगदान दिनुपर्छ भन्ने भावना जागृत भएका कारण पनि उनी यस खण्डकाव्यको लेखनतर्फ लागेको बुझिन्छ ।

यस खण्डकाव्यको विषयवस्तुको स्रोत उत्पाद्य देखिन्छ । कविले आफ्नो जन्मभूमिलाई विषयवस्तु बनाई कलात्मक कल्पनाद्वारा यस खण्डकाव्यलाई सिंगारेका छन् । त्यसकारण यस खण्डकाव्यको विषयवस्तुको स्रोत कुनै ऐतिहासिक वा पौराणिक नभई उत्पाद्य हो ।

## ४.३ शीर्षक चयन

प्रस्तुत खण्डकाव्यको शीर्षक नेवारपानी छ । नेवारपानी धादिङ जिल्लाको सुनौलाबजार गा.वि.स. वार्ड नं. १ मा पर्ने एउटा गाउाको नाम हो । यो गाउा नेवारपानी काव्यकारको जन्मस्थल हो । यस खण्डकाव्यमा कविले आफ्नो गाउा नेवारपानीलाई चिनाउन खोजेका छन् । यसमा नेवारपानी गाउाको परिचय दिादै सुन्दर ढङ्गले उक्त गाउाको सफल चित्र उतारिएको छ । यस खण्डकाव्यको मुख्य विषयवस्तु नै यही गाउा हो । साथै यस खण्डकाव्यको मुख्य उद्देश्य पनि उक्त गाउाको साङ्गोपाङ्ग वर्णन गर्नु हो । यो खण्डकाव्य आद्योपान्त उक्त गाउाको वर्णन गर्न मे केन्द्रित छ । यस खण्डकाव्यको संरचना पनि उक्त गाउाको सेरोफेरोमै भएको छ । यहाा वर्णन गरिएका विषय तथा प्रसङ्गहरू नेवारपानी गाउालाई चिनाउनमा वा उक्त गाउाको वर्णन गर्नमै केन्द्रित छन् । तसर्थ प्रस्तुत खण्डकाव्यको शीर्षक ‘नेवारपानी’ सार्थक छ ।

## ४.४ खण्डकाव्यको पहिलो आधारभूत तत्त्व अनुभूतिको आख्यानीकरण र ‘नेवारपानी’

खण्डकाव्यको प्रथम आधारभूत तत्त्वका रूपमा अनुभूतिको आख्यानीकरणलाई मान्यता दिएको पाइन्छ (गैरे, २०६० : १७१)। खण्डकाव्यमा अनुभूतिको प्रवाहात्मक अभिव्यक्तिलाई सुसङ्गठित एवं आस्वाद्य बनाउन आख्यानलाई आगालिएको हुन्छ । खण्डकाव्यमा विवरणका

रूपमा अनुभूति आएको हुन्छ। र त्यस विवरणलाई एकान्विति प्रदान गर्नका निमित्त नै विजातीय आख्यानलाई प्रयोग गरेको हुन्छ। यसरी खण्डकाव्यमा विस्तृत अनुभूतिको आख्यानीकरण खण्डकाव्यको आवश्यक पहिलो तत्त्व हो। आख्यानीकरणभित्र कथावस्तु, पात्रविधान, देशकाल र प्रविधि आउाछन् (ऐजन : १७०)।

यसरी उपर्युक्त तत्त्वका आधारमा नेवारपानी खण्डकाव्यको विवेचन गर्न सकिन्छ। जन्मभूमिको स्नेहले आप्लावित बन्न पुगेको कविको अन्तर्मनको उपजका रूपमा नेवारपानी खण्डकाव्य नेपाली साहित्यमा देखा परेको छ। यस खण्डकाव्यमा कविको अनुभूतिको अभिव्यक्तिका लागि कथावस्तु आधारभूत र महत्त्वपूर्ण पक्ष बन्न पुगेको पाइन्छ। नेवारपानी खण्डकाव्यमा कविको जन्मथलो नेवारपानी गाउाको परिवेश यसको प्राचीनता, यसको आधुनिकता, यसप्रति घट्दै गएको मान्छेहरूको सद्भाव, प्रेम, उन्नति आदि पक्षहरूलाई कथावस्तुका रूपमा आगालिएको छ। उदाहरणका लागि निम्नलिखित पद्यहरू देखाउन सकिन्छ :

स्वर्गीय आनन्द दिने छ गाउा,
नेवारपानी जसको छ नाउा।
जो सृष्टिको सुन्दर शिल्प छुन्छ,
सम्झेर त्यो अन्तरचित्त रुन्छ॥ (परिवेश :१)

भनिन्छ पानी बिच क्वै निवारो,
थियो महावृक्ष खुबै पियारो।
त्यै जोडिको सुन्दर संझनामा,
नेवारपानी चिनिदैछ नाम॥ (परिवेश :५)

निवारको वृक्ष कथावशेष,
हुादा त नेवार रह्यो विशेष।
नेवारको जाति यहाा छादैछ ,
जे होस् दुबै सार्थक नाम नै छ॥ (परिवेश :६)

उपर्युक्त पद्यहरूमा पहिलोमा (अर्थात् यस नेवारपानी खण्डकाव्यको परिवेश शीर्षक अन्तर्गतको) पद्यमा नेवारपानी गाउाको वातावरणीय परिवेशबाट कथावस्तुलाई उठान गरिएको छ। पााचौमा (परिवेश : ५) कथावस्तुलाई सशक्त बनाउन नेवारपानीको नामकरणको

प्राचीनतालाई सङ्केत गरिएको छ। यसै प्रसङ्गलाई अझ विस्तारित गर्न छैटौं पद्य प्रवृत्त भएको छ। यस खण्डकाव्यको परिवेश शीर्षकभित्र १५२ पद्यहरू छन्। ती पद्यहरूमा कविले प्रमुख तथ्य विषय नेवारपानी गाउाको वातावरणीय परिदृश्यबाट सुरु गरेकाले यस (परिवेश) शीर्षकको मुख्य कथनीय विषय उक्त गाउाको भौगोलिक बनाबट र सजाबट छर्लङ्ग पार्नु हो भनी भन्न सकिन्छ। यस खण्डकाव्यको दोस्रो शीर्षक स्वरूप हो। जसभित्र ९६ वटा पद्यहरू छन्। यस शीर्षकमा कविले धादिङ जिल्लाको आदिम स्वरूप कस्तो थियो भन्ने जिज्ञासालाई समाधान गर्न निम्नलिखित दुई पद्यमा आख्यान गरेका छन्। जुन यसप्रकार छन् -

ज्वाला निकाली मुखबाट रातो,
क्वै देव बस्छन् लिइ दुष्ट सातो।
यो अर्थमा वादिङ नाम जम्छ,
चेपाङको आदिम वास रम्छ॥ (स्वरूपः १-२)
'वा' वर्णको अर्थ रहेछ देव,
दिङ् अग्निज्वाला कहने छादैछ।
वादिङ् यही अक्षरपुञ्ज नाम,
धादिङ् भयो त्यो पछि शान्तिधाम॥(स्वरूपः २)

यस खण्डकाव्यको अन्तिम शीर्षक स्मृतिशेष हो। जसभित्र ३३ पद्यहरू छन्। यस शीर्षकले नेवारपानी गाउा छोडी विदेशीएका मान्छेहरूले यस गाउालाई बिर्सिएको, यहीा बस्ने मान्छेहरूले पनि गाउालाई उन्नति, प्रगतितर्फ नलम्काएको विषयलाई मुख्य कथावस्तु बनाएको छ। यस कुराको पुष्टि निम्नलिखित पद्यहरूले नै गरेका छन्।

बौडाइ ऐले किन नाचदैन,
तित्रा कुदेको किन देखिादैन।
कुहू कुहू कोइलि शब्द आज,
रम्दैन सुन्दा किन खै समाज॥ (स्मृतिशेष : ११)

ल पर्सि तल्लो घरमा बिहे छ,
लगाउ बोता टपरी गएर।

पकाउ रोटी, कुट धान नानी,

भन्ने कहाा गो सहयोग बानी ॥ (स्मृतिशेष : १२)
बुबा मुमा, अग्रज यी ठूला छन्,
सन्तानको उन्नतिनिम्ति मर्छन् ।
भनेर संमान्यहरू रिझाई,
आशीष माग्ने युववर्ग खोई ॥ (स्मृतिशेष : १८)

न धैर्य केही युववर्गमा छ,
न शौर्य केही जनवर्गमा छ ।
न ठाउा मिल्दो व्यवसाय नै छ,
अभाव, चिन्ता सबमा खडा छ ॥ (स्मृतिशेष : ३०)

यसरी नेवारपानी खण्डकाव्यभित्र कविले आफ्ना अन्तर्मनका विभिन्न अनुभूतिको क्रमबद्ध आख्यानीकरण गरेका छन् भन्न सकिन्छ ।

## ४.५ खण्डकाव्यमा दोस्रो आधारभूत तत्त्व प्रबन्ध विधान र 'नेवारपानी'

खण्डकाव्यको दोस्रो महत्त्वपूर्ण तत्त्वका रूपमा प्रबन्ध-विधानलाई स्वीकारेको पाइन्छ । अनुभूतिको व्यवस्थापन नै प्रबन्ध विधान हो (गैरे, २०६० : १७२) ।

आख्यान र अनुभूतिको समन्वयात्मक प्रस्तुतीकरणमा खण्डकाव्यकारले एउटा प्रबन्ध-विधान गर्नुपर्ने हुन्छ । त्यसका लागि खण्ड, परिच्छेद, सर्ग वा भाव आदिको योजना खण्डकाव्यमा बनाइएको हुन्छ । यसलाई पूर्वीय साहित्यको पारिभाषिक शब्दमा सर्गबद्धता भन्न सकिन्छ । सर्ग भनेको अनुभूतिको एक झिल्को एक क्षण, एक लहर, एक प्रवाह वा एक महाप्रवाह पनि हो । अनुभूतिको एक प्रवाहको सृष्टि गरिएको हुन्छ । त्यो एक प्रवाह एक झिल्काका रूपमा प्रकट हुन्छ । त्यही विभिन्न अनुभूतिको झिल्काको मेल भएर बनेको एक नदीस्वरूप अनुभूति प्रवाहको प्रबन्धात्मक अभिव्यक्ति खण्डकाव्य हो । जीवनको एक अंश खण्डकाव्यको आयतन हो । त्यो जीवनको एक अंशलाई एकैचोटि प्रस्तुत गर्न सकिदैन । तिनलाई जीवनको एक क्षण वा मुहूर्तको क्रमबद्ध अभिव्यक्ति खण्डकाव्यको प्रबन्धात्मकता हो । पूर्वीय विद्वान्हरूका विचारमा सर्गबद्धताले खण्डकाव्यका सन्दर्भमा अनुभूतिको एक प्रवाहको अनुभूति हो भन्ने जनाउाछ । पूर्वीय आचार्यहरूले खण्डकाव्यमा सर्ग विधानको सैद्धान्तिक व्यवस्था नदेखाएपनि नेपाली र हिन्दी खण्डकाव्यमा सर्गबद्धता (प्रबन्ध विधानता) देखा पर्दछ ।

नेपाली साहित्यमा खण्डकाव्य सर्गबद्ध पनि छन् र पश्चिमी साहित्यिक गाथाको अनुसरणमा समेत लेखिएका छन् । सम र देवकोटाको खण्डकाव्यमा पाश्चात्य ढाचाको पनि प्रभाव छ भने लेखनाथ र माधव घिमिरेले पूर्वीय सर्गबद्धतालाई आधारमानी लेखेका छन् । खण्डकाव्यमा महाकाव्यमा झै धेरै सर्गबद्धताको आवश्यकता छैन (पूर्ववत् : १७३)।

उपर्युक्त कुराहरूलाई माध्यम बनाएर नेवारपानी खण्डकाव्यको प्रबन्धविधान पक्षको विश्लेषण गर्नुपर्दा यसरी गर्न सकिन्छ। यस खण्डकाव्यमा पहिलो शीर्षकलाई परिवेश नामकरण गरिएको छ। यो खण्डकाव्यको पहिलो प्रबन्ध विधान हो भने दोस्रो चाहि स्वरूप हो। यस खण्डकाव्यको अन्तिम शीर्षक स्मृतिशेष हो। यो यस खण्डकाव्यको अन्तिम प्रबन्धविधान हो। अन्य नेपाली खण्डकाव्यहरूमा सर्ग, विश्राम, छाल आदि नामकरण गरी खण्डकाव्यको कलेवरलाई पूर्ण बनाएको देखिन्छ भने यस नेवारपानी खण्डकाव्यमा शब्दात्मक प्रबन्ध विधानलाई आगालिएको छ।

## ४.६ खण्डकाव्यका घटक तत्त्वहरू र 'नेवारपानी' खण्डकाव्य

खण्डकाव्य अनुभूतिको आख्यानीकरण भएको प्रबन्ध संरचनात्मक विधानको कविता विधा अन्तर्गतको एक उपविधात्मक साहित्यिक रूप हो। खण्डकाव्य कविता विधा भएकाले कवितात्मक तत्त्व पनि यसमा हुने गर्दछन् भने आख्यानीकरणको महत्त्वपूर्ण तत्त्व हुने भएकाले यसमा आख्यान तत्त्वसम्बन्धी घटकहरूले पनि प्रमुख भूमिका खेलेका हुन्छन् (पूर्ववत् : १७६)। यिनै विविध सन्दर्भहरूलाई ध्यान दिदा नेवारपानी खण्डकाव्यमा मूलभूत रूपमा घटित हुने यसका प्रमुख घटक तत्त्वहरूका आधारमा उक्त खण्डकाव्यको विवेचना गरिन्छ।

### ४.६.१ आख्यानात्मक संरचना

#### ४.६.१.१ कथावस्तु

नेवारपानी खण्डकाव्यको विषयवस्तु नेवारपानी गाउा हो। यसको कथावस्तु ऐतिहासिक वा पौराणिक विषयवस्तुसाग सम्बन्धित नभई कवि कल्पनाद्वारा सिर्जित छ। यस खण्डकाव्यमा काव्यकारले आफ्नो जन्मस्थानलाई सुन्दर ढङ्गले वर्णन गरेका छन्। 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भनेझै प्रस्तुत खण्डकाव्यमा पनि आफ्नो जन्मभूमिप्रतिको माया मोह दर्साइएको छ। जो कोहीलाई पनि जन्म दिने आमा र जन्मेको ठाउा असाध्यै प्यारो लाग्छ। त्यसैको उदाहरण हो प्रस्तुत खण्डकाव्य यसबाट पनि काव्यकारमा जन्मभूमिप्रति

असाध्यै माया, मोह तथा श्रद्धा छ भन्ने कुरा स्पष्ट हुन्छ। यसरी काव्यकारले आफ्नो जन्मभूमिप्रति असाध्यै श्रद्धा प्रकट गरेका छन्, अत्यन्त सम्मान गरेका छन्। त्यतिमात्र नभई मुख्य कथावस्तुको रूपमा नै आफ्नो जन्मभूमिलाई नै स्वीकार गरी प्रस्तुत खण्डकाव्यको रचना गरेका छन्।

प्रस्तुत खण्डकाव्यको कथावस्तु नेवारपानी गाउामै सीमित छ। अध्ययनको सिलसिलामा जन्मभूमि छाड्न बाध्य भएका उनी पेसाले गर्दा काठमाडौंमै बस्नुपर्ने भएकाले उनका लागि जन्मभूमि टाढा हुन पुग्छ। गाउामै बसेर आफ्नो जन्मभूमिको सेवा गर्ने उनको धोको पूरा हुन सक्तैन। उनलाई जन्मभूमिको सम्झनाले र माया ममताले सधै घच्घच्याइरहन्छ। त्यही माया, मोह र सम्झनाले सताउादा काव्यकार काव्य लेख्न बाध्य हुन्छन्। स्वयं उपस्थित हुन नसके पनि काव्यकार काव्यमार्फत् उक्त गाउामा विचरण गर्न पुग्दछन्।

प्रस्तुत खण्डकाव्यको कथावस्तु तीन खण्ड वा भागमा विस्तारित छ। परिवेश, स्वरूप र स्मृतिशेष शीर्षकमा यसको कथावस्तु विस्तारित छ। यहाा यी तीन शीर्षकमा विस्तारित प्रस्तुत खण्डकाव्यको कथावस्तुलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ।

४.६.१.१.१ परिवेश

'परिवेश' प्रस्तुत खण्डकाव्यको पहिलो खण्ड वा भाग हो। यस भागमा जम्मा १५२ श्लोकहरू छन् र यो नै प्रस्तुत खण्डकाव्यको सबैभन्दा ठूलो भाग पनि हो।

यस भागमा काव्यकारले नेवारपानी गाउाको चर्चा गरेका छन्। परिवेश शीर्षकबाट पनि स्पष्ट हुन्छ कि यस भागमा उक्त गाउाको परिवेशको चित्रण गरिएको छ। यस खण्डकाव्यको परिवेश खण्डको प्रारम्भमै कविले सृष्टिको सुन्दर गाउा नेवारपानीलाई स्वर्गीय गाउाको रूपमा चित्रण गरेका छन् र त्यस्तो गाउा छोडी बाहिर बस्न बाध्य भएकोमा दुःख व्यक्त गरेका छन् -

स्वर्गीय आनन्द दिने छ गाउा,<br>
नेवारपानी जसको छ नाउा।<br>
जो सृष्टिको सुन्दर शिल्प छुन्छ,<br>
संझेर त्यो अन्तरचिन्त रुन्छ॥ (परिवेशः १)

त्यसपछि काव्यकारले नेवारपानी गाउाको प्राकृतिक सुन्दरताको वर्णन गरेका छन्। उक्त गाउाका डााडाकााडा, खोलानाला, बोटवृक्षहरू, लतावनस्पतिहरू, खेतबारी आदिको वर्णन

बडो सुन्दर ढङ्गले गरेका छन् । त्यसपछि उक्त गाउाको नाम नेवारपानी कसरी रहन गयो भन्नेबारे वर्णन गरेका छन् । उनले नेवारपानी नाम रहनुको पछाडि दुईवटा कारण देखाएका छन् । पहिलो कारणमा त्यहाा पहिले निवारोको ठूलो रुख भएकोले नेवारपानी नाम रहन गयो भने दोस्रो कारणमा त्यहाा नेवारजातिको बाहुल्य भएकाले पनि नेवारपानी नाम रहन गयो । जुन आधारमा नेवारपानी नाम राखेको भए पनि यी दुवै आधार सार्थक भएको धारणा काव्यकारले व्यक्त गरेका छन् -

निवारको वृक्ष कथावशेष,
हाादा त नेवार रह्यो विशेष ।
नेवारको जाति यहाा छादैछ,
जे होस् दुवै सार्थक नाम नै छ ॥ (परिवेशः ६)

काव्यकारलाई आफ्नो जन्मभूमि अत्यन्त सुन्दर लाग्छ । त्यसैले पनि हो कि उनले उक्त गाउाको सम्पूर्ण पक्षको चित्रण गर्न भ्याएका छन् । उनलाई उक्त गाउाका सम्पूर्ण चीज अत्यन्त सुन्दर लागेका छन्, जुन मातृभूमिप्रतिको स्नेह पनि हो । यसै क्रममा उनले नेवारपानी गाउाको प्राकृतिक चित्रण सफल रूपमा  गरेका छन् । यसक्रममा उनले खोलानाला, कुवा, पोखरी, डााडाकााडा तथा वृक्ष वनस्पतिहरूको चर्चा गरेका छन् । यस बीचमा उनले नेवारपानी गाउा कस्तो छ भनी यसको बनावटको चर्चा गरेका छन् । यो गाउाको डााडो मझौला तर लाम्चिलो छ । यो गाउा पूर्वबाट केही उत्तरदक्षिणी भागमा अवस्थित छ । यो गाउा पारिलो छ र यसको जमीन रसिलो छ भनी नेवारपानी गाउाको परिचय  दिएका छन् -

त्यो लााकुरीको गिरिश्रृङ्गनेर,
डााडा मझौला तर लाम्चिलो छ ।
यो शैल पूर्वोत्तरदक्षिणी छ,
क्यै पारिलो, क्यै  रसिलो जिमी छ ॥ (परिवेशः १४)

नेवारपानी गाउाको चर्चा गर्ने क्रममा उक्त गाउालाई धादिङ जिल्लाकै पायक पर्ने गाउाको रूपमा चिनाएका छन् । यो गाउा अत्यन्त सुन्दर, स्निग्ध र शान्त पनि छ । त्यसैले राणाहरूले पहिले यसै ठाउालाई सदरमुकाम बनाएको प्रसङ्गलाई पनि यहाा चर्चा गरेका छन् -

धादिङको पायकयोग्य ठाउा,
यो शान्त औ सुन्दर स्निग्ध गाउा ।
भनेर राणाहरूले मुकाम,
यही बनाए सब गर्न काम ॥ (परिवेशः १९)

नेवारपानी गाउाको वर्णन गर्ने क्रममा काव्यकारले उक्त गाउालाई सुन्दर र उत्कृष्ट गाउाको रूपमा वर्णन गरेका छन् । हरियो डााडाकााडाले ढाकेको, हिमचुचुराहरू देखिने, उद्योग, कलकारखाना पनि खुलेका, व्यापारिक  दृष्टिले उत्तम, पानी, विद्युत् यातायातको सुविधा आदि गुणले युक्त उक्त गाउालाई उत्तम गाउा ठानेका छन् । त्यस्तै प्रशस्त चौर, खेतबारी, खोरिया, पाटीपौवा, नदीनाला, हरिया डााडाकााडाले युक्त उक्त गाउा, वास्तवमा नै अत्यन्त सुन्दर छ भनी वर्णन गरेका छन् । काव्यकारका दृष्टिमा नेवारपानी गाउामा सबै गुणमात्र छन् कुनै दोष नै छैनन् । उनले यो समान गाउा अन्यत्र कतै पनि छैन भनेका छन् । उनले आफ्नो गाउालाई अत्यन्त सुन्दर भनी चित्रण गरेका छन् -

कैयौा डुले देश, गुफा, इलाका,
पहाड, बेसी वन, लोक पाखा ।
परन्तु यो शैलसमान ठाउा,
कतै छादैछैन  नि गाउा ठाउा ॥ (परिवेश: ५१)

यसरी आफ्नो गाउालाई अत्युच्च ठान्नु निश्चय नै जन्मभूमिप्रतिको अगाध स्नेह नै हो भन्न सकिन्छ किनभने सर्वाङ्गरूपमा उत्कृष्ट त कुनै पनि गाउा हुादैन, केही न केही खोट वा अपूर्णता हुन्छ नै यसबाट कविमा भएको जन्मभूमिप्रतिको श्रद्धाभाव स्पष्ट हुन्छ ।

त्यस्तै यस  भागमा काव्यकारले उक्त गाउामा रहेका वृक्ष वनस्पतिहरू, खेतबारी तथा फााटहरू, उक्त गाउाहुादै बग्ने खोलानदी तथा उक्त गाउाबाट देखिने प्रकृतिको सुन्दरता र हिमाली सौन्दर्यको पनि चर्चा गरेका छन् । त्यस्तै उक्त गाउामा फल्ने प्रमुख अन्नबाली तथा फलफूलहरूको पनि वर्णन गरेका छन् । त्यहाा फल्ने प्रमुख अन्नहरूमा मकै, कोदो, जौ, गहुा, फापर, भटमास आदिको चर्चा गरेका छन् । उक्त गाउाको पूर्व, पश्चिम उत्तर दक्षिण भागमा रहेका डााडाकााडा, वनपाखा, गाउावस्ती, हिमाल आदिले गाउाको शोभालाई अझ उच्च बनाएको चर्चा यस भागमा गरिएको छ । त्यस्तै उक्त गाउामा बसोबास गर्ने मानिसहरू पनि असल छन् भनी चर्चा गरेका छन् । त्यस गाउाका मानिसहरूमा स्वार्थीपना, छलकपट गर्ने भावना तथा अरूको ईर्ष्या र डाहा गर्ने प्रवृत्ति छैन । त्यस्तै त्यस गाउाका मानिसहरूमा केही नराम्रो स्वभाव नरहेको र सानो ठूलोको भेदभाव पनि नरहेको बताउादै सबैमा आत्मीयता र उच्च त्याग रहेको बताएका छन् ।

त्यहाा कुनै स्वार्थ र छद्म छैन,
डाहा कुचक्रीपन केही छैन ॥ (परिवेश: १०५)
ठूलो र सानोबिच भेदभाव,

रहन्न केही विषमस्वभाव ॥ (परिवेशः १०३)

आत्मीयताले परिपूर्ण राग,

त्यहाा छ नैसर्गिक उच्च त्याग ॥ (परिवेशः १०४)

त्यस्तै यस भागमा उक्त गाउामा फल्ने विभिन्न फलफूलहरू सून्तला, काफल, अम्बा, तिादु, भोगटे, कागती आदिको पनि चर्चा गरिएको छ । त्यस्तै त्यहाा फल्ने तरकारीहरू आलु, सिमी, बोडी, फूलगोबी, बन्दा, मुला, भान्टा आदिको पनि चर्चा छ । त्यस गाउामा पहिले कुसुण्डा जाति बसोबास गरेको संकेत काव्यकारले गरेका छन् । त्यस्तै त्यहाा बाासतोला गिरिको नजिकै एक पोखरी रहेको जहाा मानिसहरू विहार गर्ने गरेको प्रसङ्गको चर्चा गरिएको छ साथै मल्ल राजाहरू त्यहाा आई विहार गर्थे भन्ने संकेत गरेका छन् तर आज त्यो केवल स्मृतिमात्र रहेको उल्लेख गरेका छन् । विभिन्न डााडाहरूले घेरिएको यस गाउालाई ती डााडाहरूले, हिमालले गर्दा यस गाउाको सुन्दरता अझ बढेको प्रसङ्ग उल्लेख गरेका छन् । यसरी सबै दृष्टिले अत्यन्त सुन्दर, रमणीय तथा उत्कृष्ट गाउाको रूपमा नेवारपानी गाउाको चित्रण काव्यकारले यस भागमा गरेका छन् ।

यसरी यस भागमा काव्यकारले आफ्नो जन्मभूमि नेवारपानी गाउाको परिवेशको विस्तृत वर्णन गरेका छन् । नेवारपानी गाउाको सम्पूर्ण पक्षलाई समेटेर सरल शैलीमा तर रोचक ढङ्गले यस भागमा उक्त गाउाको वर्णन गरेका छन् ।

४.६.१.१.२ स्वरूप

'स्वरूप' प्रस्तुत खण्डकाव्यको दोस्रो खण्ड वा भाग हो । यस भागमा जम्मा ९६ श्लोकहरू छन् । यो खण्डकाव्यको मध्यम आकारको भाग हो ।

यस भागलाई स्वरूप भनी नामकरण गरिएको छ । यसबाट पनि स्पष्ट हुन्छ कि यस भागमा नेवारपानी गाउाको स्वरूपको चर्चा गरिएको छ । यो गाउा धादिङ जिल्लामा पर्ने हुादा सबभन्दा पहिले यहाा धादिङ् नाम कसरी रहन गयो भन्ने बारेमा  जानकारी दिइएको छ । चेपाङ भाषाको वादिङ शब्दमा रहेको 'वा' को अर्थ 'देव' र 'दिङ' को अर्थ 'अग्निज्वाला' भन्ने अर्थअनुसार मुखबाट रातो ज्वाला निकाल्ने देवताको वासस्थान भन्ने अर्थमा वादिङ् नामकरण भएको र पछि त्यही वादिङ् शब्द धादिङ भएको प्रसङ्ग यहाा उल्लेख गरिएको छ -

वा वर्णको अर्थ रहेछ देव

दिङ् अग्निज्वाला कहने छादैछ ।

वादिङ् यही अक्षरपुञ्ज नाम

धादिङ भयो त्यो पछि शान्तिधाम ॥ (स्वरूपः २)

जिल्लाको परिचयपश्चात् यसको इतिहासलाई कोट्याउादै रामशाहले राज्य गरेको प्रसङ्ग उल्लेख गरिएको छ। त्यसपछि नेवारपानी गाउाको चर्चा गर्न थालिएको छ। नेवारपानी गाउालाई शान्तिको शीतलकुञ्ज र कान्तिको अक्षय पुञ्जको रूपमा चित्रण गरिएको छ। धादिङ जिल्ला हिमशिखरले शोभित भएको, त्रिशुली र बूढी नदीले बेरिएको छ। यस जिल्लाको भू-भाग पूर्वमा राजधानीसम्म फैलिएको, पश्चिममा पहाडहरूले घेरिएको उत्तरमा हिमालले घरेको छ दक्षिणमा तराईसम्म फैलिएको छ। यहाा पुरातात्विक महत्त्व बोकेको ताम्रपत्र, काास्यपात्र, पुराना सिक्का र ढुङ्गेकलाका नमुना पनि प्रशस्त रहेको उल्लेख गरिएको छ। यही धादिङ जिल्लाको मध्यभागमा नेवारपानी गाउा छ भनी उक्त गाउाको परिचय

दिइएको छ -

धादिङको मध्य जमीनभित्र,
धादिङ् भनेर चिनिने विचित्र।
छ एक क्वै संथर उच्च गाउा,
नेवारपानी जसको छ नाउा ॥ (स्वरूपः १४)

त्यसपछि यस भागमा नेवारपानी गाउाको मात्र चर्चा नभै उक्त गाउाका घरघरको समेत चर्चा गरिएको छ। यसै क्रममा यहाा घरहरू लिपपोत गरी सफा पारिएको, आागनको डिलमा मठको निर्माण गरिएको, कतै फोहोर नभएको, घरघरमा रहेका बगैाचा तथा फलफूलहरूले अझ रौनकता छाएको चर्चा गरिएको छ। त्यस्तै यहाा उक्त गाउामा फल्ने विभिन्न फलफूलहरू अनार, जुनार, अम्बा, भोगटे, ज्यामीर, नासपाती, सुन्तला, कागती, केरा, लप्सी, काफल, मेवा आदिको चर्चा सुन्दर ढङ्गले गरेका छन्। विभिन्न फलफूलहरूको चर्चा गरेपछि काव्यकारले यहाा उब्जाउ हुने विभिन्न अन्नहरूको पनि चर्चा गरेका छन्। यस क्रममा उनले मकैलाई गाउाको प्राण नै भनेका छन् -

यो गाउाको शान यही मकै हो,
यो गाउाको प्राण यही मकै हो। (स्वरूपः ३३)

मकै धेरै उपयोगी बाली भएकोले यसलाई गाउाको शान र प्राण मानिएको हो। मकै कतै खाना बनेर, कतै औषधी बनेर, कतै बार बनेर, कतै रोटी बनेर हामीलाई सेवा गरेको हुन्छ। मकै लगायत उक्त गाउामा फल्ने अन्य केही बालीहरूको पनि चर्चा गरिएको छ जस अन्तर्गत कोदो, गहु, तोरी मुख्य छन्।

त्यस्तै यस भागमा उक्त गाउामा फुल्ने विभिन्न फूलहरूको चर्चा अत्यन्त सुन्दर ढङ्गले गरिएको छ। पारिजात, सयपत्री, जुही, वेली आदि फूलहरूले गाउालाई सधै हासाइरहेको प्रसङ्ग उल्लेख गरिएको छ। त्यस्तै यस गाउामा रहेका मुख्य वृक्षहरू जस्तो पीपल, बडहर, काभ्रो, कोइरालो, टााकी, खनियुा, आदिको चर्चा पनि गरिएको छ। त्यसपछि यस गाउाको हावापानीको चर्चा गरिएको छ। यो गाउा लेक भए पनि त्यति जाडो नहुने, गर्मी हुादै नहुने, मध्यम जलवायु भएकोले बस्तीको लागि अत्यन्त उपयोगी रहेको चर्चा गरिएको छ -

यो लेक हो तैपनि शीत छैन,  
गर्मी यहाा झन् कहिल्यै हुादैन।  
अत्यन्त राम्रो जलवायु पाई,  
बस्ती बसेको छ खुबै रमाई ॥ (स्वरूप: ७४)

त्यस्तै यस भागमा उक्त गाउाका मानिसहरूको प्रशंसा गरिएको छ। सो गाउाका मानिसहरू केही न केही काम गरी बस्ने स्वभाव भएका परिश्रमी छन् भनी उनीहरूको गुणगान गाइएको छ। गाउाका मानिसहरू परिश्रमी भएकाले गाउाको पनि विकास भएको उल्लेख छ। यहााका मानिसहरू जागीरे, सिकर्मी, डकर्मी, समाजसेवी, पण्डित, किसान आदि सबै क्षेत्रमा लागेका छन् भनी चर्चा गरिएको छ। यहााका मानिसमा रागद्वेष नरहेको, अरूको कुभलो नचिताउने, सहयोगी भावना भएका, कुनै समस्या आइपरेमा वा विवाद भएमा सबैजना जम्मा भई उचित समाधान गर्ने, नयाा काम गर्दा सल्लाह गरेर अगाडि बढ्ने जस्ता राम्रा प्रवृत्तिहरू छन् भनी उक्त गाउाका मानिसहरूको प्रशंसा गरिएको छ।

धादिङ जिल्ला राजधानीसाग जोडिएको हुनाले उद्योग तथा शिक्षातर्फ उन्मुख हुादै गइरहेको छ। धादिङ जिल्लाको मुटुको रूपमा रहेको सुनौला बजार र त्यसकै एक गाउा नेवारपानी पनि विकासतर्फ उन्मुख भएको चर्चा यहाा गरिएको छ। यो गाउामापनि बाटोघाटो, उद्योगधन्दा तथा विद्यालयहरू खुल्ने क्रम क्रमशः बढ्दै छभ र विकासतर्फ लम्किदै छ भनी वर्णन गरिएको छ। यस गाउामा विभिन्न जातिहरू बसोबास गर्दै आइरहेको प्रसङ्गको पनि चर्चा गरिएको छ।

यस गाउामा ब्राहृमण, क्षेत्री, सार्की, दमाई आदिको बस्ती भए पनि कुनै रागद्वेष नभएको, कुनै कुविश्वास तथा रुढीवादी नरहेको, धर्म तथा भाषाबीच कुनै द्वेष नरहेकाले पनि यो गाउा जिल्लाकै नमुना गाउा बनेको छ भनी चर्चा गरिएको छ -

यहाा कुविश्वास, रुढी रहेन,

र धर्म भाषाबिच द्वेष छैन ।

जिल्लाभरीमा नमुना यही छ ,

अन्यत्र यस्तो कुन गाउा नै छ ॥ (स्वरूपः ९५)

यस भागको अन्त्यमा यस रमणीय गाउाले शिवपार्वतीकौ आशीष पाएर आफ्नो नाम सर्वत्र चम्काउन सकोस् भन्ने शुभकामना व्यक्त गरिएको छ -

यस्तै रहोस् यो रमणीय ग्राम,

सर्वत्र चम्कोस् यसको सुनाम ।

आशीष पाओस् शिवपार्वतीको,

सधै छ, हाम्रो शुभकामना यो ॥(स्वरूपः ९६)

यसरी यस भागमा नेवारपानी गाउाको चित्रण सूक्ष्मरूपमा गरिएको छ । यस भागमा सुरुमा जिल्लाको परिचयबाट प्रारम्भ भएर गाउाको सम्पूर्ण पक्षको चित्रण गरिएको छ । उक्त गाउामा रहेका मानिसहरूको स्वभाव, त्यहाा उब्जाउ हुने अन्नबाली, फलफूलहरूको उल्लेख बोटवृक्ष तथा वनस्पतिहरूको चर्चा, त्यहााको हावापानीको वर्णन, त्यहाा भएका उद्योगकलकारखाना तथा जातजातिको चर्चा अत्यन्त सुन्दर ढङ्गले गरिएको छ र अन्त्यमा यस सुन्दर गाउाले आफ्नो नामलाई सर्वत्र चम्काउन सकोस् भन्ने शुभकामना पनि व्यक्त गरिएको छ ।

४.६.१.१.३ स्मृतिशेष

'स्मृतिशेष' प्रस्तुत खण्डकाव्यको तेस्रो खण्ड वा भाग हो । यही नै प्रस्तुत खण्डकाव्यको अन्तिम भाग पनि हो । यसमा जम्मा ३३ श्लोकहरू छन् । यो खण्डकाव्यको सबैभन्दा सानो भाग पनि हो ।

यस भागमा कविले आफ्नो जन्मस्थल नेवारपानी गाउाको स्मरण गरेका छन् । स्मृतिशेष शीर्षकबाट पनि उक्त कुराको पुष्टि हुन्छ । यसमा आफ्नो भौतिक शरीर त्यहाा नभए पनि आत्मा उही नै भएको र त्यहााका रमणीय दृश्यहरू मानसपटलमा चलचित्रका दृश्य झैा गरी आइरहने चर्चा गरिएको छ । यस भागमा कविले उक्त गाउामा हरिया डाडाकाडा, खोला नदी, खोल्सा, बगैाचा, चउर, पाखा पखेरा, फूलहरू आदि सबैको स्मरण गरेका छन् -

डाडा उनै छन्, धरती उनै छन्,

खोला र खोल्सा बहने उनै छन् ।

बुट्यान बल्ली, विरुवा उनै छन्,

मुस्कान छर्ने फूल ती उनै छन् ॥ (स्मृतिशेषः १)

यस भागमा कविले आफू त्यहाा छादा गरेका क्रियाकलापहरूको स्मरण गरेका छन् । त्यस गाउामा छादा साथीहरूसाग गोठालो भएर हिडेको युवा-युवती मिली जुहारी खेलेको, फलफूल टिपेर खाए, खुवाएको आदि घटनाहरूको स्मरण गरेका छन् । वास्तवमा गाउामा छादा अत्यन्त रमाइलोसाग दिनहरू बिताएको चर्चा गर्दै आज ती दिनहरू केवल स्मृतिको एक कुनामा मात्र सीमित भएको उल्लेख गरेका छन् । साथै त्यस्ता रमणीय दृश्यहरू आज छन् कि छैनन् भनी प्रश्न गरेका छन् ।

त्यस्तै यस भागमा पहिलेको जस्तो सुन्दर र रमणीय गाउा उस्तै रूपमा नभएकोमा चिन्ता पनि व्यक्त गरेका छन् । पहिलेको सुन्दरता बिस्तारै हराउादै गएको, पहिलेको जस्तो वनजङ्गल अहिले नरहेका, फलस्वरूप जङ्गली जनावरहरू पनि त्यहााबाट लोप हुादै गएको चर्चा यहाा गरेका छन् । त्यस्तै पहिलेका जस्तै सज्जन मानिस अहिले नरहेका, अहिलेका मानिसमा स्वार्थी भावना विकसित हुादै गएको र सहयोगी भावना बिस्तारै हराउादै गएकोमा चिन्ता पनि व्यक्त गरेका छन् ।

ल पर्सि तल्लो घरमा बिहे छ,

लगाउ बोता टपरी गएर ।

पकाउ रोटी, कुट धान नानी,

भन्ने कहाा गो सहयोग बानी ॥(स्मृतिशेषः १२)

त्यस्तै यस भागमा कविले बुबा, आमा तथा अन्य अग्रजले भनेका कुराहरू मान्ने, उनीहरूले दिएको निर्णयलाई लागु गर्ने, उनीहरूको अनुसरण गर्ने बानी हराएकोमा दुःख व्यक्त गरेका छन् । बाबुआमा  खाई नखाई सन्तानको उन्नतिको लागि मरिमेट्ने तर सन्तान भने अर्कैतिर मोडिएकोमा चिन्ता व्यक्त गरेका छन् । पहिलेको जस्तो सहयोगी समाज अहिले कहाा गयो भनी प्रश्न गरेका छन् । आजका मानिस बढी स्वार्थी र धनार्जनमा मात्र लागेकोमा दुःख प्रकट गरेका छन् । मानिसले आफ्नो कर्तव्य भुलेर मनपरी गरेकोमा खिन्न भएका छन् । समाजका कुनै पनि मानिसमा सहयोगी भावना नभएको, सद्भाव हराएको, धैर्य गुमाएकोमा चिन्तित भएका छन् । आजका मानिसमा वितृष्णा बढेको, आफूमात्र ठूलो हुा भन्ने भान परेको, धनले गर्दा अन्धो भई अनेक अनैतिक काम पनि गर्न थालेको, जसले गर्दा समाज गिर्दो छ, यसबाट कसरी समाज सुधार होला भनी चिन्ता प्रकट गरेका छन् र अन्त्यमा मानिसमा रहेका यी सम्पूर्ण दुर्भावहरू हटेर जाऊन्, तिनीहरूलाई सुबुद्धि दिएर गाउाको विकासमा सहयोग गरुन् र उनीहरू अहंताबाट मुक्त होऊन् भनी भैरवी माईसाग प्रार्थना पनि गरेका छन् -

छरी वितृष्णा सबतर्फ बढ्ने,

म मात्र ठूलो भनि शान भर्ने ।

युवा पिढीलाई दिई सुबुद्धि,

श्री भैरवी  माई गरुन् समृद्धि ॥(स्मृतिशेषः ३१)

यसरी यस भागमा काव्यकारले आफ्नो स्मृतिमा रहेको  पहिलेको नेवारपानी गाउाको चर्चा गर्दै आजको उक्त गाउा पहिलेको जस्तो नभएकोमा चिन्ता पनि व्यक्त गरेका छन् ।

यसरी यस खण्डकाव्यमा काव्यकारले आफ्नो जन्मभूमि नेवारपानी गाउाको सजीव चित्र उतारेका छन् । उक्त गाउाको सबै पक्षको चित्रण सुन्दर ढङ्गले गरेका छन् । उक्त गाउाको परिवेश र स्वरूपको बारेमा विस्तृत चर्चा गर्दै पहिलेको जस्तो गाउा अहिले नभएकोमा चिन्ता पनि व्यक्त गरेका छन् । यसरी यस खण्डकाव्यको कथावस्तु परिवेश, स्वरूप र स्मृतिशेषका तीन खण्डमा उक्त गाउाको विस्तृत चर्चा परिचर्चा गर्दै विस्तार भएको छ ।

### ४.६.१.२ पात्रविधान

अनुभूति र आख्यानमय काव्यतत्त्वलाई निजी व्यक्तित्वको प्रकाशको आलोकमा सशक्त र जीवन्त एवं समृद्ध र मार्मिक तुल्याउने, कथावस्तुको गतिशीलतालाई अगाडि बढाउने कार्य खण्डकाव्यको पात्रविधानले गर्दछ ।(गैरे, पूर्ववत् :१७७)

नेवारपानी काव्यकारले आफ्नो जन्मभूमिलाई विषयवस्तु बनाई लेखिएको खण्डकाव्य हो । आफ्नो जन्मभूमिलाई चिनाउने उद्देश्यले लेखिएको हुनाले यसमा नेवारपानी गाउाको मात्र वर्णन गरिएको छ । उक्त गाउाको मनोरम प्राकृतिक दृश्यहरूको वर्णन गरिएको छ । गाउाको चर्चा हुनाले यो खण्डकाव्य वर्णनात्मक बन्न पुगेको छ । यहाा काव्यकारले स्वयं म पात्र बनेर उक्त गाउाको वर्णन गरेका छन् । त्यसैले यस खण्डकाव्यमा अन्य पात्रहरूको घ्याइचो छैन । त्यस गाउाको चर्चा गर्ने क्रममा छरछिमेकीहरू तथा देवी देवताहरूको प्रसङ्ग आएपनि कार्यव्यापारमा यिनीहरूको कुनै सक्रियता छैन । यसमा मानवमानव बीचको संवाद वा कार्यव्यापार छैन । त्यसकारण  यसमा म पात्र-बाहेक अन्य मानवीय पात्रहरूको सक्रियता छैन । उक्त गाउाको चर्चा गर्ने क्रममा आएका खोला, नदी, वनजङ्गल, वृक्षवनस्पतिहरू, हिमचुचुरा, डााडाकााडा, पाखापखरा, फलफूलका बोटहरू, अन्नबाली  तथा तरकारीका बोटहरू गाईवस्तुहरू आदि सबैलाई मानवेत्तर पात्रका रूपमा स्वीकार गर्न सकिन्छ तर मानवीय पात्रको भने अभाव छ ।

४.६.१.३ परिवेश (देश, काल, वातावरण)

खण्डकाव्य कविताको अनुभूति प्रधान विधा भएपनि अनुभूतिको बिस्तारित प्रवाह यात्रामा आख्यानले त्यसलाई व्यवस्थित गर्ने काम गर्दछ भने यसै क्रममा कथावस्तुको प्रवेश हुन्छ । देशकाल वातावरणले यसै कथावस्तुको स्थान, समय र परिवेशलाई घटित घटनाका रूपमा घटाउादै कथावस्तुको कथातत्त्वलाई सशक्त, जीवन्त एवं जिउादो जाग्दो र स्वभाविक एवं त्यसलाई सुमधुर र सौन्दर्यमय तुल्याउन कविले सङ्क्षिप्त साङ्केतिक रूपको परिवेशको चित्रण गर्नै पर्छ ।(ऐजन) यसर्थमा नेवारपानी खण्डकाव्यले उक्त सर्त पूर्णरूपमा पालन गरेको देखिन्छ । परिवेशविधानका दृष्टिले हेर्दा नेवारपानी खण्डकाव्यभित्र सीमित स्थानीय, प्राकृतिक, सामाजिक र सांस्कृतिक परिवेशको सूक्ष्म चित्रण गरिएको छ । साथै यस खण्डकाव्यको परिवेश हेर्दा यस खण्डकाव्यले नेवारपानी गाउाको वर्णन गर्ने क्रममा धादिङ जिल्लाको पनि परिचय प्रस्तुत गरेको छ । तसर्थ धादिङ् जिल्लाभरि नै यसको परिवेश फैलिएको छ भन्न सकिन्छ । मुख्यतः यस खण्डकाव्यले धादिङ् जिल्लाको सुनौलाबजार गा.वि.स. अन्तर्गत पर्ने एक गाउा नेवारपानीको चित्रण गरेको छ । त्यही गाउाकै वर्णनमा यो खण्डकाव्य केन्द्रित रहेकाले यसको कार्यस्थल भनेको त्यही नेवारपानी गाउा नै हो । प्रस्तुत खण्डकाव्य नेवारपानी गाउाको चर्चामा केन्द्रित भएकाले यसको कार्यव्यापार पनि त्यही गाउामै सीमित छ ।

यस खण्डकाव्यमा पहिलेको कविको मानसपटलमा रहेको नेवारपानी गाउा र अहिलेको नेवारपानी गाउाको तुलनात्मक अध्ययन पनि गरिएको छ । यसरी हेर्दा प्रस्तुत खण्डकाव्यले ४०-५० वर्षको समयावधिलाई समेट्न खोजेको देखिन्छ ।

प्रस्तुत खण्डकाव्यको वातावरण नेवारपानी गाउाको सेरोफेरोमा केन्द्रित छ । यस खण्डकाव्यले प्रत्यक्षरूपमा नेवारपानी गाउाको चित्रण गरे पनि अप्रत्यक्ष रूपमा नेपाली ग्रामीण परिवेशको चित्रण गरेको छ । यस प्रकारको परिवेशले कथानकलाई कसिलो र सुगठित बनाउनुका साथै उद्देश्य प्राप्तिमा पनि सहयोग गरेको छ ।

४.६.१.४ विषयवस्तु र 'नेवारपानी'

खण्डकाव्य कविताको मझौलो उपविधात्मक रूप भए पनि यसमा एउटा न एउटा निश्चित निर्णयात्मक विषयवस्तु हुने गर्दछ । यस क्रममा यो ख्यात/प्रसिद्ध, मिश्र र उत्पाद्य रूपमा विभक्त हुन्छ र खण्डकाव्यकारले आफ्नो निर्णीत विषयको केन्द्रित सूत्रसागै अनुभूति प्रवाहको विस्तारमय कवितात्मक र मझौला यात्रा गर्नुपर्ने खण्डकाव्यको आफ्नो विषयवस्तुगत यात्रा हुने गर्दछ । (ऐजन) यस आधारमा नेवारपानी खण्डकाव्यको विषयवस्तु उत्पाद्य हो ।

किनकि कवि रामहरि दाहालको नेवारपानी आफ्नै जन्मथलो हो । जन्मथलो भएका कारण कवि यसप्रति मोहित भएका देखिन्छन् । विषयवस्तु खण्डकाव्यको मूलतत्त्व हो । यसले कविको अनुभूतिको स्तरमा कविलाई लेख्न प्रेरित गराउाछ । नेवारपानीको विषयवस्तुको सार गाउालाई माया गर्नुपर्छ, गाउाको विकासमा सबै रातोदिन लाग्नुपर्छ, यसलाई ग्रामवासीले बिर्सनु हुादैन । सहरमा दुईचारदिन रमझम गर्दैमा गाउालाई चटक्क बिर्सनु हुादैन, सौन्दर्य गाउामै हुन्छ, यसलाई अझ चिरिच्याट्ट पार्नु ग्रामवासीको कर्तव्य हो । यस भावलाई आलङ्कारिक भाषामा श्रृङ्गार रसमा उनेर सौन्दर्य  बृद्धि गराइएको छ । मूल रूपमा यस खण्डकाव्यको श्रृङ्गार रस नै केन्द्रीय स्वरूप हो । हुन पनि साहित्यिक मान्यतामा कविता रसकेन्द्रित नभएसम्म पूर्ण कविता बन्दैन र काव्यकोटिमा चढ्दैन । विषयवस्तुमा भावको सघन प्रस्तुतिद्वारा नै कविले काव्यलाई आस्वाद्य बनाउादछन् । यस तात्पर्यलाई नेवारपानी खण्डकाव्यले यथासम्भव उल्लङ्घन  हुन दिएको छैन ।

४.६.१.५ केन्द्रीय कथ्य/ उद्देश्य

'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भने झौ जो कोहीलाई पनि जननी र आफ्नो जन्मभूमि असाध्यै प्यारो लाग्छ । अझ त्यसबाट छुट्टिनुपर्दा त झनै माया ममता बढ्छ । कतिपयले  यस्तो स्नेहलाई मानसपटलमै राख्छन् भने कतिपयले काव्यमार्फत् अभिव्यक्ति दिन्छन् । यहाा पनि आफ्नो जन्मस्थलबाट टाढा रहेका काव्यकारलाई गाउाको सम्झनाले सताइरहादा उनी प्रस्तुत काव्य लेख्न पुगेका छन् ।

यहाा आफ्नो जन्मभूमिको माया ममताले छट्पटिएपछि काव्यकारले काव्यमार्फत आफ्नो जन्मभूमिप्रति अगाध  स्नेह  प्रकट गरेका छन् । काव्यकारलाई आफ्नो गाउा अत्यन्त सुन्दर लागेको छ । त्यहाा सधैभरि बस्न नपाउादा पश्चाताप लागेको छ र काव्यमार्फत भौतिक शरीर त्यहाा नभए पनि  मन सधै उही नै रहेको धारणा व्यक्त गरेका छन् । त्यसकारण यस खण्डकाव्यको मुख्य उद्देश्य आफ्नो जन्मभूमिलाई सुन्दर गाउाको रूपमा चित्रण गर्दै जन्मभूमिप्रति अगाध स्नेह र श्रद्धा प्रकट गर्नु हो ।

नेवारपानी खण्डकाव्यमा नेवारपानी गाउाको चित्रणबाट नेपाली ग्रामीण परिवेशको चित्रण गर्न खोजिएको छ । नेपाल गाउा नै गाउाले भरिएका देश हो । यहााका अधिकांश जनताहरू गाउामै छन् । उनीहरूले कुटो कोदालो गर्दै दुःखसुख गरी जीविकोपार्जन गरेका छन् । गाउाको वातावरण अत्यन्त सुन्दर, सफा तथा स्वच्छ र हराभरा हुन्छ । गाउाका मानिसहरू सहयोगी तथा निःस्वार्थी भावना भएका हुन्छन् तर आजकल गाउालेको चिनारीमा

परिवर्तन आउन थालेको, बिस्तारै सहरिया वातावरणले गाउालाई पनि प्रभाव पारेको मानिसहरू पनि स्वार्थी र भौतिक सुविधातर्फ बढी लालायित हुन थालेको तर्फ संकेत गर्दै त्यस्तो नहोस् भन्ने कामना गरिएको छ ।

अतः प्रस्तुत खण्डकाव्यको प्रमुख उद्देश्य आफ्नो जन्मभूमिलाई एक सुन्दर गाउाको रूपमा चित्रण गर्दै जन्मभूमिप्रति अगाध स्नेह प्रकट गर्नु हो । यसको साथै नेवारपानी गाउाको चित्रणद्वारा सम्पूर्ण नेपाली ग्रामीण परिवेशको चित्रण गर्नु पनि हो । यही नै यस खण्डकाव्यको केन्द्रीय कथ्य पनि हो ।

४.६.१.६ संरचनागत पक्ष (सर्गयोजना तथा आयाम)

संरचनात्मक दृष्टिले हेर्दा प्रस्तुत खण्डकाव्यमा तीन खण्ड वा तीन सर्ग वा तीन भाग छन् भन्न सकिन्छ । यस खण्डकाव्यमा स्पष्टरूपमा १,२,३ वा क, ख, ग भनी खण्ड वा सर्ग छुट्याइएको छैन तर छुट्टाछुट्टै शीर्षक दिइएको र एउटा शीर्षकको कथानक समाप्त भएपछि अर्को शीर्षकको कथानक सुरु गर्दा पहिलो श्लोकबाट सुरु गर्नुले ती छुट्टाछुट्टै खण्ड हुन् भन्न सकिन्छ । यस आधारमा हेर्दा यसमा तीनवटा छुट्टाछुट्टै शीर्षक दिइएको छ र ती शीर्षक हुन्- परिवेश, स्वरूप र स्मृतिशेष ।

'परिवेश' प्रस्तुत खण्डकाव्यको पहिलो खण्ड वा भाग हो । यसमा जम्मा १५२ वटा श्लोक छन् । चार पाउको एक श्लोकका दरले प्रत्येक श्लोकको निर्माण भएको छ । यो खण्ड जम्मा ३१ पृष्ठसम्म लम्बिएको छ । यो खण्ड प्रस्तुत खण्डकाव्यको सबैभन्दा ठूलो खण्ड पनि हो ।

'स्वरूप' प्रस्तुत खण्डकाव्यको दोस्रो खण्ड हो । यसमा पनि चारपाउको एक श्लोकका दरले निर्माण भएका जम्मा ९६ श्लोक छन् । यो खण्ड ३२ पृष्ठ देखि ५१ पृष्ठसम्म जम्मा २० पृष्ठमा फैलिएको छ । यो खण्ड पहिलो खण्डको तुलनामा सानो र अन्तिम खण्डको तुलनामा ठूलो छ । यस आधारमा हेर्दा यो खण्ड मध्यम आकारको छ ।

'स्मृतिशेष' प्रस्तुत खण्डकाव्यको तेस्रो तथा अन्तिम खण्ड हो । यसमा पनि चार पाउको एक श्लोकका दरले निर्माण गरिएका जम्मा ३३ श्लोक छन् । यो खण्ड ५२ पृष्ठदेखि ५८ पृष्ठसम्म जम्मा ७ पृष्ठसम्म फैलिएको छ । यो खण्ड प्रस्तुत खण्डकाव्यको सबैभन्दा सानो खण्ड हो ।

प्रस्तुत खण्डकाव्यको संरचनागत पक्षलाई हेर्दा यसमा समानुपातिक ढङ्गले खण्डविभाजन भएको देखिदैन् । यसका खण्डमा रहेका श्लोकहरूको वितरणमा व्यापक अन्तर

छ। कुनै खण्डमा जम्मा ३३ श्लोक मात्र छन् भने कुनै खण्डमा १५२ श्लोकसम्म रहेका छन्। प्रस्तुत खण्डकाव्य तीन सर्ग वा खण्डमा निर्माण भएको छ। यसमा तीन खण्डमा गरी जम्मा २८१ श्लोक रहेका छन्। जस अन्तर्गत पहिलोमा १५२ श्लोक, दोस्रोमा ९६ श्लोक र तेस्रोमा ३३ श्लोक छन्। यस खण्डकाव्यको बिस्तार जम्मा ५८ पृष्ठमा भएको छ। खण्डकाव्य हुनको लागि यति नै खण्ड र यति नै श्लोक हुनुपर्छ भन्ने स्पष्ट मान्यता नभए पनि आठ सर्गभन्दा कम भएकोलाई खण्डकाव्य मान्न सकिन्छ भन्ने शास्त्रीय चलन छ। यसैलाई आधार मानेर हेर्दा संरचनात्मक दृष्टिले यसलाई मझौला आकारको खण्डकाव्यको रूपमा स्वीकार गर्न सकिन्छ।

४.६.१.७ लयविधान

रामहरि दाहाल सफल पद्यकवि हुन्। उनी पद्यमा नै कविताले उच्चता प्राप्त गर्छ भन्ने मान्यता राख्दछन्। त्यसकारण पनि उनी पद्यमा नै कविता लेख्छन्। प्रस्तुत खण्डकाव्य पनि पद्यमा नै लेखिएको छ र त्यसमा पनि शास्त्रीय लयको प्रयोग गरिएको छ।

उनी छन्दमा रुचि राख्ने कवि हुन्। छन्द वा लयले कवितालाई अझ उत्कृष्ट र सौन्दर्य युक्त बनाउाछ। लयमा कवि दृढ छन्। लयका दृष्टिले हेर्दा प्रस्तुत खण्डकाव्यमा उपजाति छन्दको प्रयोग गरिएको छ। उनका अन्य खण्डकाव्यहरूमा विविध लयको प्रयोग गरिएको भएपनि प्रस्तुत खण्डकाव्यमा भने एउटा मात्र छन्दको प्रयोग गरिएको छ। प्रस्तुत खण्डकाव्यलाई उपजाति छन्दको सफल प्रयोग गरिएको एक उत्कृष्ट उदाहरण मान्न सकिन्छ। उदाहरणको रूपमा एउटा श्लोक:

स्वर्गीय आनन्द दिने छ गाउा,  
नेवारपानी जसको छ, नाउा।  
जो सृष्टिको सुन्दर शिल्प छुन्छ,  
संझेर त्यो अन्तरचित्त रुन्छ॥ (परिवेश: १)

प्रस्तुत खण्डकाव्यमा उपजाति छन्दको सफल प्रयोग गरिएको छ। यसमा 'अपिमास मसं कुर्यात् छन्दोभङ्गं नकारयेत्' भन्ने शास्त्रीय नियमको पालना गरिएको छ। छन्द मिलाउने क्रममा कतै-कतै ह्रस्व दीर्घको नियमलाई बेवास्ता गरिएको छ भने एकाध ठाउामा शब्दलाई भााच्ने, तोडमोड गर्ने, बङ्गयाउने काम पनि गरिएको छ तर त्यस्तो प्रयोगले भावमा कुनै असर नपुर्‍याएकोले त्यसलाई सामान्य गल्ती मात्र मान्न सकिन्छ। उदाहरणको रूपमा तलको श्लोक हेरौा -

ज्वाला निकाली मुखबाट रातो,

क्वै देव बस्छन् लिइ दुष्ट सातो ।

यो अर्थमा वादिङ नाम जम्छ,

चेपाङको आदिम बास रम्छ ॥(स्वरूपः १)

उपजाति छन्दको प्रयोग गरिएको यस श्लोकमा त्यही छन्द मिलाउने क्रममा दोस्रो पाउामा 'कोही' शब्द प्रयोग गर्नुपर्नेमा 'क्वै' मात्र प्रयोग गरिएको छ । त्यस्तै सोही पाउामै लिएर भन्ने अर्थमा 'लिइ' मा प्रयुक्त 'इ' दीर्घ (ई) हुनुपर्नेमा ह्रस्व प्रयोग गरिएको छ । यस्तो प्रयोगले भावबोधमा असर नपुऱ्याएकाले यसलाई सामान्य गल्तीको रूपमा स्वीकार गर्न सकिन्छ । त्यस्तै यस खण्डकाव्यमा छन्द मिलाउने क्रममा प्रयोग गरिएका केही शब्दहरू क्वै, जस्को लिइ, क्यै, धेर, कती, केहि, जिमि, थोर, ऐले आदि ।

४.६.१.८ बिम्ब तथा प्रतीक प्रयोग

विम्ब प्रयोगले विषयवस्तुलाई शोभा बढाउने हुादा पाठकको मनमस्तिष्कमा विम्ब प्रयोगले ठूलो छाप पारेको हुन्छ । विम्बको प्रयोगले कवितामा स्तरीयताको वृद्धि हुनु स्वाभाविकै हो । कतिपय विषयहरू प्रतीकको माध्यमबाट पनि कविले प्रस्तुत गर्न सक्छन् । यसो गर्दा काव्यमा सौन्दर्य थपिन्छ । तर प्रतीक जटिल भएमा वा धेरै प्रयोग हुादा सौन्दर्य वृद्धि गराउान नसक्ने स्थिति सिर्जना हुन पनि सक्छ । नेवारपानी काव्यमा प्रतीकको खासै प्रयोग छैन । नेवारपानीलाई स्वर्गीय गाउा (परिवेश : १) भन्ने प्रतीक प्रयोग गरी नेवारपानी सुखसन्तोष दिने  ठाउा हो भन्ने देखाउाने कविको इच्छा देखिन्छ । मनमाधुरी (स्वरूप : ६) शब्दबाट आपसी मेल बढी भएको भन्ने ठाउा बुझिन्छ भने मुस्काउाछ (परिवेश : ३५)  शब्दले फुलेको छ भन्ने थाहाा हुन्छ । यसरी अत्यन्त कम प्रतीकको प्रयोगमा नेवारपानी टुङ्गिएको छ ।

४.६.१.९ रसविधान

काव्यकारले विभिन्न प्रयोजनका लागि काव्यको रचना गर्दछन् । काव्यकारले काव्य लेख्दा कतिपयले विषयवस्तुमा जोड दिन्छन् भने कतिपयले अन्य पक्ष जस्तो अलङ्कार, गुण, रस, रीति आदिमा जोड दिन्छन् । प्रस्तुत खण्डकाव्य भने विषयवस्तुलाई नै जोड दिएर लेखिएको छ । यसको प्रमुख ध्येय नै नेवारपानी गाउाको साङ्गोपाङ्ग वर्णन गर्नु हो । यही नेवारपानी गाउाको वर्णन गर्ने क्रममा यहाा रसको पनि उपस्थिति भएको छ । हुनत यो

खण्डकाव्य रस प्रयोजनको लागि लेखिएको होइन तर पनि विषयवस्तुलाई प्रस्तुत गर्दा स्वाभाविक रूपमा रसको उत्पत्ति भएको छ। यो प्रकृतिको चित्रण गरिएको खण्डकाव्य हो शास्त्रीय मान्यता अनुसार जहाा प्रकृतिको चित्रण गरिएको हुन्छ, त्यहाा श्रृङ्गार रस हुन्छ। विषयवस्तुको विस्तार गर्ने क्रममा अन्य रस फाट्टफुट्ट रूपमा आए पनि अङ्गी रसको रूपमा भने श्रृङ्गार रस नै छ। श्रृङ्गार रस परिपाकमा पुगेको केही उदाहरण हेरौा -

(क) यो फुलबुट्टे पहिरेर सारी,
मुस्कानको मोहकता फिजारी।
क्वै षोडशीझैं मदमस्त रूप,
देखाई लोभ्याउाछ मर्त्य खूब ॥(परिवेशः ११८)

(ख) उद्यानको जग्मग रूप बल्छ,
प्रसूनको मग्मग धूप चल्छ।
कल्लोलको निर्मल रूपरङ्ग,
खिच्दैन कस्को मनमा तरङ्ग ॥(स्वरूपः २७)

४.६.१.१० अलङ्कारविधान

'अलङ्करोतीति अलङ्कार' अलङ्क्रियते इति अलङ्कारः, यस व्युत्पत्ति अनुसार अलङ्कार भनेका काव्यका शोभाकारक धर्म हुन्। अलङ्कार काव्यको अनिवार्य तत्त्व होइन्, ऐच्छिक तत्त्व हो। अलङ्कार काव्यलाई सिगार्ने तत्त्व हुन्। जहाा अलङ्कारको प्रयोग भएको हुन्छ त्यो उत्कृष्ट काव्य हुन्छ तर अलङ्कारको प्रयोग नभए पनि त्यसलाई काव्य होइन भन्न सकिादैन। अलङ्कार भनेका गहना हुन्। यदि कुनै मानिसले गर-गहना लगाएर हिडा्छ भने ऊ राम्रो देखिनु स्वाभाविकै हो तर कुनै गहना लगाएको छैन भने पनि त्यसलाई मानिस नै होइन भन्न चाहिा मिल्दैन। त्यसकारण काव्यलाई उत्कृष्ट बनाउनका लागि पनि काव्यकारले अलङ्कारको प्रयोग गरेका हुन्छन्। कतिपय काव्यकारले अलङ्कारकै प्रयोजनका लागि काव्य लेखेका हुन्छन् भने कतिपयले काव्य लेख्दा स्वतः अलङ्कारको प्रयोग भएको हुन्छ। प्रस्तुत खण्डकाव्यमा पनि अलङ्कारलाई महत्त्व दिइएको छैन, विषयवस्तुलाई नै बढी महत्त्व दिइएको छ तर पनि सफल काव्यकारले काव्य लेख्दा स्वतः अलङ्कारको उपस्थिति भएजस्तै यसमा पनि विषयवस्तुको वर्णन गर्ने क्रममा विभिन्न अलङ्कारको प्रयोग भएको छ जसले खण्डकाव्यलाई अझ उत्कृष्ट बनाएका छन्। त्यसमा प्रयोग भएका अलङ्कारहरू

शब्दालङ्कारका अनुप्रास आदि र अर्थालङ्कारका उपमा, रूपक, उत्प्रेक्षा आदि आएका छन् । केही उदाहरणहरू तल दिइएको छ :

(क) अनुप्रास

जुन अलङ्कारद्वारा शब्दमा सुन्दरता, श्रुतिमधुरता, शब्दचमत्कृति, शब्दशोभा आदि गुणहरूको विकास हुन्छ त्यस्तो अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कारका पाँच भेदहरूमध्ये अनुप्रास अलङ्कार उच्चकोटिभित्र पर्दछ । यस भनाइको पुष्टि यही परिच्छेदमा गरिएको छ । नेवारपानी खण्डकाव्यभित्र अनुप्रास अलङ्कारको विधान, निरूपण वा स्थितिलाई केलाउँदा उत्तम प्रकृतिको रहेको छ भन्न सकिन्छ । यस खण्डकाव्यभित्र अनुप्रास अलङ्कारको श्रुतिमधुरता निम्नलिखित पद्यले स्वतः प्रष्ट पार्दछ -

जेलिन्छ जिल्ला त्रिशूली बूढीले,<br>
वेरिन्छ बस्ती गिरिको चुलीले ।<br>
कोरिन्छ धर्ती जनपाखुरीले,<br>
जोरिन्छ माया मनमाधुरीले ॥ (स्वरूप: ६)

यस पद्यमा अनुप्रासको छटा कविले मानौँ सोची सोचीँ, तौलीतौली प्रवाहमान बनाएका छन् भन्न सकिन्छ । किनकि उपजाति छन्द प्रयोग भएको उक्त पद्यभित्र चार पाउ विद्यमान छन् र प्रत्येक पाउका सुरुमा र अन्त्यमा समान स्वरवर्णहरूले युक्त व्यञ्जनवर्णहरूको समान प्रयोग गरिएको छ । 'जेलिन्छ, वेरिन्छ, कोरिन्छ र जोरिन्छ, यी प्रत्येक पाउका आदिमा प्रयोग भएका शब्दहरूमा उही स्वरवर्ण प्रयुक्त भएका र उही सङ्ख्यामा व्यञ्जनवर्णहरू प्रयोग भएका छन् । त्यस्तै 'बूढीले चुलीले, जनपाखुरीले र मनमाधुरीले' यी प्रत्येक पाउका अन्त्यमा प्रयोग भएका शब्दहरूमा पनि उही स्वरवर्ण र उही सङ्ख्याका व्यञ्जनवर्णहरूको समायोजन भएको छ। यसकारण यो पद्यलाई अनुप्रास अलङ्कारको अनन्यतम नमुना मान्न सकिन्छ । यस प्रकारको अनुप्रास अलङ्कार प्रयोग भएको पद्य यो खण्डकाव्यभरि उक्त पद्यमात्र देख्न पाइन्छ । तापनि अनुप्रासका अन्य भेदहरू भने काव्यमा रहेका छन् ।

(ख) उदात्त अलङ्कार

उदात्त अलङ्कार त्यहाँ हुन्छ, जहाँ वस्तुको समृद्धिको वर्णन गरिएको हुन्छ ।(दीक्षित : १६२ पद्य) जस्तैः

चौतर्फ डााडाहरू, घेरिएको,

खोला र नालाहरू जेलिएको ।

प्रासाद हो यो वनकी परीको,

लावण्य श्रृङ्गार थरीथरीको ॥ (परिवेशः २)

माथिको श्लोकमा उदात्त अलङ्कारको प्रयोग भएको छ । यहाा नेवारपानीको सौन्दर्य डााडाकााडा खोलानालाले यति बढाएका छन् कि मानौा यसलाई वनदेवीको वैभवपूर्ण दरबार मान्न सकिन्छ । यसरी यहाा नेवारपानीको समृद्धिको वर्णन गरिएकोले उदात्त अलङ्कार स्पष्ट छ ।

(ग) कारणमाला

अघिल्लो अघिल्लो कार्यमा पछिल्लो पछिल्लो कारण बन्दै गएमा कारणमाला अलङ्कार हुन्छ । (दीक्षित : १०४ पद्य) जस्तै -

विभिन्नखाले लहरा झुलेका

लतापिछे फूल खुबै फुलेका ।

फूलैपिछे रम्दछ भृङ्गवृन्द,

भृङ्गैपिछे खुल्दछ रागरङ्ग ॥(परिवेशः ३)

यहाा लहरा झुल्नाले फूल फुलेका, फूल फुलेकाले भावराहरू रमाएका र भावराहरूमा रागरङ्ग नयाा-नयाा खुलेको भनी अघिल्लो कार्यमा पछिल्लो कारण बन्दै गएको छ । त्यसकारण यहाा कारणमाला अलङ्कार स्पष्ट छ ।

(घ) स्वभावोक्ति

जहाा घटनाको जस्ताको तस्तै वर्णन हुन्छ, त्यहाा स्वभावोक्ति अलङ्कार हुन्छ ।(दीक्षित : १६० पद्य) जस्तैः-

भैंसी यहाा खूब आहाल बस्छन्,

गोवंश पानी पिइ प्यास मेट्छन् ।

केही त गर्छन् जलमा विहार,

खेलेर पौडी कति वारपार ॥(परिवेशः ११)

यहाा नदीमा भैंसी आहालबस्ने, गोवंशले पानी पिई प्यास मेट्ने, केही जलविहार गर्ने त केही पौडी खेलेर वारपार गर्ने भन्ने स्वाभाविक घटनाको वर्णन गरिएकाले यसमा स्पष्टतः स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ ।

(ङ) उपमा अलङ्कार

अर्थालङ्कारमा अलङ्कारको राजा भनेर उपमा अलङ्कारलाई गनिएको छ। "उपमा यत्र सादृश्य लक्ष्मीरुल्लसतिद्वयो।" (दीक्षित : ६ पद्य) यस कथन अनुसार उपमा अलङ्कार त्यहाा हुन्छ, जहाा दुई वस्तु उपमान र उपमेयको समानधर्मबाट विशिष्ट शोभाको वर्णन गरिन्छ। सामान्यतया उपमाको निम्ति चार तत्त्व आवश्यक हुन्छन् - उपमान (दाज्ने विषय), उपमेय (जसलाई दााजिन्छ), सामान्य धर्म र वाचकपद (सरि, झैं, जस्तै आदि। उक्तः चारै तत्त्व पुगेमा पूर्णोपमा अलङ्कार हुन्छ भने कुनै एउटा नभएमा लुप्तोपमा अलङ्कार हुन्छ।

डााडो धायारो फुलले चिटिक्क,
छ रूपमा सुन्दरी झैं रिमिक्क।
यो मस्किदै रक्तिम ओठ लाली
देखाई लोभ्याउाछ मर्त्यलाई ॥(परिवेशः ६४)

यो नेवारपानी खण्डकाव्यको एउटै मात्र पूर्णोपमाको पद्य हो। नेवारपानी भूमिको सुन्दरता देखाउन प्रवृत्त यस पद्यमा उपमाका चारै तत्त्वहरू रहेका छन्। यहाा सुन्दरी उपमा, धायारो फुलेको डााडो उपमेय, लोभ्याउनु साधारण धर्म र 'झैं' वाचकपद रहेकाले यो पद्य पूर्णोपमा अलङ्कार रहेको पद्य हो भन्न सकिन्छ।

(च) रूपकालङ्कार

रूपक अलङ्कार त्यतिखेर बन्दछ जहाा उपमेयमा उपमाको अभेद र तादूप्य (उही रूप) को अवस्था देखाइन्छ। (दीक्षित : १७ पद्य) जस्तै -

पक्री निशादानवको कपाल,
हानेर चैतन्यकृपाणधार।
विवेकको नूतन दीप बाली,
नाच्छिन् सधैं भैरवीशक्ति माइ ॥ (परिवेशः २७)

यहाा भैरवी देवीको वर्णनमा दानवमा निशाको, तरबारमा चेतनाको, विवेकमा बत्तीको आरोप पूरै वाक्यमा परेकाले यो समस्तवस्तु विषयक रूपकालङ्कार भएको छ।

(छ) उत्प्रेक्षा अलङ्कार

असम्भव उपमा दिएर कुनै कुराको कल्पना गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ। वा प्रस्तुत कुरामा अप्रस्तुत कुराको कल्पना गर्नु उत्प्रेक्षा हो (मम्मट : १३७ पद्य)। यस

अलङ्कारको स्थिति नेवारपानीभित्र उपर्युक्त अलङ्कारहरूको तुलनामा केही अधिक देखिन्छ। जस्तै-

सोझो र बाङ्गो बहुधार बग्छ,<br>
मानौा नदी क्यैछिन नृत्यमा छ।<br>
यद्वा कुनै यो कविकल्पना हो,<br>
वक्रोक्तिको धार लिई बढेको ॥ (परिवेशः १०)

यहाा बगेको खोलोलाई नाच्न लागेकी युवती र वक्रोक्तिको सहाराले काव्य लेख्न लागेको कविसाग तुलना गरेको हुनाले उत्प्रेक्षा अलङ्कार भयो। यस काव्यमा अन्य थुप्रै पद्यमा उत्प्रेक्षा अलङ्कार पाउन सकिन्छ।

(ज) अतिशयोक्ति अलङ्कार

जहाा उपमाको बयान हुन्छ तर उपमेयलाई लुकाइन्छ वा उपमालाई नै उपमेयको रूपमा प्रयोग गरिने अलङ्कारलाई अतिशयोक्ति अलङ्कार भनिन्छ। यस काव्यभित्र अतिशयोक्तिको भरपूर प्रयोग भएको छ। यसमा तेह्र वटा पद्यहरूमा अतिशयोक्ति अलङ्कारको प्रयोग रहेको छ। जस्तै -

चौतर्फ डााडाहरू घेरिएको,<br>
खोला र  नालाहरू जेलिएको।<br>
प्रासाद हो यो वनकी परीको,<br>
लावण्य श्रृङ्गार थरीथरीको ॥ (परिवेशः २)

यहाा प्रस्तुत गाउालाई वनदेवीको दरबार भनेर चिनाइएको र उपमेय नदेखाइएको हुनाले यहाा सम्बन्धातिशयोक्ति अलङ्कार बनेको छ। त्यसैगरी  परिवेश शीर्षक अन्तर्गत आउने २४, ४७, ४८, ४९, ५२, ५३, ५४, ५५, ५८, ८६ यी सङ्ख्याका पद्यहरूमा पनि अतिशयोक्ति अलङ्कार चमत्कारपूर्ण बनेर रहेका छन्।

(झ) अर्थान्तरन्यास

'उक्तिरर्थान्तरन्यासः स्यात् सामान्यविशेषयोः' (दीक्षित : १२२ पद्य) जहाा विशेष रूप मूख्यार्थलाई समर्थन गर्न सामान्य रूप अन्य वाक्यार्थको वा सामान्यरूप मुख्यार्थलाई समर्थन गर्न विशेषरूप अन्य वाक्यार्थको प्रयोग गरिन्छ  त्यहाा अर्थान्तरन्यास अलङ्कार हुन्छ। त्यस्तै कार्यलाई कारणले, कारणलाई कार्यले सामान्यलाई विशेषले र विशेषलाई सामान्यले समर्थन

गरेमा पनि अर्थान्तरन्यास अलङ्कार हुन्छ । नेवारपानी भित्र उपर्युक्त अलङ्कारहरूको तुलनामा अर्थान्तरन्यासको प्रयोग अधिक रहेको छ । १७ वटा पद्यहरूमा नेवारपानी खण्डकाव्य भित्र अर्थान्तरन्यासको विद्यमानता छ । जस्तैः-

वारी र पारी तटको जमीन,
भिजाइ पारी रसिलो मिहीन ।
यो सुम्पदै बढ्दछ सिन्धुतर्फ,
छ त्यागमै सज्जनको महत्त्व ॥ (परिवेशः ८)

यहाा वारी र पारी तटको जमिन आदि तीन हरफ (तीन पाउ)को विशेष वाक्यलाई 'छ त्यागमै सज्जनको महत्त्व' यस सामान्य वाक्यले समर्थन गरेको हुनाले यहाा अर्थान्तरन्यास अलङ्कार बनेको छ । यो सामान्यले विशेषलाई समर्थन गरेको अर्थान्तरन्यास अलङ्कारको उदाहरण हो । यसैगरी १२, २२, २६, ३३, ५६, ६६, ११५, १२१(परिवेश), २३, २५, ४३, ४५ (स्वरूप), २५,(स्मृतिशेष) यी सङ्ख्याका पद्यहरूमा पनि अर्थान्तरन्यास अलङ्कारको प्रबल स्थिति रहेको देखिन्छ ।

(ञ) विरोधाभास

प्रस्तुत गरेका विषयवस्तुमा विरोधको आभास भएमा विरोधाभास अलङ्कार हुन्छ ( दीक्षित : ७६ पद्य) । कविले काव्यमा सौन्दर्य बढाउनको लागि विरोध पारेर त्यसलाई हटाएका हुन्छन् । यस अलङ्कारको प्रयोग नेवारपानीभित्र मात्र एउटा रहेको छ ।

यो हातको सीप फिजाउादो छ,
यो उब्जनी धेर दिलाउादो छ ।
आपस्तमा मेल मिलाउादो छ,
परन्तु हा नाम बिलाउादो छ ॥ (परिवेशः ३४)

यहाा हातको सीप फिजाउने, धेरै उब्जा दिलाउने र आपसमा मेल मिलाउने डााडो कसरी बिलाउने भयो ? यो विरोधलाई सबै कुरा यस डााडोले दिए पनि यसको नाम बिलाउने छ त के बिग्रो भनी विरोध हटाएको देखिन्छ । त्यसैले यहाा विरोधाभास अलङ्कार भएको प्रष्टै देखिन्छ ।

(ट) संसृष्टि अलङ्कार

दुई वा त्यसभन्दा बढी अलङ्कार एक आपसमा छुट्याउन सकिने गरी तिल र चामल झैं मिसिएर बसेका छन् भने त्यहाँ संसृष्टि अलङ्कार हुन्छ (दीक्षित : पूर्ववत्) । यस अलङ्कारको स्थिति नेवारपानीभित्र एउटा पद्यमा रहेको छ ।

अड्डा जमाईकन ठाउँठाउँ,
शाखा फिजाइकन गाउँगाउँ ।
यो शैलको वर्णन चित्तहारी,
गर्दैछ सर्वत्र सिमल् बिचारी ॥ (परिवेशः ४९)

प्रस्तुत पद्यमा अतिशयोक्ति र रूपक अलङ्कार छुट्टिन सकिने गरी एकै ठाउँमा रहेका छन् । त्यसैले यहाँ संसृष्टि अलङ्कार भएको छ । जस्तो कि सिमलको हाँगाको चारैतिरको गाउँलाई हेरेर मानौं सबैतिर भुवा उडाई नेवारपानीको प्रचार गर्दैछ कि भन्ने अतिशयोक्ति अलङ्कार र सिमललाई बिचारीसाग आरोप गरेकाले रूपक अलङ्कार पनि यहाँ साँगै रहेकाले दुवै अलङ्कारको संसृष्टि पर्न गएको छ ।

(ठ) विषम अलङ्कार

जहाँ नमिल्दा घटनालाई एकै पद्यमा देखाइन्छ त्यहाँ विषम अलङ्कार हुन्छ । जस्तै कहाँ शिरीषको फूल जस्तै कोमल अङ्ग भएकी सुन्दरी र कहाँ कठोर कामज्वर भन्दा यहाँ विषम् अलङ्कार पर्दछ (दीक्षित : ८८ पद्य) ।

कैयौं डुलो देश, गुफा, इलाका,
पहाड, बेसी, वन, लेक-पाखा ।
परन्तु यो शैलसमान ठाउँ,
कतै छाँदैछैन नि गाउँ ठाउँ ॥ (परिवेशः ५१)

यहाँ पनि सिमलको भुवाले धेरै देश, गुफा, इलाका, पहाड, बेसी, वन, लेक, पाखा, डुलेर चाहार्दा पनि यो नेवारपानी (मौरी डाँडो) बराबरको सुन्दर ठाउँ कहीँ देखिन भनेर बयान गरेको घटना यहाँ देखाइएको हुँदा यहाँ विषम अलङ्कार हुन्छ ।

(ड) श्लेष अलङ्कार

'श्लेषः स वाक्ये एकस्मिन् यत्रानेकार्थता भवेत् (मम्मट : १४७) ।' यस लक्षणअनुसार जहाँ एउटै वाक्यमा अनेक अर्थ रहन्छ त्यहाँ श्लेषालङ्कार हुन्छ ।

बाला नहोस् खेत त खेत हुन्न,

बाला नहोस् स्त्रीमहिमा हुादैन ।

बाला लिनैमा कर हुन्छ धेरै,

बाला लिनैमा कर हुन्छ धेर ॥ (परिवेशः ६०)

यहाा धानको वा गहुाको बाला नभए खेतको महत्त्व नहुने अर्को बाला (बच्चाबच्ची) नभए स्त्रीको महिमा नहुने, हातमा लाउने सुनचाादीको बाला (चुरा) लिने र बाला-महिला विवाह गर्न कर जिद्धी गर्छन् बन्धुबान्धव भन्ने अर्थ रहेको छ। त्यसैगरी ११२ (परिवेश), ६, २०, २९, ५४(स्वरूप), १६ (स्मृतिशेष) यी सङ्ख्याका पद्यहरूमा पनि अर्थश्लेष अलङ्कारको स्थिति रहेको छ ।

४.६.१.११ भाषाशैली

प्रस्तुत खण्डकाव्यले गाउाको चित्रण गरेको छ। गाउाको चित्रण गरिएकाले यसमा प्रायः ग्रामीण क्षेत्रमा प्रचलित शब्दहरूको संयोजन गरिएको छ। त्यसमा पनि बोलचालका सरल शब्दहरूको चयन गरिएको छ। प्रस्तुत खण्डकाव्यमा तत्सम शब्दको प्रयोग अधिक छ। खण्डकाव्यमा असमस्त र छोटा-छोटा वाक्यको प्रयोग गरिएको छ। जसले भाषालाई अझ सरल बनाएको छ। काव्यमा सरल शब्द र सरल शैलीको प्रयोग गरिएकोले भाव बोध पनि सहज र सुबोध हुन पुगेको छ। सरल शब्द प्रयोग गरेर पनि उक्त गाउाको चित्रण गर्न खण्डकाव्य सफल भएको छ ।

त्यस्तै प्रस्तुत खण्डकाव्यमा अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोग प्रायः पूरापूर छ जसले काव्यलाई रोचक बनाएको छ। कतिपय ठाउामा सूक्तिमय भाषाको पनि प्रयोग छ। त्यस्तै यसमा आलङ्कारिक भाषाको पनि प्रयोग गरिएको छ तर त्यसले भावबोधमा कठिनता ल्याएको छैन। श्रुतिमधुर शब्दहरूको प्रयोग गरिएकोले माधुर्य गुणको उपस्थिति छ भने सहज भावबोध गर्न सकिने गरी सरल शब्दहरूको प्रयोग गरिएकोले प्रसाद गुण पनि छ। रीतिका दृष्टिले हेर्दा वैदर्भी एवं पाञ्चली रीतिको प्रयोग ज्यादा छ। त्यस्तै प्रस्तुत खण्डकाव्यमा छन्द मिलाउनका लागि विभिन्न ठाउामा ह्रस्वदीर्घको वेवास्ता गरिएको छ भने एकाध ठाउामा शब्दलाई भााचेर पनि प्रयोग गरिएको छ। त्यस्तो प्रयोगले भावबोधमा अवरोध पैदा नभएकोले व्याकरणगत रूपमा गल्ती भए पनि अक्षम्य गल्ती भने भएको छैन ।

निष्कर्षमा भन्दा यस काव्यमा श्रृङ्गार रसको परिपाकता, लक्षणामूलध्वनि, प्रकृतिको मानवीकरण, प्रसादगुणको काव्यभरि नै विद्यमानता, ओज तथा माधुर्य गुणको प्रबलता, वर्णनशैलीको कुशलता, परिष्कारपूर्ण शब्दप्रयोग, आत्मपरक प्रकृतिचित्रण, राष्ट्रप्रेम तथा

मानवतावादका साथै सरल शब्दहरूको प्रयोग, अन्त्यानुप्रासयुक्त भाषाको आलङ्कारिक एवं सूक्तिमय भाषाकाव्य सुहाउादो अलङ्कार, छन्द रीति, रसादिको सुमधुर प्रयोग तथा सरल र सहज भाषाशैलीको प्रयोगले गर्दा यो खण्डकाव्य विशिष्ट स्थान ओगट्न सफल भएको छ ।

### ४.६.२ गुण

निश्चित वर्णहरूद्वारा व्यञ्जित हुने रसका आन्तरिक धर्मलाई गुण भनिन्छ । (उपाध्याय, २०५५ : १५०) यी गुण मुख्यतया माधुर्य, ओज र प्रसाद गरी तीन मुख्य छन् । यस नेवारपानी काव्यमा मुख्यतः माधुर्य र प्रसाद गुणको उपस्थिति देखिन्छ । तिनीहरूको चर्चा यस प्रकार गरिन्छ :

(क) माधुर्यगुणः- चित्तलाई पगाल्ने किसिमको भावले युक्त आह्लादलाई माधुर्य भनिन्छ । यो गुण सम्भोगश्रृङ्गार, करुण, विप्रलम्भश्रृङ्गार र शान्तरसमा उत्तरोत्तर बढी रहने मानिन्छ ( विश्वनाथ : ४२७) ।

माधुर्यगुणव्यञ्जक वर्णहरू क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, त, थ, द, ध, न, प, फ, ब, भ, म र ण तथा यिनैमध्येका निरनुनासिक एवं अनुनासिक वर्णहरूको योग हुन् । यस गुणबाट बन्ने समासहीन अथवा दुईपदे समासयुक्त पदरचना वैदर्मी रीतिको आधार हुन्छ । नेवारपानीको निम्न पद्यमा यसको सत्ता देखिन्छ :

स्वर्गीय आनन्द दिने छ, गाउा,
नेवारपानी जसको छ नाउा ।
जो सृष्टिको सुन्दर शिल्प छुन्छ,
सम्झेर त्यो अन्तरचित्त रुन्छ ॥ (परिवेशः १)

झुल्छन् फली सुन्दर धानवाला,
झुल्छन् फली सुन्दर धानवाला ।
हर्छन् सबैको दिल रूप बाला,
हर्छन् सबैको दिल रूपबाला ॥ (परिवेश : ४)

(ख) प्रसादगुण

सुकेका दाउरामा वा इन्धनमा आगो फैलिएझैं जो सहसा चित्तमा व्याप्त हुन्छ, त्यसलाई प्रसादगुण भनिन्छ । यो सबै रस र रीतिहरूको अनुकूल मानिन्छ (पूर्ववत्) ।

यो गुण वर्णहरूमा आश्रित नभएर सुन्नासाथ वा पढ्नासाथ अर्थबोध हुन सक्ने सरल पद्योजनाद्वारा व्यक्त हुन्छ। उत्कृष्ट प्रसाद गुण प्रायः समासरहित हुन्छ र अर्थबोधका निम्ति अन्वयको मुखापेक्षी हुादैन। नेवारपानीमा यसको स्थिति निम्न पद्यमा पाउन सकिन्छ :

चौतर्फ डाांडाहरू घेरिएको,
खोला र नालाहरू जेलिएको।
प्रासाद हो यो वनकी परीको,
लावण्य, श्रृङ्गार थरीथरीको॥ (परिवेशः २)
धारो, कुवा, पोखरिको मुहान,
गर्छन् यहीा मानव स्नान ध्यान।
जो वेगले छङ्छङिदै बहन्छ,
सुस्ताउनेको यश के रहन्छ॥ (परिवेश : १२)

(ग) ओजगुण

चित्तलाई उत्साहद्वारा विस्तारित पार्ने किसिमको तेजिलो गुणलाई ओज भन्दछन् र यो वीर, वीभत्स र रौद्ररसका निम्ति उत्तरोत्तर रूपमा अनुकूल हुन्छ। (विश्वनाथ, ई. १९१० : ४२७)

ओज -गुण-व्यञ्जक वर्णहरू यी हुन्: क, ग, च, छ, क, त, द, प, ब, को ख, ध, छ, ठ, ढ, थ, फ, भ को संयोग रेफको ऊर्ध्व र अधः संयोग, ट, ठ, ड, ढ को रेफका साथ संयोग अनि 'ण' कारबिनाको क, ष। यस गुणबाट बन्ने लामो समास भएको परुष-रचना गौडी रीतिको आधार मानिन्छ। नेवारपानी खण्डकाव्यमा यो गुणको स्पष्ट उपस्थिति नदेखिएतापनि यसको केही छनक भने पाउन सकिन्छ :

जस्तो -
पक्री निशादानवको कपाल,
हानेर चैतन्यकृपाणधार।
विवेकको नूतनदीप बाली,
नाच्छिन्, सधैा भैरवशक्ति माइ॥ (परिवेशः २७)

४.६.३ 'नेवारपानी' काव्यमा रीतिको स्थिति

आचार्य विश्वनाथले आफ्नो साहित्यदर्पण ग्रन्थमा वैदर्मी, गौडी, पाञ्चाली र लाटी रीतिको चर्चा गरेका छन् । यिनका विचारमा "पदहरूको मेल वा सङ्घटना रीति हो । त्यो अवयवहरूको सङ्गठनजस्तै हुन्छ र त्यसले रस आदिको उपकार गर्छ ।" (विश्वनाथ : ९ परिच्छेद) रीति गुणाश्रित हुने हुादा कुन गुणको आश्रय लिादा कुन रीति बन्छ, यसको सङ्केत पनि विश्वनाथले गरेका छन् । जस्तैः

(क) वैदर्भी

माधुर्य गुणका व्यञ्जक वर्णहरूद्वारा गरिने पद-सङ्घटना वैदर्भी हो र यो समासरहित अथवा अल्पसमासयुक्त हुन्छ (विश्वनाथ : ९ परिच्छेद) । नेवारपानीमा यसको प्रयोग हेरौा :

भुल्छन् फली सुन्दर धानवाला,
भुल्छन् फली सुन्दर धानवाला ।
हर्छन् सबैको दिल रूपवाला,
हर्छन् सबैको दिल रूपवाला ॥ (परिवेश :४)

रातो पछ्यौरी शिरमाथि ओढी,
लचक्क केही तनलाई मोडी ।
यो शैलमा नित्य रहन्छ साथै,
शोभाछरी जग्मग लालुपाते ॥ (परिवेशः ३२)

(ख) गौडी

ओजगुणव्यञ्जक वर्णहरूद्वारा गरिने शब्दाडम्बरपूर्ण पदरचना गौडी हो र यो दीर्घ समासयुक्त हुन्छ (विश्वनाथ : ९ परिच्छेद) । यसको स्थिति नेवारपानी काव्यमा देखिादैन भन्ने समीक्षकहरूको भनाइ छ ।

(ग) पाञ्चाली

माधुर्य र ओजगुणव्यञ्जक वर्णहरूका अतिरिक्त (शेषरहेका) वर्णहरूद्वारा गरिने पदरचना पाञ्चाली हो (पूर्ववत्) । यसमा पााच-छ पदहरूको समास हुन्छ । नेवारपानी काव्यमा यसको स्थिति निम्न पद्यमा पाउन सकिन्छ :

पक्री निशादानवको कपाल,

हानेर चैतन्य कृपाणधार ।
विवेकको नूतनदीप बाली,
नाच्छिन् सधौ भैरवशक्ति माइ ॥ (परिवेश: २७)

(घ) लाटी

वैदर्भी र पाञ्चालीका बीचको पदरचना लाटी हो (विश्वनाथ : ९ परिच्छेद)। नेवारपानी काव्यमा यसको स्थिति :

झुल्छन् फली सुन्दर धानबाला,
झुल्छन् फली सुन्दर धानबाला ।
हर्छन् सबैको दिल रूप बाला,
हर्छन् सबैको दिल रूपवाला ॥ (परिवेश:४)

४.६.४ दाहालका अन्य खण्डकाव्य र 'नेवारपानी' खण्डकाव्य

फुटकर कविता मार्फत् वि.सं. २०२७ सालमा साहित्यक्षेत्रमा पदार्पण गरेका रामहरि दाहाल वि.सं. २०५८ सालसम्म आईपुग्दा नेपाली साहित्यजगत्मा विशिष्ट खण्डकाव्यकारका रूपमा स्थापित हुन पुगे । फुटकर कविताहरूबाट साहित्य सृजनामा निपुर्ण बनिसकेको उनको कलम खण्डकाव्यहरूमा आइपुग्दा निकै सशक्त र प्रभावपूर्ण भएको देखिन्छ। वि.सं २०५८ सालमा एकैचोटि दुईवटा खण्डकाव्य प्रकाशित गरेर सफल खण्डकाव्यकारका रूपमा देखा परेका रामहरि दाहालका खण्डकाव्यहरू निम्निलिखित रहेका छन् :

(क) नेवारपानी (२०५८)

(ख) शान्तिको खोजी (२०५८)

(ग) सावित्री (२०६०)

यहाा अन्य खण्डकाव्यका तुलनामा नेवारपानी खण्डकाव्यको स्थान निर्धारण गर्नुपर्ने भएकाले पहिले उनका अन्य खण्डकाव्यको चर्चा गरिन्छ :

(क) शान्तिको खोजी

वि.सं. २०५७ सालमा नेवारपानी खण्डकाव्य लेखी प्रकाशन नगरी बसेका कवि रामहरि दाहालले पुनः शान्तिको खोजी भन्ने खण्डकाव्य (२०५८) लेखी सागसागै नेवारपानी र शान्तिको खोजी खण्डकाव्य प्रकाशन गरेको देखिन्छ। यो खण्डकाव्य देशको समसामयिक विषयवस्तुलाई आधार बनाई लेखिएको छ। देशमा प्रजातन्त्र प्राप्तिपछि पनि नेताहरूको भ्रष्टाचारले गर्दा देश अवनतितर्फ लाग्छ र त्यसको विरोधमा विरोधी पक्षको जन्म हुन्छ। फलस्वरूप देशमा अशान्त वातावरण सिर्जना भई देश थप सङ्कटमा पर्दछ। यही सङ्कटको समाधानका लागि लेखिएको शान्तिको खोजी खण्डकाव्य सार्थक देखिन्छ। यस खण्डकाव्यबाट शान्तिको अपरिहार्यता पुष्टि हुन्छ।

यो खण्डकाव्य पनि ऐतिहासिक घटना वा पौराणिक नभई राजनैतिक विषयवस्तुसाग सम्बन्धित छ। यो तत्कालिन राजनीतिक अस्थिरता, विषम परिस्थितिलाई नै यस खण्डकाव्यको विषयवस्तु बनाइएको छ। बुद्ध र जनक जन्मेको अवस्थाको नेपालमा लैजान खण्डकाव्यले अहं भूमिका खेलेको छ। यस खण्डकाव्यको पहिलो खण्ड प्रस्ताव हो। यसमा ५४ श्लोक छन्। यहाा मान्छेको स्थितिबारे चर्चा गर्दागर्दै वर्तमान समयमा हाम्रो देशले भोग्न बाध्य हुनुपरेका संताप र समस्याबारे काव्यात्मक मनन गरेका छन्। दोस्रो खण्ड 'उत्तर' हो। यसमा ६३ श्लोक छन्। यो भाग विद्रोही पक्षसाग सम्बन्धित छ भने 'समाधान' यस खण्डकाव्यको अन्तिम भाग हो। यहाा पनि ५४ श्लोक रचिएका छन्। यो भागले समस्याको समाधानको उपाय बताएको छ। यो खण्डकाव्यको मूल उद्देश्य छिटो शान्ति स्थापना हुनुपर्नेमा केन्द्रीत रहेको देखिन्छ।

यस खण्डकाव्यको अङ्गीरस शान्तरस हो भने उपजाति छन्दको प्रयोग गरिएको छ। उपमा, रूपक, उत्प्रेक्षा आदि अलङ्कारको भूमिका रहेको यो काव्य उत्कृष्ट खण्डकाव्यका रूपमा मान्न सकिन्छ।

(ख) सावित्री

यो खण्डकाव्य कवि रामहरि दाहालको तेस्रो रचना हो। कविकी धर्मपत्नीको अल्पआयुमा मृत्यु भएकाले लेखिएको यो स्मृतिकाव्य वि.सं. २०५८ मा रचना भए पनि यसको प्रकाशन चाहि वि.सं. २०६० वैशाखमा भएको हो। पत्नीको संझनामा नै लेखिएकाले होला सायद काव्य नारीवादी तीखो सम्झनाको ज्वलन्त उदाहरण बन्न पुग्नु। यस खण्डकाव्यको लेखन प्रेरणा स्वयं कविकी सहधर्मिणी स्वर्गीय सावित्री दाहाल हुन्। उनकै सम्झनामा

लेखिएकाले काव्यको नाम शोककाव्य बन्न पुगेको हो भन्न सकिन्छ । अङ्गीकरण गरिएका र शीर्षक दिइएका ११ वटा खण्ड र अङ्गीकरण नगरिएका तर छुट्टै शीर्षक दिइएका ८ वटा शीर्षक गरी जम्मा १९ वटा शीर्षकमा यस काव्यको कथानक विस्तार गरिएको छ । सुरुको आत्मनिवेदनमा कथावस्तु सङ्केत भएकाले यो सहित यसमा २० शीर्षक मान्न सकिन्छ । पहिलो शीर्षक 'आत्मनिवेदन' हो भने अन्तिम शीर्षक 'दिवङ्गत आत्माको पूर्वशान्तिको कामनासहित प्रस्तुत काव्यबाट विश्रान्ति' हो ।

सावित्री स्मृतिकाव्य खण्डकाव्यको शीर्षक स्वतः प्रष्ट छ किनभने कसैको मृत्युमा लेखिने काव्यलाई शोककाव्य स्मृतिकाव्य वा आाशुकाव्य भन्ने गरेको पाइन्छ । यो खण्डकाव्यको विषय पनि पौराणिक, ऐतिहासिक नभई उत्पाद्य नै हो । यस खण्डकाव्यको मूल रस करुण हो भने नायिका सावित्री नै हुन् । यो खण्डकाव्य सरस, सरल र अलङ्कारले भरिपूर्ण भई पद्य विधामा लेखिएको एक उत्कृष्ट 'शोककाव्य' हो ।

(ग) नेवारपानी

साहित्यको पहिलो चरणका प्रारम्भमा खण्डकाव्यको लेखनमा हात नहालेका कवि दाहाल आफ्नो काव्ययात्राको पछिल्लो चरणमा भने सशक्त रूपमा अगाडि बढेका देखिन्छन् । उनको नेवारपानी खण्डकाव्य वि.सं. २०५७ मा लेखेर वि.सं. २०५८ मार्गमा प्रकाशित भएको पाइन्छ । यस खण्डकाव्यमा कविले आफ्नै गाउा नेवारपानीको परिचय दिादै सुन्दर ढङ्गले उक्त गाउाको सफल चित्र उतारेका छन् । त्यसैले यस खण्डकाव्यको विषयवस्तु कुनै ऐतिहासिक, पौराणिक नभई उत्पाद्य हो । तीन खण्डमा विभाजित यो खण्डकाव्य ग्रामीण संस्कृतिको महत्त्वका साथै गाउाका असीमित प्राकृतिक सौन्दर्यको चित्रणमा केन्द्रित भएको देखिन्छ । यसको पहिलो खण्डको नामकरण परिवेश राखिएको छ भने यसमा १५२ वटा श्लोक रहेका छन् । जसमा गाउाको परिवेशको चित्रण गरिएको छ । दोस्रो खण्डको नामकरण 'स्वरूप' रहेको छ भने यसमा ९६ वटा श्लोकहरू छन् । यहाा गाउाको रूपको वर्णन गरिएको छ । तेस्रो तथा अन्तिम खण्डको नाम 'स्मृतिशेष' हो । यसमा जम्मा ३३ वटा श्लोकहरू छन् । यसमा पहिलेको नेवारपानीको सम्झना गरिएको छ । यो खण्डकाव्य आत्मपरक शैलीमा लेखिएको र यहाा म र नदी, नाला, झरना, हिमाल, लेक, बेसी आदि प्राकृतिक छटालाई पात्र बनाइएको छ । यहाा जन्मभूमिलाई स्वर्ग मानिएको छ । जन्मभूमिप्रति श्रद्धा प्रकट गरिएको छ । त्यसैले यो काव्य जन्मभूमिको मूल जरोको रूपमा रहेको छ भन्न सकिन्छ ।

प्रकृतिचित्रण भएको ठाउामा श्रृङ्गार रस हुन्छ भन्ने शास्त्रीय मान्यतालाई पनि यसले अङ्गीकार गरेको देखिन्छ। त्यसैले यस काव्यको अङ्गी रस श्रृङ्गार हो र नायिका जन्मभूमि हुन् भनी स्वीकार गरिएको छ। यस काव्यमा उपजाति छन्दको प्रयोग र शब्दालङ्कार र अर्थालङ्कारको प्रचुरता भएकाले यस खण्डकाव्यलाई अलङ्कारका दृष्टिले अग्रणी स्थान ओगटेको देखिन्छ  भनी प्रस्तुत गरिएको पाइन्छ।

यसरी प्रस्तुत नेवारपानी खण्डकाव्य कविको प्रथम खण्डकाव्यको रूपमा रहेको भएतापनि यसमा प्रयुक्त विभिन्न अलङ्कारहरूको कारण यो विशिष्ट बन्न पुगेको छ। ग्रामीण परिवेशको चित्रण गर्दै आफ्नो मातृभूमिप्रतिको अगाध स्नेह प्रकट गर्न सफल यो काव्य पद्यकाव्यको रूपमा रहेको छ। कविको प्रारम्भिक काव्य रचना भएतापनि यसमा प्रयुक्त छन्द, अलङ्कार, विम्ब, प्रतीक, रस, भाव आदिका दृष्टिले अन्य खण्डकाव्य भन्दा पृथक, विषयवस्तुका प्रस्तुतिको दृष्टिले पनि यो खण्डकाव्य अग्रणी रूपमा देखिन्छ। काव्य रचनाको पूर्वसन्ध्यामा नै एक सफल खण्डकाव्यको रचना हुनु आफैमा एक विशिष्ट पहिचान बन्न पुगेको छ। त्यतिमात्र नभएर आफ्नो गाउा, आफ्नो समाज, आफ्नो जातिको गौरवमय प्रस्तुतिले पनि यसको वैशिष्ट्य झल्कन्छ। यसका अतिरिक्त यस काव्यमा श्रृङ्गार रसको परिपाकता, लक्षणामूलध्वनि, प्रकृतिको मानवीकरण, प्रसादगुणको काव्यभरि नै विद्यमानताका साथै ओज तथा माधुर्य गुणको पनि प्रबलता, वर्णनशैलीको कुशलता, परिष्कारपूर्ण शब्दप्रयोग, आत्मपरक प्रकृतिचित्रण, राष्ट्रप्रेम तथा मानवतावादका साथै सरल शब्दहरूको प्रयोग, अन्त्यानुप्रासयुक्त भाषाको प्रयोग, आलङ्कारिक एवं सूक्तिमय भाषाको प्रयोग, काव्य सुहाउादो अलङ्कार, छन्द, रीति, रसादिको सुमधुर प्रयोग, सरल र सहज भाषाशैलकिो प्रयोगले गर्दा यो खण्डकाव्य विशिष्ट स्थान ओगट्न सफल भएको छ।

*पाचौं परिच्छेद*

# उपसंहार

प्रस्तुत नेवारपानी खण्डकाव्यको कृतिपरक अध्ययन शोधपत्रलाई जम्मा ५ (पाच) परिच्छेदमा विभक्त गरिएको छ। प्रस्तुत शोधपत्रले नेवारपानी खण्डकाव्यभित्र रहेका तीन भागमा विभक्त (परिवेश, स्वरूप र स्मृतिशेष) शीर्षकभित्र पसी त्यहाा अभिव्यक्त भएका पद्यहरूको खण्डकाव्यात्मक कसीमा अध्ययन प्रस्तुत गरेको छ।

कवि रामहरि दाहालको प्रस्तुत नेवारपानी खण्डकाव्यको कृतिपरक अध्ययनशोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय र यसको रूपरेखा प्रस्तुत गरिएको छ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा नेपाली खण्डकाव्यको परम्परा शीर्षकमा खण्डकाव्यको सैद्धान्तिक स्वरूपको विश्लेषण गरिएको छ। जस अन्तर्गत खण्डकाव्यको सैद्धान्तिक स्वरूप, खण्डकाव्यसम्बन्धी पूर्वीय आचार्यहरूको मान्यता, काव्यसम्बन्धी विश्वनाथीय चिन्तन, पाश्चात्य साहित्यमा खण्डकाव्यको स्वरूप सम्बन्धी चर्चा गर्नुका साथै कविताको मझौला रूपका खण्डकाव्यको चर्चा, खण्डकाव्यका आधारभूत तत्त्वहरूको विश्लेषण गरिएको छ। त्यसैगरी कवितातत्त्वका रूपमा खण्डकाव्यका तत्त्वहरूको अध्ययन र खण्डकाव्यका घटकतत्त्वहरूको पनि चर्चा गरिएको छ। विभिन्न तत्त्वका आधारमा नेपाली खण्डकाव्यको वर्गीकरण गर्दै आधुनिक नेपाली खण्डकाव्यको विकास यात्रालाई पनि यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा कविको सङ्क्षिप्त जीवनीको अध्ययन गरिएको छ। जसमा विवाह र पारिवारिक पृष्ठभूमि, शिक्षा, पेसा, पुरस्कार तथा मानसम्मान र संलग्नता देखाइएको छ भने व्यक्तित्व, संस्कृत कविव्यक्तित्व, कथाकार, निबन्धकार, गजलकार व्यक्तित्वका साथै खण्डकाव्यकार व्यक्तित्वका रूपमा चिनाइएको छ। साथै दाहालको साहित्ययात्रा र काव्यात्मक प्रवृत्तिहरूको पनि यथासंभव चर्चा गरिएको छ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा मूलशीर्षक अर्थात् 'नेवारपानी खण्डकाव्यको कृतिपरक अध्ययन' शीर्षकमा यसको विभिन्न तत्त्वका आधारमा विस्तृत अध्ययन गरिएको छ जुन यो शोधपत्रको प्रतिपाद्य विषय पनि हो। जसमा खण्डकाव्यको रचनाकाल र प्रकाशन, विषयवस्तुको स्रोत, शीर्षक चयनका अतिरिक्त खण्डकाव्यको पहिलो आधारभूत तत्त्व अनुभूतिको आख्यानीकरण र दोस्रो आधारभूत तत्त्व प्रबन्धविधानका दृष्टिले यस काव्यको

विश्लेषण प्रस्तुत गरिएको छ। त्यसपछि खण्डकाव्यका घटक तत्त्वहरूका आधारमा यसको विस्तृत अध्ययन गरिएको छ। यसका साथै नेवारपानी भित्र गुण र रीतिको स्थितिको चर्चा गर्दै दाहालका अन्य खण्डकाव्यका तुलनामा नेवारपानी काव्यको विशिष्टताको स्वरूप पहिल्याउने प्रयास गरिएको छ।

प्रस्तुत परिच्छेदमा विश्लेषण गरिएको नेवारपानी (२०५८) खण्डकाव्य कवि दाहालको पहिलो खण्डकाव्यात्मक कृति हो। दाहालद्वारा लिखित नेवारपानी खण्डकाव्य कविको आफ्नै जन्मस्थललाई विषयवस्तु बनाई लेखिएको खण्डकाव्य हो। यस खण्डकाव्यमा काव्यकारले आफ्नो गाउा नेवारपानीलाई चिनाउने प्रयास गरेका छन्। यो उक्त गाउाको चित्रण गर्ने काव्यमात्र नभई सम्पूर्ण नेपाली गाउाले परिवेशलाई प्रतिनिधित्व गर्ने खण्डकाव्य हो।

प्रस्तुत खण्डकाव्यमा काव्यकारले आफ्नो गाउा प्रति स्नेह र सम्मान प्रकट गरेका छन्। जीवनयापनका क्रममा आफ्नो जन्मभूमिलाई छोड्न बाध्य भएपनि काव्यमार्फत् कविले नजिकिने प्रयत्न गरेका छन्। आफ्नो भौतिक शरीरलाई उक्त गाउामा पुऱ्याउान नसके पनि काव्यमार्फत् सो गाउाको प्रत्येक कुनाकाप्चामा विचरण गर्न पुगेका छन्। यसमा उनले नेवारपानी गाउालाई एक सुन्दर र रमणीय गाउाको रूपमा चित्रण गरेका छन्।

प्रस्तुत खण्डकाव्यलाई तीन खण्डमा विभाजन गरी उक्त गाउाको वर्णन गरिएको छ। पहिलो खण्ड 'परिवेश'मा नेवारपानी गाउाको परिवेशको चित्रण गरिएको छ। यस खण्डमा नेवारपानी नाम कसरी रह्यो भन्ने कुराको जानकारी पनि दिइएको छ। चर्चाको क्रममा उक्त गाउालाई अत्यन्त सुन्दर र रमणीय गाउाको रूपमा चित्रण गर्दै यस्तो गाउा अन्यत्र कतै पनि छैन भन्दै अधिक प्रशंसा गरिएको छ जसलाई कविको जन्मभूमिप्रतिको अगाध स्नेह हो भन्न सकिन्छ। यसको दोस्रो खण्ड 'स्वरूप' मा नेवारपानी गाउाको स्वरूपको चर्चा गरिएको छ। यसको प्रारम्भमा धादिङ नाम कसरी रहन गयो भन्ने कुराको जानकारी दिइएको छ। त्यसपछि उक्त गाउाको सविस्तार चर्चा छ। यस खण्डमा नेवारपानी गाउाको घरघरको चर्चा गर्दै त्यहााका मानिसहरू के के गर्छन्, कुन-कुन पेशामा आबद्ध छन्, के-कस्ता जातजातिको बसोबास छ आदि सम्पूर्ण कुराको वर्णन गरिएको छ। यस खण्डमा उक्त गाउाको सूक्ष्म विश्लेषण गरिएको छ। यसको तेस्रो तथा अन्तिम खण्ड 'स्मृतिशेष' मा उनले उक्त गाउाको स्मरण गर्दै पहिलेको र अहिलेको नेवारपानी गाउाको तुलना गरेका छन्। पहिले जस्तो थियो त्यस्तो नभई केही विकृति, विसङ्गतिले छोएकोमा चिन्ता पनि व्यक्त गरेका छन् अन्त्यमा नेवारपानी गाउा पहिलेकै जस्तो होस् भनी कामना पनि गरेका छन्।

प्रस्तुत खण्डकाव्य प्रकृतिको चित्रण गरिएको एक सशक्त खण्डकाव्य हो। यसमा नेवारपानी गाउाको त चित्रण गरिएको छ नै त्यसका अतिरिक्त मानिसमा व्याप्त स्वार्थीपना तथा अहंताको निन्दा पनि गरिएको छ। मानिसहरू भौतिक सुविधाको खोजीमा गाउाबाट पलायन हुने प्रवृत्तिदेखि चिन्ता व्यक्त गरिएको छ। मानिस सुखको खोजीमा गाउाबाट सहर, सहरबाट राजधानीतर्फ तथा राजधानीबाट विदेश पलायन हुने क्रम बढ्दै गएको छ, त्यस्तो भयावह क्रम रोकिनुपर्छ भन्ने सन्देश काव्यले दिन खोजेको छ। नेपाल गाउानै गाउाले भरिएको देश हुनाले गाउाको विकास भएमात्र देशको विकास हुने तर्फ काव्यले सचेत गराएको छ। त्यस्तै मानिस के केन होला भनी सहर पस्छ तर गाउामा जस्तो स्वच्छ, सफा वातावरण, सहयोगी बानी, परोपकारको भावना, स्वच्छ मन, आदि केहि पनि पाउादैन, केवल आडम्बर, अकर्मण्यता, स्वार्थी प्रवृत्ति र असहयोग पाउाछ तैपनि सहरिया बन्न किन लालायित हुन्छ ? यस्तो बन्नु ठीक होइन भन्ने सन्देश पनि काव्यले दिन खोजेको छ।

प्रस्तुत खण्डकाव्यमा काव्यकारको कवित्व निर्धक्कसाग बगेको छ। कवित्वले विचारलाई कतै पनि थिचेको छैन। कवित्वभाव सहजरूपमा नै अभिव्यक्त भएको छ। खण्डकाव्यमा आत्मपरक प्रकृति चित्रण, राष्ट्रप्रेम तथा मानवतावाद देखापर्छ। खण्डकाव्य उद्देश्य प्राप्तिमा सफल भएको छ। परिष्कारपूर्ण शब्दप्रयोग खण्डकाव्यमा भेट्न सकिन्छ। निष्कर्षमा भन्दा प्रस्तुत खण्डकाव्यमा सरल शब्दहरूको प्रयोग, अन्त्यानुप्रासयुक्त, आलङ्कारिक एवं सूक्तिमय भाषाको प्रयोग, यथोचित गुण रीति, रस आदिको प्रयोग, सरल र सहज भाषाशैलीको प्रयोग आदि विशिष्ट गुणहरूको प्रयोगका कारण खण्डकाव्य उत्कृष्ट बन्न पुगेको छ।

प्रस्तुत शोधपत्रको अन्तिम शीर्षक/परिच्छेद उपसंहार हो। जसभित्र सबै शीर्षक अन्तर्गतका मुख्य-मुख्य वर्णनीय विषयको झलक दिनुका साथै नेवारपानी खण्डकाव्य एक उत्कृष्ट सामाजिक खण्डकाव्य हो भन्ने कुरा प्रस्तुत गरिएको छ।

# सन्दर्भसामग्रीसूची


अभिनवगुप्त, (ई. १९६५) ध्वन्यालोकलोचनटीका, विश्वेश्वर (सम्पा.), वाराणसी : जगन्नाथ पाठक, तृ.प. ।

अधिकारी, हेमाङ्गराज, (२०३५) पूर्वीय समालोचना सिद्धान्त (दो.सं.), काठमाडौ : साझा प्रकाशन ।

अर्याल, गोकर्ण (२०५८) 'दाहालको नेवारपानी एक चर्चा, गोरखापत्र (चैत्र १७, २०५८), पृ. ६ ।

अवस्थी, महादेव, (२०६१) लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, काठमाडौा : एकता बुक्स ।

आचार्य, मेघनाथ, (२०६४) कवि रामहरि दाहालद्वारा रचित "नेवारपानी' खण्डकाव्यमा अलङ्कार विधान, अप्रकाशित स्नातक तहको शोधपत्र, वाल्मीकि विद्यापीठ : काठमाडौा ।

आचार्य, शरद्चन्द्र, (२०३६) नेपाली खण्डकाव्यको सर्भेक्षण, अप्रकाशति एम्.ए. शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

आनन्दवर्धन, (ई. १९५३), ध्वन्यालोक, वनारस : चौखम्बा संस्कृत सिरिज, तृतीय - परिच्छेद ।

उपाध्याय, केशवप्रसाद, (२०५५) पूर्वीय साहित्य सिद्धान्त (ते.सं.), काठमाडौा : साझा प्रकाशन ।

उपाध्याय, बलदेव, (सम्पा.) (ई. १९६६), अग्निपुराण, वाराणसी, अध्याय ३३६ - ३४६ ।

गैरे, ईश्वरीप्रसाद, (२०६०) आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, कीर्तिपुर : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

गौतम, कृष्ण (२०५८) "नेवारपानीमाथि एक समीक्षात्मक बयान', भूमिका, नेवारपानी, काठमाडौा : नेपाल प्रतिभा उन्नयन प्रतिष्ठान ।

ज्ञवाली, हेमराज, (२०५८) 'नेवारपानीभित्र एकछिन रमाउादा', कान्तिपुर दैनिक (माघ १७ बुधकार) पृ. ५ ।

तिमल्सिना, मोहनप्रसाद, २०६०), 'सावित्री स्मृतिकाव्यका स्मरणीय पक्षहरू', सङ्गालो मासिक (वर्ष ३, अङ्क ३ माघ) पृ.

त्रिपाठी, वासुदेव, (२०३०) पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, काठमाडौं : साझा प्रकाशन ।

__________ , (२०३२) नेपाली कविताको सिंहावलोकन, काठमाडौं : साझा प्रकाशन ।

__________ , र अन्य, (सम्पा.) (२०४६) नेपाली कविता भाग - ४, काठमाडौं : साझा प्रकाशन ।

दण्डी, (सं. १९३४), काव्यादर्श, (सम्पा. जीवानन्द विद्यासागर), स्वोपज्ञविवृतिसहित, कलकत्ता : विनायक प्रेस ।

दाहाल, रामहरि, (२०५८) नेवारपानी, काठमाडौं : नेपाल प्रतिभा उन्नयन प्रतिष्ठान ।

__________ , (२०५८) शान्तिको खोजी, ऐजन ।

__________ , (२०६०) सावित्री, काठमाडौं : सृजना, प्रभा, प्रतिभा, सुधा, सुजाता र प्रसन्न दाहाल ।

दीक्षित, अप्पय, (सन् १९६३), कुवलयानन्द, डा. भोलाशंकर व्यास (सम्पा.), वाराणसी : चौखम्बा संस्कृत पुस्तकालय ।

पराजुली, ठाकुर, (२०५६) नेपाली साहित्यको परिक्रमा (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।

प्रोखेल, बालकृष्ण र अन्य, (सम्पा.) (२०५५) नेपाली बृहत् शब्दकोश, काठमाडौं : ने.रा.प्र.प्र. ।

बर्मा, धीरेन्द्र, (२०२०) हिन्दी साहित्यकोश-१, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

भट्टराई, गणेशप्रसाद, (२०६३) रामहरि दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित एम्.ए. शोधपत्र त्रि.चन्द्र बहुमुखी क्याम्पस, घण्टाघर, काठमाडौं ।

भट्टराई ध्रुव (२०५८), 'शान्तिको खोजी र नेवारपानीभित्रको थप खोजी' उन्नयन त्रैमासिक ( अङ्क ४२, माघ- फागुन - चैत्र), उन्नयन प्रकाशन, अनामनगर, पृ. ८५ - ९१ ।

__________ , (२०६२) 'सावित्री स्मृतिकाव्यको सङ्क्षेपीकरण', उन्नयन त्रैमासिक (अङ्क ५१ वैशाख - जेठ - असार), उन्नयन प्रकाशन, अनामनगर, पृ. ५३ - ६१ ।

भण्डारी, शरद्चन्द्र, (२०६१), 'पवित्र गायत्री सावित्री', मिर्मिरे मासिक (वर्ष ३३, अङ्क ७ कात्तिक), नेपाल राष्ट्र बैंक बैंकर्स क्लब, थापाथली, पृ. ११५ - १६ ।

भामह, (ई. १९६२), काव्यालङ्कार, देः (सम्पा.), पटना : विहार - राष्ट्रभाषा परिषद्, प्रथम परिच्छेद ।

मम्मट, (ई. १९५१), काव्यप्रकाश, बनारस : चौखम्बा संस्कृत पुस्तकालय ।

राजशेखर, (सन् १९५४), काव्यमीमांसा, पटना : विहार - राष्ट्रभाषा परिषद् ।

रिसाल, राममणि, (२०५२) नेपाली काव्य र कवि, काठमाडौं : साझा प्रकाशन ।

रुद्रट, (१९६६), काव्यालङ्कार, नमिसाधुरचित टीकासहित, रामदेव शुक्ल (सम्पा.), वाराणसी : चौखम्बा संकृति सिरिज ।

रेग्मी, नरेन्द्र (सम्पा.), 'सावित्री स्मृतिकाव्य : छोटो चर्चा', आासुको सुसेली (वर्ष ८, अङ्क ८ असार), कर्मचारी मिलन केन्द्र धादिङ (वार्षिक मुखपत्र), पृ. ७१ - ७६ ।

लामिछाने, नवराज, (२०६४), कवि रामहरि दाहालद्वारा रचित 'सावित्री' स्मृतिकाव्यमा करुण रसको अध्ययन, अप्रकाशित स्नातक तहको शोधपत्र, वाल्मीकि विद्यापीठ, काठमाडौं ।

विश्वनाथ, (ई. १९१०) साहित्यदर्पण, मुम्बई : निर्णयसागर प्रेस, ६ - ९ परिच्छेद ।

शर्मा, बालचन्द्र, (२०५७) नेपाली शब्दकोश (दो.सं.), काठमाडौं : सृष्टि प्रकाशन ।

शर्मा, सोमप्रसाद, (२०५९) नेपाली कविता - काव्य, काठमाडौं : एम्. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी ।

सिग्द्याल, सोमनाथ, (२०२८) साहित्य - प्रदीप (दो.सं.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, अभि, (सम्पा.) (२०३९) पच्चीस वर्षका नेपाली कविता, काठमाडौं : ने.रा.प्र.प्र. ।


सृजना, (२०५८) 'नेवारपानीको विमोचन' मधुपर्क (वर्ष १४, अङ्क १०) पृ. १०९ ।

..............., (२०५८) 'दाहालका दुई खण्डकाव्य', नेपाल समाचारपत्र दैनिक (माघ १३ शनिवासरीय) पृ. ४ ।

...................., (२०५९) 'दाहालको पहिलो खण्डकाव्य नेवारपानी', मधुपर्क (अङ्क १, पूर्णाङ्क ३९६), पृ. ५७ ।

# परिशिष्ट

## अनुसन्धानका क्रममा शोधार्थीले शोधनायकसाग लिएको अन्तर्वार्ता



zf]wgfos /fdxl/ bfxfn

सर्वप्रथम कविज्यूको जन्मस्थान, बाल्यकाल र शिक्षाका सम्बन्धमा सङ्क्षिप्त जानकारी गराइदिनहुन अनुरोध गर्दछु ।

धादिङ जिल्लाको नेवारपानी गाउामा जन्म भएको यो व्यक्तिलाई रामहरि भनेर यसका पिताले बोलचालको नाम राखेका थिए । यही नाम नै रचनामा, प्रशासनमा र नागरिकतामा रहेको छ । बाल्यकाल यसले सुनौलाबजार गा.वि.स. अन्तर्गतको नेवारपानी गाउामा धुलोमा लुटपुटिएर कोदो मकै खाएर झुत्रामुत्रा लुगा लगाएर बिताएको छ । कालोपाटीमा रातोमाटो राखेर छेस्काले अक्षर चिन्दै अक्षरारम्भ गरेको यो किशोर नेवारपानीमा केही सक्रिय युवाहरूले स्थापना गरेको संस्कृत माध्यमिक विद्यालयमा दस वर्षको उमेरमा भर्ना हुन पुग्यो । त्यसभन्दा अघि विष्णुदत्त लम्सालसाग यसले अक्षर चिन्नुका साथै प्राथमिक शिक्षा पनि प्राप्त गरेको थियो । बाल्यकालमै अमरकोश, चण्डी, रुद्री, कण्ठस्थ गराउने काम पिता लीलानाथ दाहालले गराउनुभयो । जुन पछि संस्कृत अध्ययन-अध्यापन गर्दा काम लागिरहेको छ ।

संस्कृत माध्यमिक विद्यालय धादिङ नेवारपानीबाट प्रथमा परीक्षा उत्तीर्ण गरेपछि राजधानीको तत्कालीन संस्कृत प्रधान पाठशाला रानीपोखरीमा १५ वर्षको उमेरमा कक्षा नौ (९) मा भर्ना भई त्यहीाबाट वि.सं. २०२६ मा पूर्वमध्यमा पूरा गरेको हो । २०३० मा राजकीय - संस्कृत- महाविद्यालय काठमाडौाबाट साहित्यशास्त्री, त्रि.वि. संस्कृत अध्ययन संस्थान वाल्मीकि विद्यापीठबाट साहित्याचार्य उत्तीर्ण गरेको हो । नेपाली विषयमा स्नातकोत्तर अध्ययन गर्न लागे पनि पारिवारिक कारणवश सो पूरा हुन सकेन । अङ्ग्रेजी शिक्षा, वेदान्तदर्शनको स्वाध्याय यत्किञ्चित् मात्रामा भएको छ ।

शिक्षाआर्जन गर्ने क्रममा के - कस्ता कठिनाइको सामना गर्नुपर्‍यो ?

निम्न-मध्यमवर्गीय परिवारको व्यक्ति भएकाले पैसाको खााचो सधैाजसो नै परिरह्यो । पिताजी अदालमा तहविल्दार जागिरे भए पनि परिवार ठूलो भएकाले र जग्गा जमिन कम भएकाले त्यसमा पनि काम गर्ने युवाशक्ति नरहेकाले सामान्य दुई छाकको गुजारा मात्र चलेको हुन्थ्यो । पैसा बचत हुादैनथ्यो । त्यही हुादा उहाा हामीलाई पैसा दिन सक्नुहुन्नथ्यो ।

काठमाडौंा आएको नौ महिनापछि तीनधारा संस्कृत छात्रावासमा भर्ना भई पढ्न थालियो। सामान्य रूपमा बिहान बेलुका खान मिले पनि लुगाफाटो, औषधोपचार, यातायात खर्च आदिका लागि छुट्टै काम गर्न पर्ने परिस्थिति थियो। यसरी काम गर्दै पढ्दा केही न केही कठिनाइ पऱ्यो नै। यसैकारण अरू विषयमा यसले अपेक्षित प्रगति गर्न सकेन। प्रमाणपत्र र स्नातक तहमा एक तहलाई तीन वर्षभित्र उत्तीर्ण गर्नैपर्थ्यो। त्यसो नभएमा छात्रावास गुम्दथ्यो। छात्रावास गुमेमा पढ्न नसक्ने ठानेकाले संस्कृतकै आफ्नो विषयमा समय दिन भ्याए पनि अरू विषयमा उति समय दिन सकिएन। त्यो घिड्किसो अहिलेसम्म पनि मनमा छादैछ। मुख्य गरी आवासीय विद्यालय ९ह्यबचमष्लन क्अजययि० मा दिउासोको अतिरिक्त समयमा पढाउने काम गरेर आवश्यक खर्चको व्यवस्था गरिएको थियो।

तपाईंको साहित्यसाधना विशेष गरी कुन कुन विधामा रहेको छ ?

साहित्य साधनाको सम्बन्धमा भन्नुपर्दा म त्यस्तो साधक होइन नै भन्नुपर्छ। तैपनि संस्कृत साहित्यको एक विद्यार्थी भएको नाताले अलिअलि कविता, निबन्ध र समालोचनातर्फ कलम चलाउाथे। मेरा छापिएका र नछापिएका  रचनामा कविता नै बढी पर्छन्। निबन्ध पनि केही प्रकाशित छन्। अप्रकाशित निबन्ध धेरै नै छन् जो पाण्डुलिपिमै थन्किइरहेका छन्। पुस्तकाकारका रूपमा तीनवटा खण्डकाव्य प्रकाशित छन्। एउटा शोकमा आधारित छ। पत्नीवियोग नै त्यसको केन्द्रीय वस्तु भएको छ - त्यो हो सावित्री स्मृतिकाव्य। शान्तिस्थापनामा जोड दिएको काव्य - शान्तिको खोजी हो भने जन्मथलोलाई सम्झनामा उनेको काव्यपुष्प नेवारपानी हो। केही निबन्ध गोरखापत्र, ऋतम्भरा, हिमालय टाइम्स, उन्मेष, गणेशगुञ्जन, म्याग्दीमुखपत्र आदिमा प्रकाशित छन्।

कथा दुईवटा मात्र प्रकाशित छन् भने गजलको प्रकाशन सङ्ख्या एक रहेको छ। संस्कृतमा सयजति शीर्षकमा कविता लेखे पनि केवल चारवटा मात्र प्रकाशित भएका छन्। नेपालमा संस्कृतमा निस्कने पत्रिका नभएकाले ती प्रकाशित नभएका हुन्।

यहााले खण्डकाव्यमा कलम चलाउनुको उद्देश्य के हो ?

खण्डकाव्यले नाम अनुसार नै सानो काव्य हो भन्ने बुझाउाछ। महाकाव्यमा कुनै पनि एक विषयवस्तुको साङ्गोपाङ्ग विवेचना हुन्छ भने खण्डकाव्यमा कुनै निश्चित विषयको विवेचना गरिन्छ। "खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारि च" भन्ने विश्वनाथको भनाइले पनि यही कुराको सङ्केत गरेको छ। महाकाव्य सिद्धहस्त नभई रसपरिपाकता नआई प्रखरव्युत्पत्ति नभई लेखिने काव्य होइन भने खण्डकाव्य श्लोकसङ्ख्या थोरै हुने, पढ्न समय

कम लाग्ने, पाठकको समय पनि कम लिने, निश्चित विषयलाई थोरै पद्यमा पनि देखाउन सकिने विधा भएकाले खण्डकाव्यतर्फ आकृष्ट भएको हुा ।

खण्डकाव्य भन्दैमा यसको कलेवर सानो हुन्छ भन्दैमा खण्डकाव्यलाई न्यून मूल्याङ्कन गर्न सकिन्न कारण यसमा पनि कविको दक्षता महाकाव्यस्तरकै रचना निर्माणमा प्रयोग भएको हुन्छ । महाकाव्य जत्तिकै रसमयता, आस्वादजनकता, पाठकको मर्मस्पर्शिता खण्डकाव्यमा पनि आवश्यक पर्दछ। त्यसैले पूर्वीय आचार्यहरू भन्छन् - “अमरुकस्य कवेरेकं पद्यं प्रबन्ध शतायते” अमरुक कविले सय श्लोकको अमरुशतक बनाए तर श्लोक कमै भए पनि त्यहााको प्रत्येक श्लोकहरू प्रत्येक महाकाव्य भएर रहेका छन्। काव्यपारखी समाजमा यो काव्य कालजयी रूपमा सम्मानित छ । यस्तै मकाकवि कालिदासको मेघदूत, पण्डितराज जगन्नाथको गङ्गालहरी, बाणभट्टको चण्डीशतक, मयूरकविको मयूरशतक महाकाव्यस्तरकै उत्कृष्ट खण्डकाव्य रहेका छन् । त्यसै हुनाले खण्डकाव्यबाट पनि आफ्नो अभिप्राय पाठकमा पुऱ्याउन सकिने ठानेर खण्डकाव्यमा हात हालेको हुा ।

पूर्वीय संस्कृत वाङ्मयमा खण्डकाव्यको चर्चा कम हुनुमा कारण के हुनसक्छन् ?

पूर्वीय कविहरू साहित्यमा रातोदिन समर्पित रहे। सरस्वतीको आराधनामा समय बिताउादा उनीहरू प्रसन्न रहन्थे। ‘मेघे माघे गतं वयः’ मेघदूत र माघकाव्य पढ्दा उमेर बित्यो, तैपनि आस्वादले अघाउन सकिएन भनेर उनीहरूले भनेका छन्। योग्यता पुगेका साधकहरू महाकाव्यमै अघि बढे। योग्यता नपुगेकाले आफ्ना कृति बाहिर जनसमुदायसामु सार्वजनिक गर्न रुचाएनन्। “नाटकान्तं कवित्वं” भनेझैं नाटक मनोरञ्जनात्मक दृश्य विधा भएकाले त्यतापट्टि र महाकविकै नाम लेऔा भनी महाकाव्यपट्टि नै मनीषीहरूको ध्यान गयो, खण्डकाव्यमा गएन । बााकटे हान्न पर्याप्त ठाउा पुग्ने भएकाले पारखी र दक्ष पौडीबाज जसरी पोखरीमा पौडन रुचाउादैन, नदीनाला र ठूला जलाशयमा नै फाल हाल्न रुचाउाछ, त्यस्तै पौरस्त्य काव्यकारहरूले पनि महाकाव्य रचनापट्टि नै मन दिएको हुनुपर्छ ।

नायक-नायिकाको चरित्र विशदरूपमा बाहिर नआउने, प्रकृतिका विविध पाटा जस्तो कि- हिमाल, नदी, समुद्र, डााडाकााडा, लहलह बालीले भरिएका खेतका पाटा, पुष्पोद्यान आदिमा विस्तृत चर्चा गर्न खण्डकाव्यमा ठाउा पुग्दैन। यो स्वल्पकाव्यको विधा हो। तिनै कारणले होला पूर्वका मनीषीहरूले खण्डकाव्यपट्टि चाहिादो मात्रामा कलम चलाएनन् । खण्डकाव्य कम रचिएपछि समालोचकहरूले यसलाई परिचय दिने काम पनि कम नै गर्ने भए । यही हेतु पूर्वीय

समीक्षकहरूले खण्डकाव्यको सम्बन्धमा कमै मात्र लेखे। तैपनि पूर्वका समीक्षकहरूले खण्डकाव्यलाई सानो विधा भनेर हेपेका भने छैनन् नै भन्नुपर्छ।

'नेवारपानी' खण्डकाव्य कस्तो किसिमको रचना हो ?

नेवारपानी खण्डकाव्य प्राकृतिक विषयवस्तुलाई आधार बनाएर रचना गरिएको खण्डकाव्य हो। "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" भन्ने भनाइलाई आत्मसात गरी अनेकौ कारणवश जन्मभूमिमा बस्न नमिलेको बाध्यतालाई पोख्ने माध्यमको रूपमा सृजित काव्यविधा हो। डाँडाकाँडा, खोलानाला सबै उस्तै हुन्छन्, रूप उस्तै हुन्छन् तर ममता र आत्मीयता बढी रूपमा हुर्के खेलेकै माटामा झाङ्गिदो रहेछ। अन्यत्रको प्रकृतिले पनि प्रभाव पार्छ र अमिट प्रभाव आफ्नै जन्मथलोले पार्दो रहेछ। त्यसैको एक झल्को मात्र हो यो खण्डकाव्य। मानिस प्रकृतिप्रेमी भएकाले, प्रकृति भन्नु उसको आफ्नै स्वरूप र ऊ स्वयं पनि प्रकृतिकै सृष्टिमा रहेकाले पनि प्रकृतिप्रति उसको झुकाव हुनु अस्वाभाविक हुँदैन। मान्छेले प्रकृति प्रेम गर्छ भन्नु, कवि प्रकृतिप्रेममा लट्ठिन्छ भन्नु आफूले आफैलाई प्रेम गर्नु हो। प्रकृतिबाहिर कोही पनि हुँदैन सिवाय वेदान्तले बताएको ईश्वरबाहेक। ऊ पनि माया (प्रकृति) कै सहाराले सृष्टिस्थिति संहार गर्छ भनिन्छ। यस अर्थमा प्रकृतिसाग ऊ पनि सम्बन्धित छ। यसो हुनाले प्रकृतिभन्दा बाहिर केही पनि र कोही पनि छैन नै भन्नुपर्छ। त्यही हुनाले यो काव्य प्रकृतिमै केन्द्रित बन्न पुगेको छ।

यो खण्डकाव्य सामाजिक परिवेशसाग सम्बन्धित पनि छ, कारण समाजमा हाल आएर अपेक्षित संयम, सहयोग, उदारता र विश्वास कम हुन थालेको आभास मिल्दैछ। यो राम्रो लक्षण हुन सक्दैन। आफ्नो भूमिमा विश्वास नभएर विदेशी भूमिमा विदेशीको नोकर भन्न लालायित हुने प्रवृत्ति एकप्रकारको आत्मविनाशकारी प्रवृत्ति हो त्यो दुरुत्साहित हुनुपर्छ भन्ने सन्देश स्मृतिशेषले दिएको छ। यस हेतु यो काव्य सामाजिक परिवेशको यत्किञ्चित् सूचक पनि छ भन्न सकिन्छ।

यस खण्डकाव्यको मूल्याङ्कन कुन रूपमा हुनुपर्छ भन्ने जस्तो लाग्छ ?

नेवारपानीलाई एक सामान्य खण्डकाव्यको रूपमा पाठक र बौद्धिकवर्गले हेरिदिएमा अनुगृहित हुने लेखकीय आशय छ। यत्किञ्चित् सामाजिक र प्राकृतिक परिवेशलाई झल्काउने, जन्मभूमिप्रति व्यक्तिलाई आफ्नो दायित्व सम्झाउने सन्देशबाहक काव्यको रूपमा नेवारपानी काव्यलाई लिइनु सान्दर्भिक हुन जानेछ। ऋतुविचार, प्राकृत-पोखरा, पिकदूत,

सत्यकलिसंवाद, बुद्धिविनोदजस्ता काव्यकै कोटीमा हेरिदिनु अथवा यी भन्दा केही कम मूल्याङ्कन गरिए पनि धेरै कम मूल्याङ्कन नगर्न सान्दर्भिक हुने देख्दछु ।

खण्डकाव्यको सम्बन्धमा कविज्यूको सैद्धान्तिक अवधारणा के-कस्तो बनेको छ ?

खण्डकाव्य आकारको दृष्टिले सानो भए पनि भावकवर्गलाई यसले पार्ने प्रभाव कम हुन नहुने मान्यतामा लेखक अडेको छ, भलै त्यसलाई पूर्णतः परिपूर्ति गर्न लेखकले नसकेको किन नहोस्, कविको हृदयपक्ष गाासिने भएकाले, समाजको ध्यान तानिने भएकाले र बौद्धिक वर्ग एवं मध्यमवर्गको दृष्टि पनि यसमा पर्न जाने भएकाले खण्डकाव्यले समय र समाजको प्रतिनिधित्व गर्न सक्नुपर्छ भन्ने लेखकीय अवधारणा रहेको छ । जस्तै मेघदूत सानै कलेवरको भए पनि उसले प्रेमको दिव्यसन्देश प्रवाहित गर्न पूर्णतः सफल भएको छ । यस अर्थमा कुनै महाकाव्यभन्दा त्यति कमी सौन्दर्यमा मेघदूतलाई मूल्याङ्कन गर्नु अपमान गरे सरह हुन जान्छ । त्यसैले आकारलाई हेरेर होइन गुदीलाई हेरेर मूल्याङ्कन गर्नुपर्दा खण्डकाव्य महाकाव्यकै एक सानो रूप हो र यस्तै हुनुपर्छ भन्ने ठान्दछु ।

शोधप्रयोजनार्थ तपाईंका कृतिहरूको अध्ययन गर्न लागिएकोमा तपाईंको धारणा के छ ?

विश्वविद्यालयहरूले नयाा तथा पुराना लेखकहरूप्रति सम्मान गर्ने शैलीको रूपमा शोधलेखनको परम्परा बसालेको यसले ठानेको छ । प्रसिद्ध स्थापित लेखकलाई अझ प्रसिद्धिमा र लुकेछिपेका प्रतिभालाई बाहिर सार्वजनिक गराउन यस कार्यले ठूलो भूमिका खेल्ने हुादा शोधकार्य हुादै जाने शोधकर्ता र काव्यस्रष्टा दुवैको निम्ति साथै पाठकवर्गको जानकारीको लागि पनि उपयोगी हुन पुग्दछ । यसबाट लेखकीय रचनाको मूल्यनिर्धारण गर्न पनि सहायता मिल्दछ ।

नेवारपानीका कविको सम्बन्धमा भन्नुपर्दा शोधार्थी अध्येताबाट लुकेको सानो प्रतिभाको झिल्कोलाई बल्दो आगोको रूपमा प्रकाशित गराउने जमर्को भएको छ, भन्ने ठान्दछु । यस्ता अनुसन्धान पछिका पिाढीहरूमा चल्दै जाओस् यो साहित्यको श्रीवृद्धिमा सह्रानीय कार्य हुनेछ ।

अन्त्यमा नेपाली साहित्यका पाठकहरूलाई केही भन्न चाहनुहुन्छ कि ?

साहित्य नितान्त रूपमा समाजपयोगी हुनुपर्छ । समाजको मनलाई यसले तुष्टि दिन सक्नुपर्छ । यसमा निर्माणपक्ष, आचारपक्ष, अनुशासनपक्ष, मानवतावादको पोषणका साथै सामाजिक कुरीतिको विरोध हुन सान्दर्भिक ठहर्छ । तर हाल आएर साहित्यका नाममा अश्लीलता, पुराना

संरचना भत्काउने (विनिर्माणवाद) जस्ता प्रवृत्तिले झ्यागिादै गएको परिप्रेक्ष्य देखिादैछ, ठीक छ समन्वयत्माक शैलीले साहित्य अघि बढोस् । छन्दको नाममा ओठ लेप्याउने, प्राच्य आदर्शमा टाउको दु:खाउने, पुरातनपन्थी, अगतिशील, यथास्थितिवादी जस्ता आरोपप्रत्यारोपको परिधिबाट माथि उठेर समाजसापेक्ष क्रान्ति गर्दै साहित्यले अघि बढ्नुपर्छ । जुन कृति पढ्दा पाठकको मानसपटलमा अघि बढ्ने प्रेरणा पनि जाओस्, साथै पुराना पिढीलाई सम्मान गर्दै बढ्ने भावना पनि मौलाओस् । आफ्नो समाजप्रति दायित्वबोध होस्, अन्यायप्रति घृणा होस्, नवनिर्माणमा रुचि रहोस् । समयको गतिअनुसार आफूलाई त्यसमा समाहित गर्दै साहित्य अघि बढोस् । त्यसप्रकारको साहित्य सिर्जनामा लेखक लाग्नु उपयुक्त हुने देख्दछु ।

मिति : २०६६ ।   ।

हस्ताक्षर :